# अध्याय एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक, **दाङ जिल्लाका कक्षा ८ मा अध्ययरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको तुलनात्मक अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोध पत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह एम. एड दोस्रो वर्ष (नेपा. शि. ५९८) पाठ्यांशको उद्देश्य पुरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

नेपाली भाषा शिक्षणको सन्दर्भमा त्रुटि विश्लेषण एक नवीन पद्धति हो । भाषा विचार विनियमको साधन समेत भएकोले यसको प्रयोगमा शुद्धता ल्याउनु अपरिहार्य हुन्छ । त्रुटि विश्लेषण र भाषा शिक्षण बिच घनिष्ट सम्बन्ध छ । एउटाको अभावमा अर्काको शिक्षण अपाङ्ग जस्तै हुन्छ । कुनै पनि बालकले सुरुमा भाषा सिक्दा प्रयत्न र भूलद्वारा सिक्दछ । भाषा सिकाइका क्रममा सिकारुहरूले गरेका त्रुटिहरूको अध्ययनबाट उसको त्यस क्षेत्रमा भएको ज्ञानको अनुमान  गर्न सकिन्छ साथै यसैको माध्यमबाट उक्त व्यक्तिले अझै कुन कुन कुरा सिक्न बाँकी रहेको छ भन्ने कुरा समेत पत्ता लगाउन सकिन्छ ।

भाषा सिकाइका क्रममा विद्यार्थीहरूले के कस्ता किसिमका त्रुटिहरू, के कारणले गर्दछन् ? भनी गरिने अध्ययन विश्लेषणले ती त्रुटिहरूको निराकरण गर्न महत्वपूर्ण सहयोग गर्दछ । विद्यार्थीका कमी कमजोरीका बारेमा जानकारी नलिदासम्म त्रुटिहरूको अध्ययन गरी त्रुटिका किसिम र प्रकृतिहरू थाहा नपाउँदासम्म उनीहरूमा रहेका त्रुटि निराकरण गर्न गाह्रो पर्दछ । त्रुटि भाषा सिकाइको सहयोगी पनि हो ।

भाषा शिक्षकलाई त्रुटिको प्रकृतिको जानकारी भएपछि मात्र कठिनाइका क्षेत्रमा प्रभावकारी शिक्षण गर्न सजिलो हुन्छ । शिक्षणका क्रममा बढी अभ्यास गराउने कुरा पहिचान गर्न, सिकाइका क्रममा आइपर्ने कठिनाइ निराकरण गर्न र आवश्यक शिक्षण विधि र शिक्षण सामग्रीको प्रयोग सम्बन्धी पक्षमा त्रुटि विश्लेषणले सहयोग गर्दछ ।

असफलता नै सफलताको द्योतक हो, भूल र प्रयत्नद्वारा नै गल्ती सच्याउन सकिन्छ । भाषा सिक्दा गल्तीहरू पनि हुन्छन् जसलाई दोषको रूपमा नलिई सिकाइका प्रक्रियाका रूपमा स्वीकार गर्नुपर्दछ । जुन व्यक्तिले भाषा सिकाइमा प्रशस्त वातावरण प्राप्त गर्छ उसको सिकाइमा त्रुटिहरू कम हुन्छन् । मानिसले पहिलो भाषाको प्राप्ति गरेपछि आर्जन गर्ने दोस्रो भाषा केही कृत्रिम र त्रुटिपूर्ण हुन्छ जो भाषिक सिकाइको स्वाभाविक प्रक्रिया मानिन्छ ।

नेपाल बहुजातीय र बहुभाषिक मुलुक हो यहाँको राष्ट्र भाषा, सर्म्पक भाषा र कामकाजको भाषा नेपाली भए पनि अनेपाली मातृभाषाी जनसङ्ख्या पनि यथेष्ट रहेको छ । भाषाका कथ्य र लेख्य गरी दुई रूप हुन्छन् । कथ्य भाषामा के कस्ता त्रुटि भए भन्ने कुरा किटान गर्न कठिन हुन्छ तर लेख्य भाषाको प्रयोगमा भएका त्रुटिहरू औंल्याउन सहज हुन्छ ।

त्रुटिको प्रकृतिलाई हेर्दा मातृभाषा नेपाली हुने भन्दा दोस्रो भाषा नेपाली हुने व्यक्तिहरूमा बढी त्रुटि पाइन्छ । नेपालमा नेपाली भाषा संवैधानिक मान्यता प्राप्त राष्ट्र भाषाका साथै कामकाज, शिक्षा, सञ्चार, यातायात क्षेत्रको लागि समेत प्रमुख भाषा भएकाले यस भाषालाई प्राथमिक तहदेखि नै शुद्ध प्रयोग गर्न सक्ने बनाउनु आवश्यक छ । त्रुटिको प्रकृति र स्वरूपलाई प्राविदेखि निमावि, मावि हुँदै उच्च तहसम्म त्रुटि विश्लेषण गरिनु आवश्यक छ । त्रुटिका प्रकारहरू विभिन्न हुन्छन् । जस्तै; विकासशीलतागत , भाषाकोटिगत, स्रोतगत, स्वरूपगत र औचित्यगत ।

त्रुटिका उपर्युक्त प्रकृतिमध्ये वर्ण विन्यासगत त्रुटि भाषाकोटि अन्तर्गत पर्दछन् । वर्ण विन्यासको प्रत्यक्ष सम्बन्ध भाषाको लेख्य रूपसँग हुन्छ तापनि भाषाको कथ्य रूपलाई पनि स्तरीय बनाउन यसको अहम् भूमिका हुन्छ । भाषालाई मानकीकरण गर्नमा सहयोग गर्ने वर्ण विन्यासगत त्रुटि क्षेत्रको अध्ययन नहुनु नै यस शोध कार्यको मूल समस्या हो । त्यसैगरी विद्यालयको निमावि तह कक्षा ८ का विद्यार्थीहरूलाई केन्द्रविन्दुमा राखी नेपाली भाषाका विभिन्न भाषिका क्षेत्रसँग सम्बन्धित विद्यार्थीले के कस्ता वर्ण विन्यासगत त्रुटिहरू

गर्दछन् त्यसको अध्ययन नहुनु पनि प्रस्तुत शोध पत्रको अर्को समस्या हो ।

अन्तमा स्तरीय नेपाली भाषाको लेखनलाई केन्द्रविन्दुमा राखेर निम्न लिखित समस्याहरू देखाइएको छ :

क) दाङ जिल्लामा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको वर्ण विन्यासगत लेखाइ सिप के कस्तो छ ?

ख) सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको वर्ण विन्यासगत स्थिति कस्तो छ ?

ग) ती विद्यालयका छात्रछात्राहरूले गर्ने वर्ण विन्यासगत त्रुटि के कस्ता हुन् ?

घ) के ती त्रुटिहरूलाई वर्गीकरण गर्न सकिन्छ ?

ङ) त्रुटिहरूको निराकरणका अउपाय के के हुन सक्छन् ?

## १.४ शोध कार्यको उद्देश्य

नेपाली भाषालाई विद्यालय तहदेखि उच्च शिक्षासम्म अनिवार्य विषयका रूपमा प्राथमिकता दिए पनि बहुभाषिक समाज भएकाले नेपाली भाषालाई दोस्रो भाषाका विभिन्न क्षेत्रमा त्रुटिहरू गर्ने गर्दछन् । यसै सन्दर्भमा दाङ जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययनसँग सम्बन्धित यस शोध कार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) दाङ जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको वर्ण विन्यास क्षमता पहिचान गर्नु,

ख) कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटि पहिल्याउनु,

ग) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थी बिच वर्ण विन्यासमा हुने त्रुटिहरूको तुलनात्मक अध्ययन गर्नु,

घ) छात्र/छात्रा विद्यार्थीहरूका विच हुने वर्ण विन्यास त्रुटिको तुलना गर्नु,

ङ) विद्यार्थीहरूले गर्ने वर्ण विन्यासगत त्रुटिहरूलाई वर्गीकरण गर्नु,

च) विद्यार्थीहरूमा देखिएका वर्ण विन्यास सम्बन्धी त्रुटिहरू निराकरण गर्ने उपाय पहिल्याउनु,

## १.५ शोधको महत्व र औचित्य

भाषामा लेखनको महत्वपूर्ण स्थान छ । यो भाषाको प्रदानात्मक सिप अन्तर्गत पर्दछ । नेपालमा नेपाली भाषा राष्ट्रभाषा, सरकारी कामकाजको भाषा, सम्पर्कको माध्यम भाषा भएकाले यसको आफ्नै उच्च गरिमामय महत्व रहेको छ । समयको परिवर्तनसँगै देखिएको विकासलाई यस भाषाले टेवा पुर्‍याउँदै आएको छ जसमा निरन्तरताको समेत खाँचो रहेको देखिन आँउछ । मानिसले आफूले प्राप्त गरेको ज्ञान , सिप र क्षमता भाषाको माध्यमबाट अभिब्यक्त गर्दछ । हरेक क्षेत्रमा संलग्न व्यक्तिहरूमा राष्ट्रभाषाको पर्याप्त ज्ञान हुनुपर्दछ । भाषाको अभिव्यक्ति क्षमताको लागि भाषिक शुद्धतामा पनि ख्याल गर्नुपर्दछ । भाषिक त्रुटिहरूको निराकरण गर्नाले मात्र भाषालाई शुद्ध , स्पष्ट र मानक बनाउन सकिन्छ । त्रुटिहरू निराकरणका लागि त्यसका कारणहरू पत्ता लगाउन सक्नु पर्दछ । त्रुटिका कारणहरू पत्ता नलगाई त्यसबाट निस्केका नराम्रा परिणामलाई हटाउन सकिँदैन । अतः भाषिक सिप सिकाइका लागि त्रुटि विश्लेषण महत्वपूर्ण मानिन्छ । यसबाट विद्यार्थीहरूको सिकाइ प्रक्रिया मापन गर्ने र शिक्षकलाई विद्यार्थीहरूले भाषिक लेखनमा कहाँ, के, कति, कुन प्रकारका त्रुटिहरू गरेका छन् ? र तिनीहरूको प्रकृतिलाई हेरेर शिक्षण गर्न कठिनाइ क्षेत्रमा अभ्यास केन्द्रित गराउन सहयोग मिल्दछ साथै सिकाइमा प्रभावकारी विधि अपनाउन समेत टेवा मिल्ने हुन्छ ।

लिखित रूपमा वर्णहरूको रखाइ क्रम नै वर्ण विन्यास हो । यो भाषाको लेख्य रूपसँग सम्बन्धित छ । भाषाका रूपहरूमध्ये कथ्य मूलरूप भए तापनि भाषालाई दृश्य रूप प्रदान गर्न लेख्य रूपको आवश्यकता पर्दछ । सञ्चारका क्रममा भाषाका जुन ध्वनि प्रतीकहरू प्रयोग गरिन्छन् ती नै वर्ण हुन् । यी वर्णहरूको प्रतिनिधित्व लेख्य चिन्हद्वारा व्यक्त गरिएका अक्षरहरूले गरेका हुन्छन् । वर्ण अथवा अक्षरलाई नियमबद्ध गरी राखिने क्रमलाई वर्ण विन्यास भनिन्छ । (शर्मा, २०४६ :२०८)

भाषिक प्रयोगका क्रममा अव्यवस्थित, व्यवस्थित र उत्तर व्यवस्थित त्रुटिहरू भेटिन्छन् भाषिक सिप सिकाइका क्रममा वक्ताहरूले वर्ण विन्यासगत हुने त्रुटिका बारेमा विशेष ध्यान पुऱ्याउनु पर्दछ । त्रुटि विश्लेषण भाषा सिकाइ प्रक्रियाको अध्ययन गर्ने एक उपाय हो । त्रुटिको महत्त्व भाषाको कुनै एक पक्षमा मात्र सीमित हुन सक्दैन । भाषाका विभिन्न पक्षहरूमा यसको उल्लेखनीय योगदान रहेको हुन्छ । त्रुटि विश्लेषणले भाषा शिक्षणका क्रममा देखिएका समस्याहरूको जानकारी लिन र त्रुटि निराकरण गर्नका लागि मद्दत गर्ने भएकाले यसको औचित्य र महत्त्व स्पष्ट हुन्छ । त्रुटि अध्ययन गर्दा विभिन्न शैक्षिक तहलाई आधार तह मानिन्छ । भाषाको आधार तत्त्व वर्ण भएकाले विद्यार्थीहरूलाई यस सम्बन्धी शुद्ध प्रयोग गराउँदै लग्नुपर्ने स्थिति टड्कारो रूपमा देखिन्छ ।

## १.६ पूर्वकार्यको समीक्षा

त्रुटी विश्लेषण आधुनिक भाषा विज्ञानबाट प्रभावित विद्यार्थी केन्द्रित अवधारणा हो । यसले जुनसुकै भाषा भाषिका लागि सहयोग गर्ने भए पनि मूल रूपमा दोस्रो भाषा शिक्षणका सन्दर्भमा केन्द्रित छ । संरचनात्मक भाषा विज्ञानबाट व्यतिरेकी विश्लेषणको अवधारणा आयो भने रूपान्तरण व्याकरणले चर्चा पाउन थालेपछि विशेषतः सन् १९७० पछि यस सम्बन्धी अवधारणाको विकास हुन थालेको हो । (अधिकारी, २०५६:१२८)

कुनै पनि अध्ययन कार्यका लागि गरिएका पूर्व अध्ययनहरूको अवलोकन गर्नु आवश्यक मानिन्छ । त्रुटि विश्लेषण सम्बन्धी खोज र अध्ययन चाहिँ प्रशस्तै देखिन्छन् तर लेखन सम्बन्धी गरिएका त्रुटि विश्लेषणहरू कम नै भएकाले अन्य पक्षमा गरिएका त्रुटि विश्लेषण सम्बन्धी अध्ययनलाई समेत यस अध्ययनका आधारहरू मानिएको छ ।

यहाँ त्रुटि विश्लेषणका क्रममा भएका प्रयास र कार्यहरूको अध्ययन गरिएको छ । जसलाई तल क्रमशः उल्लेख गरिएको छ :

१) जगन्नाथ त्रिपाठी (२०३५) द्वारा मानविकी र सामाजिक शास्त्र सङ्काय अन्तर्गत पद्मकन्या क्याम्पसका छात्राहरूको **"नेपाली व्याकरण सम्बन्धी त्रुटिको विश्लेषण २०३५"** नामक शीर्षकमा अध्ययन भएको पाइन्छ । यसबाट के कुरा स्पष्ट हुन आउछ भने वर्ण विन्यासगत त्रुटि, वाच्यगत त्रुटि, सङ्गतिगत त्रुटिहरू पहिलो भाषाको रूपमा नेपाली भाषा प्रयोग गर्ने र दोस्रो भाषाको रूपमा नेपाली भाषाको प्रयोग गर्ने छात्राहरूले के

कस्ता त्रुटिहरू गर्दा रहेछन् र कुन चाहिँले बढी त्रुटि गर्दा रहेछन्  भन्ने विषयमा केन्द्रित रहेको पाइन्छ ।

२) रामचन्द्र लम्साल र अन्य (२०४०) द्वारा **"शिक्षाशास्त्र सङ्काय प्रमाण पत्र तहमा अध्ययनरत विद्यार्थीहरूको लेखन सम्बन्धी क्षमता एक अध्ययन"** मा अध्ययन अनुसन्धान प्रस्तुत भएको छ । उक्त अध्ययन शैक्षिक सत्र २०३६/०३७ को प्रथम सत्रमा अध्ययनरत ३० जना पूर्व सेवा कालीन समेत ६० जना विद्यार्थीहरूको सामूहिक अध्ययनमा आधारित देखिन्छ । यसको उद्देश्य प्रमाण पत्र तहका विद्यार्थीहरूले नेपाली भाषा लेखनमा गर्ने त्रुटिहरूको तुलनात्मक अध्ययन गरेको पाइन्छ । प्रस्तुत अध्ययनमा कुनै एउटा अशुद्ध अनुच्छेद लेख्न दिएर त्यसको त्रुटि पक्षलाई केलाउँदा पूर्व सेवा कालीन विद्यार्थीहरूको तुलनामा सेवाकालीन विद्यार्थीहरूको लेखन क्षमता समग्रमा राम्रो देखिएपनि दुवै समुहका विद्यार्थीहरूको त्रुटिगत अशुद्धता रहेको पाइएको छ ।

३) हेमाङ्ग राज अधिकारी (२०४०) द्वारा नेपाली भाषा सिकाइमा विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन गर्न प्रमाण पत्र तहको शिक्षाशास्त्र सङ्कायतर्फका विद्यार्थीहरूमा **"पहिलो भाषा र दास्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूका वाक्य गठनमा पाइने त्रुटिहरू (२०४०)"** नामक अनुसन्धान कार्य भएको पाइन्छ । जसमा नेपाली भाषालाई मातृभाषाको रूपमा नै अध्ययन गर्ने विद्यार्थीहरूले पनि अध्ययनको क्रममा थुप्रै त्रुटिहरू गर्ने गरेको पाइन्छ ।

४) पुण्यवती घले (२०५५) बाट **"नवम कक्षाका अधययनरत सार्वजनिक तथा निजी विद्यालयका विद्यार्थीहरूको नेपाली भाषाको वाक्य गठनमा गर्ने त्रुटिहरूको विश्लेषण"** विषयमा शोध गरिएको पाइन्छ । उक्त शोध धुलिखेल नगरपालिका भित्रका कक्षा नौमा अध्ययनरत मातृभाषाी र विमातृभाषाी विद्यार्थीहरूले गर्ने नेपाली वाक्य गठन सम्बन्धी त्रुटिहरूको तुलना गर्ने र निराकरणका लागि राय दिने उद्देश्यमा केन्द्रित देखिन्छ ।

५) गङ्गा बहादुर के.सी. (खड्का) (२०५५) द्वारा **"सुर्खेत जिल्लाका कक्षा ५ उर्त्तीर्ण मगर भाषाी विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन"** नामक शोध पत्रमा नमुना छनौटका लागि सुर्खेत जिल्लाका सदरमुकाम क्षेत्रका विद्यालय, सदरमुकाम नजिकका विद्यालय र ग्रामीण क्षेत्रका विद्यालय गरी ३ वटा विद्यालयका २०-२० जना गरी विद्यार्थीहरूको नमुना अध्ययन गरिएको छ । यसमा मगर मातृभाषाी र नेपाली मातृभाषाी

विद्यार्थीहरूको समानुपातिक प्रतिनिधित्व गरिएको छ । यस अन्तर्गत मातृभाषी र विमातृभाषी विद्यार्थीहरूले गर्ने वर्ण विन्यासगत त्रुटिहरूको अध्ययन गरिएको देखिन्छ ।

६) अम्बिका सापकोटा (बेल्वासे) (२०५५) द्वारा प्रस्तुत **"कक्षा ७ पुरा गरेका विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धि त्रुटिहरूको अध्ययन"** नामक शोधपत्रमा काठमाडौं जिल्लाका सरकारी र निजी २–२ गरी जम्मा ४ वटा विद्यालयका १५–१५ जना विद्यार्थीका दरले ६० जनाको जनसङ्ख्या प्रतिनिधिको रूपमा नमुना छनौट गरी शोध पत्रमा श्रुति लेखन र स्वतन्त्र लेखन विधि अपनाइएको छ । दुबै खालका लेखन त्रुटिलाई एकै ठाउँमा राखी सामग्रीको व्याख्या विश्लेषण गरिएको देखिन्छ । जसमा ह्रस्व दीर्घ 'श' 'ष' 'स' 'य' र 'ए' 'ब' र 'व' 'क्ष' 'छ' हलन्त र अजन्त, शिरविन्दु र चन्द्रविन्दु सम्बन्धी त्रुटिहरूको विश्लेषण गरी सुझाब प्रदान गरेको पाइन्छ ।

७) सुजन राज खनाल (२०५७) द्वारा **"कक्षा पाँच उत्तीर्ण थारु भाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन"** नामक अध्ययन गरिएको पाइन्छ । क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित प्रस्तुत शोधमा दाङ जिल्लाका ४ वटा विद्यालयका ८० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिई नेपाली भाषाको वाक्य गठन, लिङ्ग, वचन, पुरुष, आदरार्थी क्षेत्रमा नगर क्षेत्रका विद्यार्थीहरूका तुलनामा गाउँ क्षेत्रका विद्यार्थीहरूले धेरै त्रुटिहरू गरेको देखाइएको छ ।

८) बलराम ज्ञवाली (२०५९) द्वारा प्रस्तुत **"कक्षा पाँच पुरा गरेका विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन (२०५९)"** नामक शोध पत्रमा ललितपुर जिल्लाका एक एक वटा सामुदायिक र निजी तथा काठमाडौं जिल्लाका दुई दुई वटा सामुदायिक र निजी विद्यालय गरी ६ वटा विद्यालयलाई छनौट गरिएको पाइन्छ उक्त शोधको उद्देश्य वर्ण विन्यास सम्बन्धी त्रुटि पहिल्याउने, त्रुटिहरूको वर्गीकरण गर्ने, निराकरणको लागि सुझाब दिने रहेको पाइन्छ । उक्त अध्ययन श-ष-स, 'य' र 'ए' 'ब' र 'व' 'क्ष' र 'छे' हलन्त र अजन्त, शिरविन्दु सम्बन्धी त्रुटिमा केन्द्रित रहेको देखिन्छ ।

९) शिवराम महरट्ठा (२०६१) द्वारा **"चितवन जिल्लाका सरकारी विद्यालयमा कक्षाँ ९ मा अध्ययन गर्ने थारुथाषी विद्यार्थीहरूले वर्ण विन्यासको क्षैत्रमा गर्ने त्रुटिहरूको अध्ययन"** विषयमा अनुसन्धान गरिएको छ । उक्त अनुसन्धानमा प्रयोगात्मक विधि प्रयोग गरी चितवन जिल्लाका तिनवटा सरकारी विद्यालयका कक्षा ९ मा अध्ययनरत थारुभाषी

२०–२० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ । उक्त शोध ह्रस्व - दीर्घ, श –ष –स अनुनासिक र अनुस्वार, वर्णको लोप, मात्रा र रेफका विषयमा केन्दित रहेको देखिन्छ ।

१०) फर्सुराम घिमिरे (२०६१) द्वारा **"कक्षा ६ उत्तीर्ण विद्यार्थीहरूले नेपाली भाषाको लेखनमा गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको एक अध्ययन** (२०६१)**"** नामक शोध कार्य गरिएको र उक्त शोध रुपन्देही जिल्लाका पाँच वटा सरकारी विद्यालयका कक्षा ६ उत्तीर्ण गरेका २०/२० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधिको रूपमा छनौट गरिएको छ । शोधमा त्रुटिको सैद्धान्तिक परिचय ह्रस्व दीर्घ, श-ष-स, 'य' र 'ए' 'ब' र 'व' हलन्त-अजन्त, शिरविन्दुका क्षेत्रमा त्रुटिको अध्ययन र विश्लेषण गरिएको पाइन्छ । प्रस्तुत शोध मूलतः सर्वेक्षण विधिमा केन्द्रित भई सम्पन्न गरिएको पाइन्छ ।

११) जगत बहादुर बस्नेत (२०६४) द्वारा **"कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषाको लेखनमा गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन"** नामक शोध गरिएको पाइन्छ । यसमा सुर्खेत जिल्ला अन्तर्गत वीरेन्द्र नगर नगरपालिका क्षेत्रका २/२ वटा सरकारी र सामुदायिक विद्यालयका २०/२० जनाका दरले जम्मा ८० जना विद्यार्थी छनौट गरी तथ्याङ्क लिइएको पाइन्छ । जसको उद्देश्य कक्षा पाँचका विद्यार्थीहरूको भाषिक स्तर पहिल्याउने, त्रुटिको क्षेत्र र प्रकृति पहिचान गर्नुका साथै वर्ण विन्यासगत त्रुटिका कारणहरू पत्ता लगाई निराकरणका लागि सुझाब दिनु रहेको पाइन्छ । अध्ययनका क्रममा ह्रस्व दीर्घ श-ष-स, य-ए, ब-व, ज्ञ-ग्यँ, रि-ऋ, हलन्त-अजन्त शिरविन्दु-चन्द्रविन्दु, पदयोग-पद वियोगका साथै अन्य प्रकारका त्रुटिहरूको समेत अध्ययन गरी त्रुटिहरूको पहिचान र वर्गीकरण गर्ने काम गरिएको पाइन्छ ।

यसरी त्रुटि विश्लेषण सम्बन्धी अध्ययन कार्यहरूको सिंहावलोकन गर्दा धेरै अघिदेखि शोध अनुसन्धान हुँदै गरेको पाइए तापनि कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरू (खास गरी दाङ जिल्लामा) को अध्ययन नभएको देखिन्छ । लेख्य भाषामा शुद्धता, एकरूपता, मानकता कायम राख्नु पर्ने आवश्यकता टड्कारो देखिएकाले अध्ययन गर्नु उचित देखिन्छ ।

## १.७ अध्ययन विधि

यो अध्ययन कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषाको लेखनमा गर्ने वर्ण विन्यासगत त्रुटि पहिचानको क्षेत्रमा केन्द्रित रहेको छ । अतः अध्ययनका क्रममा नमुना छनौट, सामग्री निर्माण तथा प्रयोगका क्रममा निम्न विधिहरू अपनाइएको छ :-

### १.७.१ जनसङ्ख्याको छनौट र निर्माण

प्रस्तुत अभ्ययनका लागि दाङ जिल्लाको ग्रामीण क्षेत्रमा पर्ने दुईवटा गाविसका तिन वटा सरकारी र तिन वटा निजी निमावि, माविका कक्षा ८ मा अध्ययनरत १०/१० जनाका दरले जम्मा ६० जना विद्यार्थीहरूलाई छनौट गरिएको छ । वर्तमान पाठ्यक्रम अनुसार नेपाल सरकारद्वारा तयार गरिएको कक्षा ८ को नेपाली किताबमा वर्ण विन्यास सम्बन्धी विभिन्न क्षेत्रमा प्रयोग भएका शब्दहरूलाई नमुनाको रूपमा लिइएको छ ।

### १.७.२ सामग्रीको निर्माण

प्रस्तुत अध्ययनका क्रममा विद्यार्थीहरूबाट तिन किसिमका प्रश्नहरू (हिज्जे, अनुच्छेद र स्वतन्त्र लेखन) तयार गरी त्यसबाट प्राप्त तथ्य सूचनाको आधारमा वर्ण विश्लेषण गरिएको छ । शोध सम्पन्न गर्दा अध्ययन क्षेत्रबाट तथ्याङ्कको विश्लेषण गर्न पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

### १.७.३ सामग्रीको उपयोग तथा व्याख्या विश्लेषण

प्रस्तुत अध्ययन दाङ जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटि पहिल्याउने क्षेत्रमा केन्द्रित रहने हुनाले यस जिल्लाका ग्रामीण क्षेत्र अन्तर्गत हापुर, ढिकपुर, सौडियार गाविस सहरोन्मुख क्षेत्र नारायणपुर नगर विकास र घोराही नगरपालिका ६ वटा विद्यालयहरूलाई कार्य क्षेत्रको रूपमा लिइएको छ । यस कार्यका लागि विभिन्न भाषिक पृष्ठभूमिका साठी जना छात्रछात्राहरूलाई प्रश्नावली परीक्षामा सहभागी गराइएको छ । त्रुटि पहिचानका लागि नमुना प्रश्नावली परीक्षामा सहभागी गराइएको छ । त्रुटि पहिचानका लागि नमुना प्रश्नपत्रको ढाँचा तयार पारी कक्षा ८ को पाठ्य पुस्तकबाट प्रश्नहरू जस्तै : निबन्ध लेखन, संवाद लेखन, शब्दलाई खाली ठाँउ भर्ने र शुद्ध पारी लेख्ने तथा अनुच्छेदमा लेख्ने र लेख्य चिन्ह समेतको प्रयोग गरी शुद्ध पारी लेख्ने जस्ता प्रश्नहरूको प्रयोग गरी विद्यार्थीहरूको जाँच लिएको छ र कोरा तथ्याङ्कको सङ्कलन गरिएको छ । सोही प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । त्रुटिको पहिचान र वर्गीकरण गर्न आवश्यकता अनुसार पुस्तकालयीय विधि समेतलाई

प्रयोगमा ल्याई निष्कर्षमा पुगिएको छ । प्राथमिक र द्वितीयक तथ्यांक (Primary and seconday data) को आधारमा पनि तथ्याङ्कको विश्लेषण गरेर मात्र निचोडमा पुगिएको छ ।

## १.८ अध्ययनको क्षेत्र र सीमा

शोध कार्य आफैमा चुनौतीपूर्ण र कठिन हो । शोधको प्रयोजन, समय सीमितता, आर्थिक कठिनाइ, भौगोलिक विकटता, स्रोत साधनको अपर्याप्तता र अन्य कतिपय कारणहरूबाट यसको क्षेत्र र परिसीमा निर्धारण गर्न कठिन रहे पनि यस शोध कार्यलाई सम्पन्न गर्नका लागि प्रस्तुत शोध अध्ययनको क्षेत्र र सीमा निम्न लिखित रहेको छ :

क) यो अध्ययन दाङ जिल्लाका ग्रामीण क्षेत्रमा सञ्चालित सामुदायिक र संस्थागत गरी जम्मा ६ वटा निमावि तहका कक्षा ८ मा अध्ययन गर्ने ६० जना विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

ख) ग्रामीण क्षेत्र अन्तर्गत हापुर, ढिकपुर र सौडियार  गा.वि.स र सहरोन्मुख क्षेत्रमा नारायणपुर नगर विकास र घोराही नगरपालिकामा सञ्चालित निमावि र माविका कक्षा ८ मा अध्ययनरत विभिन्न भाषिक पृष्ठ भूमिमा भएका छात्रछात्राहरूमा शोधकार्य सीमित रहेको छ ।

ग) प्रत्येक ६ वटै निमावि, माविका कक्षा ८ का विद्यार्थीहरूबाट १०/१० जनाका दरले छनौट गरिएका छात्रछात्राहरूमा मात्र शोध अध्ययन गरिएको छ ।

घ) शोधका लागि कक्षा ८ को नेपाली भाषाका पाठ्य पुस्तकमा समाविष्ट वर्ण विन्यास अन्तगर्त ह्रस्व दीर्घ श/ष/स, य/ए, ब/व/क्ष/क्ष्य/क्षे, ग्य/ज्ञ, हलन्त-अजन्त शिरविन्दु, चन्द्रबिन्दु र लेख्य चिन्हका साथै भाषिक पृष्ठभूमिको आधरमा वर्ण विन्यासीय त्रुटिलाई मात्र अध्ययन भित्र सीमित गरिएको छ ।

ङ) यस अध्ययनको निष्कर्ष विद्यार्थीहरूले वर्ण विन्यासको त्रुटिका आधारमा आफूले गरेका विश्लेषणबाट तथ्य तथ्याङ्कमा सीमित रहेको छ ।

च) अध्ययनको निचोड आफूले गरेका अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा मात्र निकालिएको छ ।

## १.९ शोध पत्रको रूपरेखा

प्रस्तुत शोध पत्रको रूपरेखा निम्न अनुसार रहेको छ :-

अध्याय एक : शोध परिचय
अध्याय दुई : वर्ण विन्यासको सैद्धान्तिक परिचय
अध्याय तीन : व्याख्या,विश्लेषण
अध्याय चार : तुलनात्मक अध्ययन
अध्याय पाँच : उपसंहार
परिशिष्ट
सन्दर्भ ग्रन्थ सूची

# अध्याय दुई

# वर्ण विन्यासको सैद्धान्तिक परिचय

## २.१ वर्ण विन्यासको परिचय

भाषा सिकाइ क्रममा सिकारूले गर्ने त्रुटिहरूको विश्लेषण गर्ने कार्यलाई त्रुटि विश्लेषण भनिन्छ । भाषा शिक्षणको सिलसिलामा "त्रुटि विश्लेषण" एक नवीन र आधुनिक बिषयको रूपमा देखा परेको विधा हो । यसले शिक्षणको सन्दर्भमा अन्य पद्धतिहरूको तुलानामा महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ । त्रुटि विश्लेषण मूलतः लक्ष्य (दोस्रो) भाषा शिषणका क्रममा विकसित दृष्टिकोण तथा पद्धति हो तापनि स्रोत (पहिलो) भाषा शिक्षणका क्रममा समेत मानक भाषाको प्रयोगको लागि यसको अपरिहार्य आवश्यकता देखिन्छ । शिक्षण सिकाइका क्रममा त्रुटि अवस्यम्भावी हुन्छ । सिकारूले कहाँ त्रुटि गर्दछन् र ती त्रुटिहरूको निराकरणको लागि के कस्ता विधि र तरिकाहरू अँगाल्दा शिक्षण कार्य उपलब्धिपूर्ण हुन्छ भन्ने तथ्यलाई यसले महत्त्व दिएको छ । भाषा सिकाइका क्रममा सिकारूहरूद्वारा भएका त्रुटि क्षेत्रहरूबारे व्याख्या र विश्लेषण गर्नु पर्दछ तर सोभन्दा अगाडि त्रुटिको बारेमा जानकारी लिन आवश्यक देखिन्छ । भाषा सिकाइका क्रममा एकै पटकमा भाषाको सही रूप प्रयोग गर्न नसक्ने स्थिति नै त्रुटि हो । यसलाई निम्न परिभाषाहरूबाट प्रस्ट पार्न सकिन्छ ।

❖ भाषा सिकाइका क्रममा सिक्ने व्यक्तिहरूले गरेका त्रुटिहरूको अध्ययनबाट उसको त्यस क्षेत्रमा कत्तिको ज्ञान छ भन्ने कुरा अनुमान गर्न सकिन्छ । त्रुटि बिश्लेषणबाट अझ उसले कुन कुन कुरा सिक्न बाँकी छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ । कुनै व्यक्तिले

गरेको त्रुटिहरूको भाषावैज्ञानिक शब्दमा वर्णन र वर्गीकरण गरेर एउटा त्यस्तो चित्र बनाउन सकिन्छ जसले भाषा सिकाइमा समस्या उत्पन्न गर्ने भाषिक विशेषताहरू बताउँछन् ।

**- एस. पिट. कर्डर**

❖ भाषा शिक्षण र सिकाइमा विदेशी भाषा सिकिरहेको व्यक्तिले गर्ने भुलहरूका पहिचान, वर्गिकरण तथा व्यवस्थित व्याख्या गर्ने प्रविधिलाई त्रुटिविश्लेषण भनिन्छ ।

**– डेभिट क्रिस्टल**

❖ भाषा सिक्ने र भाषाको प्रयोग गर्ने मानिसहरूले के कस्ता त्रुटिहरू गर्दछन् र त्यस्ता त्रुटि के कति कारणले गर्दा भएका हुन्छन् भन्ने कुराको अध्ययन विश्लेषण गर्ने कामलाई त्रुटि विश्लेषण भनिन्छ । **–पारस मणि भण्डारी**

❖ भाषा सिकाइका क्रममा विद्यार्थीहरूले के कस्ता प्रकृतिका त्रुटिहरू के कारणले गर्दछन् भनी गरिने अध्ययन र विश्लेषण जसले ती त्रुटिहरूको निराकरण निराकरण गर्न महत्त्वपूर्ण सहयोग गर्दछ, त्यसलाई त्रुटि विश्लेषण भनिन्छ ।

**– ढुङ्गेल र दाहाल**

त्रुटि विश्लेषणको महत्त्व भाषा शिक्षणको क्षेत्रमा खास गरी व्यतिरेकी विश्लेषणका कमजोरीहरू देखा परेपछि यसको विकल्पका रूपमा स्थान लिन सफल भएपछि सन् १९७० को दशकपछि यसको विशेष चर्चा र प्रयोग भएको देखिन्छ । (गौतम, २०६१:९८) । कुनै पनि भाषा एकै पटक र सजिलैसँग सिक्न सकिँदैन । भाषा सिकाइ कार्य एक जटिल काम भएकोले जो कोहिले पनि भाषा सिकाइका क्रममा धेर थोर त्रुटिहरू गर्ने गरेको पाइन्छ । भाषा मनोविज्ञानको वर्तमान खोज अनुसन्धान अनुसार भाषाको सिकाइमा हुने त्रुटिहरूलाई स्वभाविक रूपमा लिने गरिन्छ । विभिन्न भाषा तथा भाषिकाको पृष्टभूमि भएका नेपाली भाषाका विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा विभिन्न किसिमका त्रुटिहरू गर्ने र उक्त त्रुटिहरूको अध्ययन भाषा शिक्षणमा प्रभावकारिता थप्न निकै उपयोगी हुने ठानिएको छ ( अधिकारी २०६२:१३९) । भाषा सिकाइका सन्दर्भमा हुने त्रुटिका क्षेत्रहरूलाई वर्गीकरण गर्दा भाषाकोटिका आधारमा हुने त्रुटिलाई उच्चारणगत त्रुटि, शब्द रचनागत त्रुटि, रूप रचनागत त्रुटि, शब्द प्रयोगगत त्रुटि, वाक्य रचनागत त्रुटि र वर्ण विन्यासगत त्रुटि, गरी वर्गीकरण

गरिएको पाइन्छ । त्रुटिका यी विविध क्षेत्रहरूमध्ये प्रस्तुत अध्ययनमा वर्ण विन्यास सम्बन्धी त्रुटि विश्लेषणको चर्चा गरिएको छ :

## २.२ वर्ण विन्यास सम्बन्धी त्रुटिको परिचय

वर्ण विन्यास सम्बन्धी त्रुटिलाई भाषाकोटिको आधारमा राखेर वर्गीकरण गएिको छ । भाषा शिक्षणको क्रममा भाषालाई कथ्य र लेख्य रूपमा प्रयोग गरिएको हुन्छ । भाषा विचार विनिमयको प्रमुख साधन हो । यसलाई मानव मात्रले विचारको आदान प्रदान गर्नका लागि प्रयोग गर्ने भएकोले मानवीय वस्तु मानिन्छ । मानिसहरूले आफ्नो दैनिक व्यवहार चलाउन भाषिक सम्प्रेषणका लागि यसको कथ्य र लेख्य दुबै रूपको प्रयोग गर्दछन् । वर्ण विन्यास भनेको वर्णको व्यवस्थित रखाइ हो (आचार्य, २०५८:१९) । अर्को शब्दमा लिखित रूपमा वर्णहरूको रखाइ क्रम नै वर्ण विन्यास हो । यसलाई वर्तनी वा हिज्जे पनि भनिन्छ । एउटा भाषामा पाइने कतिपय वर्णहरू अर्को भाषामा हुँदैनन् । (गौतम २०६१) वर्णहरूको रखाइ क्रम अर्न्तगत मात्रा लागेका वर्णहरू तथा संयुक्त एवम् मिश्रित रूपमा वर्णहरूको आबद्धताका साथै पदयोग पद वियोग सम्बन्धी कुराहरूलाई सम्झनु पर्दछ । कुनै पनि भाषामा वर्ण विन्यासको सम्बन्ध त्यस भाषाको लेख्य परम्परासँग सम्बन्धित रहन्छ । सामान्यतः बोलचालको भाषा र लेखपढको भाषा एकै प्रकारको हुन्छ । परन्तु कतिपय कारणहरूले गर्दा बोलचालको भाषालाई जस्ताको तस्तै लिखित रूप दिन सकिँदैन । कथ्यभाषा व्यक्ति र ठाउँ अनुसार भिन्न हुन सक्छ तर लेख्य भाषा सबैतिर समान रूपमा प्रयोग हुन्छ । कथ्य भाषा अस्थायी र परिवर्तनशील प्रकृतिको हुन्छ भने लेख्य भाषा कथ्य भाषाको तुलनामा बढी स्थायी र अपरिवर्तनशील हुने गर्दछ । भाषाको कथ्य रूपलाई पठित र अपठित सबैले प्रयोग गर्दछन् भने लेख्य भाषा साक्षर समूहले मात्र । कथ्य भाषामा भन्दा लेख्य भाषामा बेग्लै बिशेषताहरू भेटिन सक्छन् । साथै कथ्य भाषाको तुलनामा लेख्य भाषाको प्रयोगमा हुने शुद्धाशुद्धिलाई सजिलै ठम्याउन समेत सकिन्छ । लेखाइको क्रममा नेपाली भाषामा प्रायः गरी निम्न लिखित त्रुटिहरू पाइन्छन्:

१. ह्रस्व दीर्घ सम्बन्धी

२. पदयोग र पद वियोग सम्बन्धी

३. श, ष र स को प्रयोग

४. ब, व/ओ को प्रयोग

५. 'य' र 'ए', 'ज्ञ' र 'ग्य', 'रि' र 'ऋ' को प्रयोग

६. शिरविन्दु र चन्द्रविन्दुको प्रयोग

७. हलन्त र अजन्तको प्रयोग

लेख्य भाषाले सँगालेका भिन्न भिन्न विशेषताहरूमध्ये महत्वपूर्ण बिशेषता चाहिँ वर्ण विन्यास पनि हो । (अधिकारी, २०५५:६३) । वर्ण विन्यासगत त्रुटिहरू लेख्य भाषासँग सम्बन्धित त्रुटिहरू हुन् (गौतम, २०६१:१०५) ।

वर्ण विन्यासको त्रुटि क्षेत्र भन्नाले भाषामा प्रयोग हुने मात्रा र वर्णहरू वर्ण विन्यासले तय गरेका निश्चित नियम तथा परिधिभन्दा बाहिर रहेर प्रयोग हुनुलाई बुझाउँछ । यस्ता त्रुटिहरू कहाँ र कसरी प्रयोग भएका छन् र तिनको निराकरणका लागि के कस्ता प्रविधि, के कसरी गर्ने भन्ने कुराको किटानसाथ अभ्यास गर्ने गराउने गर्नाले त्रुटिमा कमी आउँछ । अध्ययनका क्रममा मात्रा, श-ष-स, य-ए, ब-व-ओ, ऋ-री, क्ष-छे-क्ष्य लगायत वाक्य गठन तथा पदयोग पद वियोग, शिरविन्दु र चन्द्रविन्दु, हलन्त र अजन्तका सम्बन्धमा चर्चा गरिएको छ ।

अध्ययनको क्रममा अध्ययनको अपर्याप्तताको कारणबाट कुन कुन क्षेत्रमा के, कति र कस्तो किसिमको स्थानगत त्रुटि पाइयो र त्रुटि हुन्छन् जस्ता कुराहरूको किटान गर्न गाह्रो हुन्छ । त्रुटि कुनै निश्चित एउटा मानिसबाट मात्र भएको हो वा हुने खालको हो वा सर्वव्यापी भन्ने कुरा औंल्याउनु पर्ने हुन्छ । गल्ती गरेर नै सिकाइ हुने हुँदा अभ्यासबाट त्रुटि कम गर्न सकिन्छ । वा सकिँदैन र कुन कुन तहमा के कस्ता विधि एवं तरिकाहरू अपनाइयो सोको विश्लेषण स्पष्ट हुनु पर्दछ । प्राप्त तथ्यका आधारमा त्रुटिलाई के कसरी कम गर्न सकिन्छ भन्ने जस्ता कुराहरूको राय सुझाब दिनका लागि वर्ण विन्यासगत त्रुटि क्षेत्रको पहिचान हुन आवश्यक देखिन्छ । यस सम्बन्धमा निम्नानुसार उल्लेख गरिएको छ ।

## २.३ वर्ण विन्यास सम्बन्धी त्रुटि क्षेत्र

नेपाली भाषाको शिक्षण सिकाइका क्रममा नेपाली भाषा पहिलो भाषा हुनेहरूले भन्दा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा अपनाउनेहरूले बढी त्रुटि गर्दछन् । यसलाई सोझो अर्थमा भन्ने हो भने बोलाइका क्रममा प्रयोग हुने भाषा र लिखित भाषाका बिच भिन्नता देखा पर्ने स्थितिमा विद्यार्थीहरूले लिखित भाषामा बढी त्रुटि गर्ने गरेको भेटिन्छ ।

तत्सम शब्दहरूको वर्ण विन्यासका साथै पदयोग-पद वियोग र ह्रस्व-दीर्घका क्षेत्रमा विद्यार्थीहरूले अधिकांश त्रुटिहरू गर्दछन् । यी कुराहरूलाई स्पष्ट पार्नुका साथै स्पष्टताका साथ उल्लेख गर्ने हेतुले नेपाली भाषा लेखनका क्रममा विद्यार्थीहरूले गर्ने त्रुटिगत क्षेत्रहरूलाई निम्नानुसार किटान गर्न सकिन्छ ।

(क) नेपाली भाषाको लेख्य रूपमा प्रयोग हुने दीर्घ 'ई' र दीर्घ 'ऊ' का सबै ईकार र ऊकार कथ्य रूपमा ह्रस्व नै बोलिन्छन् । हुन त तिनीहरूको लिखित रूपमा अर्थगत भिन्नता खुट्याउने हेतुले सिता (भातको), सीता (नाम), दिन (दिउँसो), दीन (दुःखी), जूवा (ताँस), जुवा (गोरूको काँधमा राख्ने), उनी (तिनी), ऊनी (ऊनले बनेको), यति (मात्र), यती ( हिम मानव), फुल (अण्ड), फूल (पुष्प) लेख्ने प्रचलन रहेकोले शब्दहरूले अर्थगत भिन्नताको पहिचान पछि मात्र लेखन कार्यमा अभ्यस्त नहुँदासम्म शिक्षार्थीहरू अधिक मात्रा त्रुटिहरू गर्दछन् ।

(ख) नेपाली भाषाकै सन्दर्भमा कथ्य रूपमा प्रयोग हुने भाषामा 'स' को मात्र प्रयोग हुन्छ तापनि यसैलाई लेख्य रूपमा प्रयोग गर्दा स्थान र अवस्थानुसार श-ष-स गरी तिन किसिमका वर्णहरूको प्रयोग गरिन्छ । जस्तैः

श– क्रमशः शिशु, आशिष, गणेश, दिशा, प्रशस्त

ष– कृषि, कृषक, आषाढ, षट्कोण, भीष्म, भूषण

स– सहर, सुत्र, असोज, सहभागी, स्वच्छन्द, दास

यसरी प्रयोग हुने श-ष-स वर्णलाई वर्ण विन्यासको नियमानुसार प्रयोग नगरी वैकल्पिक रूपमा प्रयोग भएका 'स' लाई वर्ण विन्यासगत त्रुटिको रूपमा मानिन्छ । कुन शब्दको कुन स्थानमा, कुन 'स' को प्रयोग गरिनु पर्दछ भन्ने कुरामा विद्यार्थीहरू बानी नपर्दा अलमलमा पर्दछन् र त्रुटिहरू गरि रहन्छन् ।

(ग) नेपाली भाषाको कथ्य र लेख्य रूपमा छुट्ट्याउन कठिन हुने वर्णहरू मध्ये ब-व पनि हुन् । बोल्दा 'ब' उच्चारण भए पनि लेख्दा 'व' नै लेख्नु पर्ने कतिपय अवस्था छुट्ट्याउन कठिनाइ उत्पन्न हुने भएकाले विद्यार्थीहरूले त्रुटि गर्दछन् । उच्चारणगत रूपमा 'ब' बाट निर्मित शब्दहरू वकिल, वन, वर आदि सङ्ख्यात्मक रूपमा सीमित छन् तर संस्कृत तत्सम शब्दहरू लेख्दा प्राय 'व' लेखिने भए पनि उच्चारण गर्दा 'ब' नै उच्चारण

गरिन्छ । जस्तैः वातावरण, विज्ञान, कवि, जीवन । यसरी विद्यार्थीहरू कथ्य र लेख्यमा हुने भिन्न वर्णहरूको प्रयोग ठम्याउन नसकेर र झुक्किएर पनि त्रुटिहरू गर्दछन् ।

(घ) यसै गरी नेपाली भाषाकै इ-ई-यि-यी वर्णहरू पनि त्रुटि क्षेत्र अर्न्तगतका वर्ण हुन् । यी वर्णहरूलाई पनि कथ्य रूपमा छुट्ट्याउन कठिनाइ पर्दछ र लेख्य रूपमा समेत उपयुक्त वर्ण विन्यास ठम्याउन नसकी विद्यार्थीहरू त्रुटि गर्न पुग्दछन् । जस्तैः गइ/ गई/ खाइ/ खायी/ यिनि/यीनी ।

(ङ) नेपाली भाषामा प्रयोग हुने य-ए वर्णहरूमा पनि कथ्य र देख्य रूपमा भिन्नता हुन गई विद्यार्थीहरू अन्योलमा पर्दछन् र त्रुटि गर्ने गर्दछन् । जस्तैः एक/यक, थिए/थिय, खाय/साए, कार्यालय/कार्यालए जस्ता शब्द कथ्य र लेख्य रूपमा भिन्न प्रयोग हुन्छन् । खास गरी य-ए-ये वर्णहरूको उच्चारणमा एउटै वर्ण जस्तो लाग्ने भए पनि लेखाइमा भिन्नता हुने भएकोले विद्यार्थीहरू अलमलमा परी झुक्किनु र त्रुटिहरू हुनु स्वभाविकै हो । यसरी बोलाइमा एक र लेखाइमा अनेक वर्णको प्रयोग गर्नु पर्ने सन्दर्भलाई खुट्याउन नसक्दा विद्यार्थीहरूले वैकल्पिक वर्ण तथा शब्दहरू प्रयोग गर्दछन् र त्रुटि भइ रहन्छ ।

(च) नेपाली भाषामा प्रयोग हुने ऋ-रि, क्ष-क्ष्य-छे, ज्ञ-ग्यँ-ग्य जस्ता वर्णहरू अर्थ भेदक नहुने वर्ण/शब्दहरू हुन् । यस्ता शब्दहरू अतिरिक्त वर्णको रूपमा प्रयोगमा आई नेपाली भाषाको क्षेत्रमा कथ्य र लेख्यगत रूपमा भिन्नता देखाउँछन् । कथ्य भाषामा स्तरीय नेपालीका दृष्टिले उपयुक्त वर्णहरूको दुरूस्त उच्चारण हुन नसक्नु र तत्सम वर्ण विन्यासका नियमानुसार यिनीहरूको प्रयोग आवश्यक मानिने भएकोले पनि शब्दगत रूपमा त्यस्ता वर्णहरूको विन्यासका बारेमा जानकारी गराउन आवश्यक हुन्छ । ऋषि, ऋण, क्षमा, ग्याँस, आज्ञा जस्ता शब्दहरू वर्ण विन्यासका क्षेत्रमा स्तरीय भाषाका दृष्टिले त्रुटि हुने क्षेत्रहरू हुन् ।

(छ) नेपाली भाषामा प्रयुक्त लिखित रूपका विविधताहरू विद्यार्थीले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिका कारण बनेका छन् । पर्याय-प्रयाय, प्रक्रिया-प्रकृया, उपर्युक्त-उपरोक्त जस्ता शब्दहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

(ज) नेपाली भाषाको कथ्य रूपमा पदान्त वर्ण हलन्त उच्चरण गरिन्छ तर लेखाइमा अजन्त लेखिन्छ । जस्तैः कमल, भात, लसुन आदि शब्दहरूको वर्ण विन्यासमा त्रुटिको मात्रा

अन्य क्षेत्रको तुलनामा कमी नै रहेको पाइन्छ । जुन स्थानमा हलन्तको प्रयोग गर्नु पर्ने हो त्यस ठाउँमा प्रयोग गर्न नसक्दा र वैकल्पिक वर्णको प्रयोग गर्नाले पनि विद्यार्थीहरूले वर्ण विन्यास सम्बन्धी त्रुटिहरू गरेको पाइन्छ ।

(झ) नेपाली भाषा देवनागरी लिपिमा लेखिन्छ । यसमा डिको दिएर लेखिन्छ । नेपाली भाषाका केही वर्णहरूमा डिको नदिने चलन छ । यसकारण नेपाली भाषाका सबै वर्णहरूमा डिको दिँदा पनि नदिँदा पनि त्रुटि हुन्छ । साथै शब्दयुग्म (जोडी) हरूलाई एउटै डिको दिँदा र नदिँदा पनि अर्थगत भिन्नता आउँछ । धन-घन, भन-मन, घत-धत जस्ता शब्दहरूको डिकोबाट नै अर्थमा भिन्नता प्रष्ट हुन्छ । त्यस्तै गरी तल-तल, घर-घर जस्ता शब्दलाई र तल तल, घर घर जस्ता शब्दलाई एउटै डिको र अलग-अलग डिकोमा लेख्नाले पनि अर्थगत भिन्नता देखिन्छ । अर्थ अनुसार डिको प्रयोग गर्न नसकेको कारण त्रुटि हुन्छ ।

(ञ) नेपाली भाषाको लेखनका क्रममा प्रयोग हुने चन्द्रविन्दु र शिरविन्दु जस्ता चिन्हहरूको समुचित उपयोग गर्ने कार्यमा विद्यार्थीहरूले त्रुटि गरेको पाइन्छ । नासिक्य वर्णको साथमा चन्द्रविन्दुको प्रयोग गर्नु पर्ने ठाउँमा कतैकतै शिरविन्दुको प्रयोग भएको पनि पाइन्छ । किन्यौँ-किन्यौं, सँग-सँग र कतैकतै चन्द्रविन्दुको प्रयोग नभएको पनि पाइन्छ । पञ्चम वर्ण (ङ,ञ,ण,न,म) को प्रयोगमा पनि तत्सम शब्दहरूमा शिरविन्दुको प्रयोग भएको पाइन्छ । त्यस्तै नेपाली तद्भव र आगन्तुक शब्दहरूमा उच्चारण अनुसारकै पञ्चम वर्ण प्रयोग हुनुपर्नेमा विद्यार्थीहरू शिरविन्दु वा चन्द्रविन्दुको प्रयोग गर्ने कि भनी अन्योलमा परेर त्रुटि गरेको पाइन्छ । जस्तैः शङ्का-शंका, बन्धन-बंधन, सन्जोग-संजोग, चम्चा-चंचा आदि ।

(ट) नेपाली भाषाको लेखनमा पदयोग र पद वियोगको आफ्नै महत्त्व र भूमिका रहेको पाइन्छ । पदयोग र वियोगबाट अर्थगत भिन्नता समेत हुने भएता पनि विद्यार्थीले सोको समुचित प्रयोग गर्न अलमलमा परेर त्रुटि गर्दछन । जस्तैः नगर, न गर ।

यहाँ वर्ण विन्यासगत त्रुटिहरूका अलमल हुन सक्ने सम्भावित क्षेत्रहरूको बारेमा चर्चा गरिएको छ । स्पष्ट ज्ञान, अभ्यासको अभाव र दोधारका कारण वैकल्पिक वर्णहरूको प्रयोग गर्नाले विद्यार्थीहरूले त्रुटि गरेको पाइए तापनि अभ्यासबाट नै त्रुटिमा कमी ल्याउन सकिने कुरामा कसैको विमति रहन सक्दैन । विद्यार्थीको सिकाइको जग नै मानिने तल्ला

कक्षाहरूदेखि नै वर्ण विन्यास सम्बन्धी बढी अभ्यास गराई मानक प्रयोगबारे जानकारी गराउँदा यस सम्बन्धी हुने त्रुटि निवारण गर्न सकिन्छ । उच्च शिक्षाको लागि समेत कोशेढुङ्गा सावित भएको तल्लाकक्षा र तहहरूमा वर्ण विन्यास सम्बन्धी पर्याप्त अभ्यासको कमी हुन्छ भने उनीहरूको पाठ्य पुस्तकमा समेत प्रचुर अभ्यासको अभाव रहेको हुँदा उपयुक्त हिज्जेको प्रयोगमा अन्योलता रहनु स्वभाविक नै हुन्छ । भाषा गतिशील र अस्थिर वस्तु भएकोले यसमा केही शब्दको हिज्जे परिवर्तन हुनु र नयाँ नयाँ शब्दहरू बढ्दै जानु नौलो कुरा होइन । यसका साथै आवश्यक शब्दहरू विभिन्न भाषा भाषिकाबाट आगन्तुक शब्दका रूपमा प्रविष्ट गरी काम चलाउनु पर्ने हुन्छ । समय समयमा नयाँ शब्दहरूको प्रवेश तथा पुरानाको परिवर्तनलाई बारम्बार प्रयोगमा ल्याउन नसक्दा लेखाइमा विविधता देखा पर्ने हुन्छ । भाषा विचार विनिमयको प्रमुख साधन भएकोले विचारको आदान-प्रदानका लागि समेत भाषिक लेखनमा निख्खरता, मानक र शुद्ध हुनु अति आवश्यक छ ।

# अध्याय तिन

# व्याख्या विश्लेषण

## ३.१ परिचय

नेपाली भाषा शिक्षण र सिकाइका सन्दर्भमा विद्यार्थीहरूले वर्ण विन्यास सम्बन्धी लेखनका क्रममा खास गरी त्यस्ता ठाउँमा बढी त्रुटिहरू गर्ने गर्दछन्, जहाँ कथ्य भाषाको रूपलाई लेख्य रूपमा व्यक्त गर्दा भिन्नता हुन्छ । भाषा सिकाइका क्रममा सिकारुद्वारा वर्ण विन्यास सम्बन्धी त्रुटि गर्ने प्रवृत्ति देखिन्छ । सिकाइका क्रममा गर्ने त्रुटिलाई ठुलो गल्तीका रूपमा नलिई सिकाइको द्योतकका रूपमा लिइन्छ । भाषाको मौखिक रूपलाई लिखित रूपमा व्यक्त गर्दा वर्ण विन्यास सम्बन्धी त्रुटिहरू देखिन्छन् । भाषाको अभिव्यक्तिका लागि लिखित रूपमा लिपिको प्रयोग भएदेखि नै पदहरूको रखाइ क्रममा निश्चितता रहेको पाइन्छ । यस्तो कार्य निश्चित ठाउँमा निश्चित वर्णहरूको प्रयोगबाट पुष्टि हुन्छ । यसका साथै निश्चित ठाउँमा निश्चित मात्राको प्रयोग समेत गर्नुपर्दछ । वर्ण विन्यास लेख्य भाषाले जन्माएको आफ्नो परम्परा हो (अधिकारी, २०५०:१३५) । भाषिक नियम अनुसार वर्ण र मात्राको उपयुक्त प्रयोग नभएमा यसले भन्न खोजेको भाव पुरा हुँदैन । लेखनका क्रममा विद्यार्थीहरूले गर्ने त्रुटिहरू मध्ये ह्रस्व दीर्घ सम्बन्धी त्रुटिहरू अधिक हुने गर्दछन् । लेख्य भाषामा प्रयोग गरिने मात्रा/चिन्ह (इ-ई, उ-ऊ) र (ि-ी, ु-ू) नै ह्रस्व-दीर्घका सङ्केत हुन् । लेख्य भाषा सिक्ने सिकाउने क्रममा यस सम्बन्धी पाइने त्रुटिहरूले निकै समस्या ल्याएका हुन्छन् । यस्ता समस्याहरूमा सिकारूले शब्दादि, शब्दमध्य र शब्दान्तमा त्रुटिहरू गर्दछन् । जस्तैः कुनै शब्दको सुरूमा ह्रस्व लेख्नु पर्नेमा दीर्घ लेखेको पाइयो भने दीर्घ लेखनु पर्नेमा ह्रस्व लेख्ने गरेको पाइयो । यस्तै गरी शब्दमध्य र शब्दान्तमा समेत ह्रस्व लेख्नु पर्ने स्थानमा दीर्घ र दीर्घ लेख्नु पर्ने स्थानमा ह्रस्व लेखेको पाइयो । ह्रस्व र दीर्घ सम्बन्धी मात्रामा ख्याल नगरी धेरैजसो त्रुटिहरू गर्ने गरेको पाइयो ।

जस्तैः

ह्रस्व

शब्दादि

अन्त्य/शब्दान्त

शब्दमध्य

शब्द

(मीति, ठुलो, चीनी, वीज्ञान)

(पछाडी, अनी, पनी,वहिनि)

(प्रतीज्ञा, कवीता, मानीस, गणीत)

दीर्घ

शब्दमध्य

(तिनिहरू, परिक्षा, तृतिय, समुह)

शब्दादि

(यि, बिस, दुध, टिका)

शब्दान्त

(गौरि, पानि, साठि, असि)

## ३.२ ह्रस्व इकार र उकार सम्बन्धी त्रुटि

वर्ण विन्यासका क्षेत्रमा देखिने त्रुटिहरूमध्ये मुख्यतया त्रुटिगत क्षेत्रहरू ह्रस्व दीर्घ सम्बन्धी मात्राको प्रयोगमा देखिन्छ । निमावि तहका सुरुका कक्षामा धेरैजसो विद्यार्थीहरूले सङ्ख्यात्मक रूपमा हेर्दा ह्रस्व सम्बन्धी धेरै नै त्रुटिहरू गर्ने गरेको पाइयो । लेखनका क्रममा मात्राको उचित प्रयोग गर्न नसक्दा शब्दको अर्थमा समेत भिन्नता पर्न गएर भन्न खोजेको कुरा समेत अधुरो र अस्पष्ट हुन जान्छ र भाषिक सम्प्रेषणमा समेत अवरोध हुन्छ । मौखिक रूपमा बोल्दा जे उच्चारण गरिन्छ लिखित भाषामा सोही उच्चार्य ध्वनि लिपिबद्ध गर्दा मात्रामा बढी विचार गर्नु पर्छ र बाइमात्रा र तर्कुले लागेको थोरैबेर (कम समय) मा उच्चारण हुने वर्ण ह्रस्व हुन । ह्रस्वको प्रयोगलाई बढी स्पष्टसँग पहिचान गर्न निम्नानुसारको तालिकाले सहयोग गर्दछ :

| किसिम | ह्रस्व | |
|---|---|---|
| भेद | बाइमात्रा | तर्कुले |
| सङ्केत चिन्ह | ि | ु |
| उच्चारण | भि | भु |
| | सि | सु |
| | पि | पु |
| | लि | लु |

## ३.२.१ ह्रस्व इकार सम्बन्धी त्रुटि

### ३.२.१.१ शब्दादिमा त्रुटि

अध्ययनको क्रममा कक्षा ८ मा अध्ययनरत सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूमा विभिन्न तथ्य सामग्रीहरूद्वारा परीक्षण गर्दा प्रस्तुत गरिएका कतिपय शब्दहरूलाई सुरुमा ह्रस्व इकार लेख्नु पर्ने ठाउँमा दीर्घ ईकार लेखी त्रुटि गर्ने गरेको पाइयो । यो तथ्य शोधकर्ताको अनुसन्धानबाट प्राप्त हुन आएको हो । यस्तो त्रुटि सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीमा केही कम भएको पाइयो । जो सरकारी र निजी विद्यालयहरूमा क्रमशः ४०% र ३५% भेटियो । त्रुटिहरू प्रमुख रूपमा नाम, सर्वनाम, क्रिया, विशेषण, अव्यय र सङ्ख्याबाचक शब्दहरूमा केन्द्रित रहेको भेटियो । शब्दादिमा ह्रस्व इकार लेखिनु पर्ने शब्दहरूमा पनि दीर्घ लेख्ने विद्यार्थी सङ्ख्या अधिक पाइयो । अध्ययनको क्रममा निम्न लिखित शब्दहरूको लेखनमा वर्ण विन्यास सम्बन्धी त्रुटिहरू गर्ने गरेको पाइयो :

- मीति
- वीनाकारण
- तीमी
- त्रीसठ्ठी
- सीता (भात)
- त्रीपन्न

प्रस्तुत उदाहरणबाट हेर्दा शब्दको सुरुमा ह्रस्व लेख्नु पर्नेमा दीर्घ लेख्ने बानीले गर्दा अधिकांश विद्यार्थीहरूले यस क्षेत्रमा बढी त्रुटि गरेको पाइयो । अनुसन्धानका क्रममा

निजी विद्यालयको तुलनामा सरकारी विद्यालयमा अध्ययन गर्ने बिद्यार्थीहरूले बढी सङ्ख्यामा त्रुटि गरेको भेटियो तापनि समग्रमा त्रुटिको मात्रामा खासै भिन्नता (अन्तर) भने भेटिएन । बिद्यार्थीहरूलाई लेखन गर्न दिइएका शब्दहरू मध्ये त्रुटि नगरी शुद्ध लेखेका केही शब्दहरू निम्न छन्:

- किताब
- घिउ
- दिन
- विमान
- हिसाब

अध्ययनका क्रममा शब्दादिमा दीर्घ लेखेर त्रुटि भएका शब्दहरू मध्ये अधिक मात्रामा नाम, क्रिया र विशेषण वर्गका शब्दहरू रहेका छन् भने ती वर्गभन्दा अलि कम सर्वनाम र अव्यय वर्गका शब्दहरू छन् । त्यस्तै स्वतन्त्र लेखन सम्बन्धी त्रुटि र समस्यामा लेख्य चिन्हहरूको प्रयोग, वाक्य गठन र पद सङ्गतिमा वर्ण विन्यास सम्बन्धी त्रुटिहरू पनि पर्याप्त मात्रामा पाइयो ।

### ३.२.१.२ शब्दमध्यमा त्रुटि

भाषा सिकाइको क्रममा ह्रस्व-दीर्घ सम्बन्धी लेखन मात्रा प्रयोगमा शब्दादिमा मात्र नभई शब्दमध्यमा पनि विद्यार्थीहरूले धेरै त्रुटिहरू गरेका छन् । यस क्षेत्रमा खास गरी नाम र क्रियावर्गका शब्दहरूमा त्रुटिहरू रहेका छन् । यस क्षेत्रमा अधिकाशं विद्यार्थीहरूले गरेका त्रुटिको प्रकृति मिल्दोजुल्दो पाइएको छ । शब्दमध्यमा दीर्घ लेखेर निम्न शब्दहरूमा त्रुटि गरेको पाइएको छः

- मन्दीर
- मानीस
- प्रतीज्ञा
- कवीता
- गईन्

- भनीन

- संगीनी

- भन्छीन्

नेपाली भाषामा प्रचलित शब्दहरूलाई लेख्य रूपमा ह्रस्व र दीर्घ इकार र उकार प्रयोग गरिन्छ । शब्दमध्यमा ह्रस्व लेखिनुपर्ने शब्दहरूमा सरकारी र निजी क्षेत्रमा दुबै विद्यालयका विद्यार्थीहरूले दीर्घ लेखेको पाइयो । यो कुरा अनुसन्धानका क्रममा प्राप्त प्रमाणका आधारमा जानकारीमा आएको हो । लेखनका क्रममा केही शब्दहरूमा त्रुटि रहित वर्ण विन्यास प्रयोग भएको भेटिए तापनि सङ्ख्यात्मक रूपमा जो अति न्यून छन् । जस्तैः

- अमिलो

- बिहिवार

- बलियो

- पिसिनु

प्रस्तुत उदाहरणलाई अध्ययन गर्दा शब्दमध्यमा ह्रस्व लेखिने अवस्थाका शब्दहरू थुप्रै ठाउँमा दीर्घ लेखेको पाइयो भने कतैकतै चाहिँ ह्रस्व नै लेखेको पाइयो । साथै विद्यार्थीले पनि उही शब्दलाई कहिले ह्रस्व (ठिक) र कहिले दीर्घ (बेठिक) लेख्ने गरेको पाइयो । जो लेखाइ सम्बन्धमा भएको अभ्यासको कमी र सही वर्ण विन्यासको यकिन हुन नसकेको प्रमुख कारण पाइयो । जस्तैः

शरिर - शरीर

मानिस - मानीस

### ३.२.१.३ शब्दको अन्त्यमा त्रुटि

नेपाली भाषामा लिखित शब्दहरूको प्रयोगमा शब्दादि र शब्दमध्यमा त्रुटि गर्ने जस्तो प्रवृत्ति छ त्यस्तै गरी शब्दान्तमा ह्रस्व लेखिनु पर्ने शब्दहरूमा समेत दीर्घको प्रयोग गरी त्रुटि गरेको पाइयो । यस्ता त्रुटिहरू सामान्यतः नाम र अव्यय वर्गका शब्दहरूमा यस्ता त्रुटिहरू गर्ने विद्यार्थीहरू त्रुटि नगर्नेको तुलनामा बढी नै रहेका छन् । शब्दका अन्त्यमा दीर्घ इकार लेखेर त्रुटि भएका शब्दहरू निम्नानुसार छन्:

- भोली

- नाती

- पती

- दाई

- अगाडी

- अनी

- वारी

- निम्ती

- मुनी

यस क्षेत्रमा सम्पूर्ण विद्यार्थीहरूले लेखनकार्य  गर्दा त्रुटि नगरेको एउटै मात्र शब्द भेटियो जो शब्द हो: "कसरी"अध्ययनको समग्रमा भन्ने हो भने त्रुटिको क्षेत्रहरूको पहिचानका क्रममा त्रुटिको प्रकृति प्रायः एउटै शब्दमा धेरै विद्यार्थीहरूबाट भएको पाइएको छ । केही विद्यार्थीले एउटामा त अन्य केही विद्यार्थीले अर्कोमा त्रुटि गर्ने गरेको पनि पाइयो । त्रुटि गर्ने विद्यार्थीको सङ्ख्या त्रुटि नगर्नेको सङ्ख्याभन्दा केही कम रहेको पाइयो । सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूले गर्ने त्रुटिका क्षेत्रहरू प्रायः एउटै खालका रहेको पाइएको भएतापनि प्रतिशतका हिसाबले निजी भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूले बढी त्रुटि गरेका छन् । यसरी त्रुटिको मात्रालाई शब्दवर्गगत अनुपातमा हेर्दा बढी त्रुटिहरू नाम, विशेषण, अव्यय र सर्वनाम शब्दहरूमा भएको भेटिएको छ ।

### ३.२.२ ह्रस्व उकार सम्बन्धी त्रुटि

#### ३.२.२.१ शब्दादिमा त्रुटि

नेपाली भाषाको लेखनमा उचित स्थानमा उपर्युक्त वर्ण र मात्राको प्रयोग नहुनु पनि त्रुटिको प्रमुख कारक हो । त्यस्तै खालको त्रुटि मध्ये लेखनमा ह्रस्व उकारको प्रयोग सम्बन्धी त्रुटि पनि एक हो । यस क्षेत्रमा शब्दादिमा ह्रस्व उकार लेख्नु पर्ने स्थानमा पनि दीर्घ ऊकार लेखने बानीले वर्ण विन्यासको क्षेत्रमा त्रुटि हुने गरेको भेटियो । अनुसन्धानका क्रममा प्रस्तुत गरिएका शब्दहरूको प्रयोगबाट र श्रुति लेखन कार्यमा प्रयोग गरिएका शब्दहरूको

परीक्षणबाट त्रुटि क्षेत्रहरू पहिचान भएको हो । प्रयोगका क्रममा विद्यार्थीहरूबाट भएका त्रुटिहरू निम्न लिखित छन्:

- सूत्नु
- कूकाठ
- दूर्व्यवहार
- गूण
- भूसुक्क
- कून
- सून
- ऊनी (सर्वनाम)
- कूविचार
- कूपुत्र

प्रस्तुत शब्दहरूमा धेरैजसो विद्यार्थीहरूले त्रुटि गरेको पाइयो । जसमा नाम, सर्वनाम, विशेषण, क्रिया आदि वर्गका शब्दहरूमा ह्रस्व उकार लेख्नु पर्नेमा दीर्घ ऊकारको प्रयोग गरी विद्यार्थीहरूले त्रुटि गरेका छन् । यस्तो त्रुटि पाइनुमा शिक्षणका क्रममा शब्दश्रोत, अर्थ र लेखन अभ्यासमा कमी हुनुबाट भएको पाइन्छ । उपर्युक्त पक्षमा शिक्षणका क्रममा ध्यान पुऱ्याउँदा त्रुटिलाई न्यून गर्न सकिन्छ ।

### ३.२.२.२ शब्दमध्यमा त्रुटि

नेपाली भाषाको लेखनमा विद्यार्थीहरूले ह्रस्व र दीर्घ उकारको प्रयोग शब्दादिमा झैं शब्दमध्यमा पनि त्रुटिपूर्ण रूपमा गरेको अध्ययनका क्रममा पाइयो । त्रुटि भएका शब्दहरू प्रायः नाम, विशेषण अग्रपङ्क्तिमा रहेको पाइयो । शब्दमध्यमा ह्रस्व उकार प्रयोग गर्नु पर्नेमा दीर्घ प्रयोग गरी त्रुटि भएका शब्दहरू निम्न रहेका छन् :

- मुजूर
- हजूर

- लुसूक्क

- अवगूण

- बाटूलो

- नमूना

- ढुकूर

माथिका शब्दहरूलाई हेर्दा विद्यार्थीहरूले एउटै क्षेत्रका शब्दको प्रयोगमा त्रुटियुक्त र त्रुटिमुक्त अवस्था सिर्जना गरी आफै अन्योलमा परेको पाइयो । तापनि त्रुटिको स्वरूपलाई शब्दमध्यमा दीर्घ ऊकारको प्रयोग हुनेमा उनीहरू ढुक्क भएको पाइयो । शिक्षणका क्रममा शब्दमध्यमा ह्रस्व-दीर्घ सम्बन्धी नियमको जानकारी बिना विद्यार्थीहरूलाई अभ्यास गराउँदा उनीहरू अलमलमा परेको पाइयो ।

प्राप्त तथ्यका आधारमा शिक्षणका क्रममा शब्दश्रोत, नियमको जानकारी र अभ्यासलाई समानुपातिक जोड दिएमा बढी फलदायी हुने देखियो ।

### ३.२.२.३ शब्दान्तमा त्रुटि

नेपाली भाषालाई लिखित रूपमा प्रयोग गर्दा विद्यार्थीहरूले शब्दादिमा पनि उकार सम्बन्धी ह्रस्व-दीर्घको प्रयोगमा त्रुटिहरू गरेको पाइयो । सङ्ख्यात्मक रूपमा हेर्दा शब्दादि र शब्दमध्यमा भन्दा शब्दान्तमा यसको प्रयोगमा त्रुटि गर्ने विद्यार्थी सङ्ख्या एक तिहाइ मात्र रहेको पाइयो । जस्तैः

- भिनाजू

- फुपाजू

- विर्सनू

- रमाउनू

- तराजू

यस्ता किसिमका त्रुटिहरू खास गरी नाम, विशेषण, क्रिया र अव्ययका क्षेत्रमा भेटिएका छन् । शब्दान्तमा ह्रस्व उकारको प्रयोग क्षेत्र पनि केही कम हुनु र अध्ययनको सन्दर्भमा कक्षा ८ को नेपाली पुस्तकमा समेत त्यस्ता शब्दहरूको प्रयोग कम

भएका कारण समेत त्रुटिको अनुपातमा केही न्यूनता आएको पाइयो । शब्दमा ह्रस्व उकारको प्रयोगको क्षेत्र समेत कमै भएकोले शिक्षक विद्यार्थीहरूले समेत थप सतर्कता अपनाइ त्रुटि कम गर्नु जरूरी देखिन्छ ।

## ३.३ दीर्घ ईकार, ऊकार सम्बन्धी त्रुटि

वर्ण विन्यासका क्षेत्रमा देखापर्ने विभिन्न त्रुटिहरू मध्ये दीर्घ ईकार र ऊकार सम्बन्धी त्रुटि पनि एक मुख्य क्षेत्र हो । दीर्घ ईकार र ऊकार (मात्रा) सम्बन्धी त्रुटिहरू तल्लादेखि माथिल्ला कक्षाहरूमा समेत देखिन्छन् । जो सङ्ख्यात्मक हिसाबले धेरै थोरै रहन सक्छन् । निमावि तहको कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरूले पनि यस प्रकारका त्रुटिहरू गर्ने गर्दछन् । लेखनका क्रममा मात्राको सही प्रयोग गर्न नसक्दा शब्दले दिने अर्थमा समेत फरक पर्न सक्ने र सम्प्रेषण गर्न खोजेको भावसमेत स्पष्ट हुँदैन । यसकारण मात्रागत प्रयोगमा हुने त्रुटिलाई हटाई शुद्ध भाषिक लेखनको लागि दीर्घ सम्बन्धी प्रयोगलाई ठिक किसिमले गरिनु पर्दछ । कथ्य भाषामा प्रयोग हुने शब्दमा मात्रा सम्बन्धी विविधताले खासै फरक नपर्ने भए पनि लेख्य रूपमा त्यस्तो नहुँदा विशेष ख्याल गर्नु पर्ने हुन्छ । दीर्घ लेखिने वर्णहरूको मात्रामा दाहिना वा बर्धने लागेका उच्चारण गर्न समय बढी लाग्ने हुन्छ । ती वर्ण नै दीर्घ वर्ण हुन् । दीर्घको प्रयोगलाई स्पष्टसँग बुझ्नको लागि निम्न तालिका प्रस्तुत गरी देखाइएको छ:

| किसिम | दीर्घ | |
|---|---|---|
| भेद | दाहिना | बर्धने |
| सङ्केत | ी | ू |
| उच्चारण | की | कू |
| | ती | तू |
| | पी | पू |
| | शी | शू |

### ३.३.१ दीर्घ ईकार सम्बन्धी त्रुटि

#### ३.३.१.१ शब्दादिमा त्रुटि

नेपाली भाषाको लेख्य रूप सिक्ने र यसको प्रयोग गर्ने अवस्थामा कथ्य भाषामा प्रयोग भएका शब्दहरूको लेख्य रूपको सही प्रयोग नगरी त्रुटिपूर्ण लेखन गरेको पाइन्छ । 'ई'

वर्णको उचित स्थानमा प्रयोग भएको नपाइएको हुँदा वर्ण विन्यास सम्बन्धी त्रुटि क्षेत्रमा परिचित भएको छ । निमावि तहको कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषा लेखनको क्रममा निम्न अनुसार त्रुटिहरू गरेको पाइयोः

- ति
- यि
- तिन
- बिस
- जिवनी
- टिका
- सिता (स्त्रीलिङ्गी नाम)

माथिका शब्दहरूलाई हेर्दा शब्दको सुरूमा दीर्घ लेख्नु पर्ने स्थानमा ह्रस्व लेखेर भन्न खोजेको कुरा स्पष्ट रूपमा व्यक्त गर्न नसेकेका कारण वर्ण विन्यासगत त्रुटि गरेको पाइयो । सरकारी र निजी दुबै विद्यालयका विद्यार्थीहरूको यस क्षेत्रको त्रुटिको प्रकृति प्रायः समान खालको भेटियो । तुलनात्मक रूपमा हेर्दा निजी विद्यालयका विद्यार्थीहरूले केही मात्रामा कम त्रुटि गरेको पाइयो तापनि सबै विद्यार्थीहरूले कहीँ न कहीँ त्रुटि भने गरेको पाइयो । यस्ता त्रुटि नाम, सर्वनाम, विशेषण र सङ्ख्यावाचक शब्दमा बढी मात्रामा गरेको भेटियो ।

### ३.३.१.२ शब्दमध्यमा त्रुटि

लेख्य भाषाको सन्दर्भमा त्रुटि क्षेत्रलाई अध्ययनद्वारा पहिचान गर्दा शब्दादिमा झैँ शब्दमध्यमा पनि सिकारूहरूले त्रुटि गर्ने गर्दछन् । अनुसन्धानको सिलसिलामा छानिएका निमावि तहका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले यस क्षेत्रमा पनि धेरै मात्रामा त्रुटिहरू गरेको पाइएको छ । अध्ययनको क्रममा प्रयोग गरिएका शब्दहरू मध्ये विद्यार्थीहरूले त्रुटिपूर्ण वर्ण विन्यास प्रयोग गरेका शब्दहरू निम्नानुसार छन्:

- परिक्षा
- अतित

- शिरिष

- उत्तिर्ण

- गम्भिर

- एक्काइस

- पचिस

- प्राचिन

- समकालिन

- बिहिबार

नेपाली भाषाको लेखनमा शब्दमध्यमा दीर्घ ईकार लेखिनु पर्ने कतिपय शब्दहरूमा ह्रस्व प्रयोग गरेको र धेरै जसो विद्यार्थीहरूले एकै प्रकारका त्रुटिहरू गर्ने गरेको पाइयो । माथिका शब्दहरूमा विद्यार्थीले दीर्घका ठाउँमा ह्रस्व इकार प्रयोग गरी समान खालको त्रुटि गरेको भेटियो । यसरी त्रुटि भएका शब्दहरू वर्गगत हिसावले नाम, विशेषण क्षेत्रका शब्दहरू नै अधिक रहेको पाइयो । विद्यार्थीहरूलाई वर्ण विन्यासको नियम र शब्द निर्माण तथा स्रोतका बारेमा जानकारी दिँदै अभ्यास तथा पुनरावृत्तिद्वारा शिक्षण गरेमा त्रुटिमा कमी ल्याउन सकिने देखियो ।

### ३.३.१.३ शब्दान्तमा त्रुटि

नेपाली भाषा शिक्षण र सिकाइका क्रममा विद्यार्थीहरूले भाषिक क्षेत्रका बिभिन्न तहमा वर्ण विन्यास सम्बन्धी त्रुटिहरू गर्ने गर्दछन् । अनुसान्धानका क्रममा लेखनमा शब्दादि र शब्दमध्यमा जस्तै शब्दको अन्त्यमा पनि त्रुटिहरू गर्ने गर्दछन् । यस कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूले शब्दान्तमा दीर्घ ईकार लेख्नु पर्ने स्थानमा ह्रस्व इकार लेखेर शब्दको लेखनमा धेरै त्रुटिहरू गरेको देखियो । अध्ययनका क्रममा विद्यार्थीहरूले निम्न शब्दहरूमा त्रुटि गरेको पाइयोः

- पानि

- रानि

- उनि

- यीनि

- हामि

- बहिनि

- कालि

- साइलि

उपर्युक्त शब्दहरू नेपाली भाषामा धेरै मात्रामा प्रयोग हुन्छन् । बढी प्रचलित शब्दहरू भए पनि यस तहका विद्यार्थीहरूले वर्ण विन्यास सम्बन्धी शुद्ध र अशुद्धको भेदमा ध्यान नपुऱ्याउँदा त्रुटि गरेको पाइयो । यस क्षेत्रमा त्रुटि गर्ने विद्यार्थीको सङ्ख्या ६० प्रतिशत रहेको थियो । विद्यार्थीहरूमा वर्ण विन्यास सम्बन्धी अभ्यासको कमीले गर्दा यस क्षेत्रमा त्रुटि रहेको देखिन्छ ।

### ३.३.२ दीर्घ ऊकारसम्बन्धी त्रुटि

#### ३.३.२.१ शब्दादिमा त्रुटि

अनुसन्धानका लागि नमुना छनौटमा परेका विद्यार्थीहरूले दीर्घ ऊकार सम्बन्धी थुप्रै त्रुटि गरेको पाइयो । यस्ता त्रुटिहरू मध्ये शब्दादिमा दीर्घ ऊकार प्रयोग गर्नु पर्ने शक्दहरूमा समेत ह्रस्व उकार प्रयोग गर्नाले त्रुटिहरू भएको पाइयो । यस्ता खाले त्रुटि गर्ने बिद्यार्थीहरू करीब ६७ प्रतिशत रहेका छन् । यस क्षेत्रमा त्रुटि देखिएका शब्दहरू निम्नानुसार छन्:

- उ

- पुजा

- रुख

- बुदो

- सुर्य

- फुल (पुष्प)

- बुढो

- न्युन

- मुल्य

- पुज्य

- सुत्र

- शुन्य

- मुर्ख

नेपाली भाषाका कतिपय शब्दहरू विद्यार्थीले बारम्बार प्रयोग गर्ने गरेको भए पनि उनीहरूको ह्रस्व-दीर्घ सम्बन्धी हेक्का नराखी लेख्ने गरेको पाइयो । साथै बक्ताले भन्न खोजेको विचार स्पष्ट नभई पाठक अलमलमा परेको समेत पाइयो । विद्यार्थीले पटक पटक प्रयोग गरेको शब्द लेखनमा समेत अर्थ नबुझी त्रुटिपूर्ण वर्ण विन्यासको प्रयोग गरेको पाइन्छ । विशेषतः नाम, सर्वनाम र विशेषणमा बढी त्रुटि गर्ने गरेको भेटियो । त्रुटिको प्रकृतिलाई हेदा अभ्यासको अभाव रहेको कुरा प्राप्त तथ्यबाट स्पष्ट हुन आएको छ ।

### ३.३.२.२ शब्दमध्यमा त्रुटि

नेपाली भाषा लेखनका क्रममा शब्दादिमा मात्र नभई शब्दमध्यमा पनि त्रुटि भएको पाइन्छ । लिखित रूपमा दीर्घ ऊकार प्रयोग गरिनुपर्ने शब्दमध्यमा पनि ह्रस्व उकार प्रयोग गरेको पाइएको छ । यसरी दीर्घ ऊकार लेख्नु पर्ने ठाउँमा प्रयोग गर्ने सन्दर्भमा कुनै न कुनै विद्यार्थीले कुनै न कुनै स्थानमा त्रुटि गरेको पाइयो । अध्ययनका क्रममा प्रयोग गरिएका केही त्रुटिपूर्ण शब्दहरू यस प्रकार रहेका छन्:

- समुह

- सम्पुर्ण

- महत्वपुर्ण

- आभुषण

- पीयुष

- आफुले

- प्रदुषण

- अनुभुति

- बहुमुल्य

- कुतुहल

- नाँचुन

यी माथिका शब्दहरूको अध्ययन गर्दा विद्यार्थीहरूले दीर्घ ऊकारको प्रयोग गर्नु पर्ने स्थानमा ह्रस्व उकारको प्रयोग गरेको पाइयो । विद्यार्थीको यस क्षेत्र सम्बन्धी त्रुटिहरू अर्थ पहिचानको अभाव र पाठ्य पुस्तकमा उपर्युक्त वर्ण विन्यास सम्बन्धी पर्याप्त मात्रामा अभ्यासको कमीले गर्दा हुने गरेको कुरा तथ्यबाट स्पष्ट हुन आएको छ ।

**३.३.२.३ शब्दान्तमा त्रुटि**

नेपाली भाषाको लेख्य रूपलाई प्रयोग गर्दा शब्दान्तमा दीर्घ ऊकार लेखिने शब्दहरूमा समेत ह्रस्व उकारको प्रयोग गरी विद्यार्थीहरूले त्रुटि गरेका छन् । यस क्षेत्रमा अभ्यासको कमीले गर्दा विद्यार्थीहरूमा त्रुटिको मात्रामा वृद्धि भएको देखिन्छ । पाठ्य पुस्तकमा शब्दान्तमा दीर्घ ऊकारको प्रयोग हुने शब्दहरूको कमी, वर्ण विन्यास सम्बन्धी नियमको ज्ञान नहुनु र शब्दान्तमा दीर्घ ऊकार लेख्ने अभ्यास नहुनुका साथै शिक्षकद्वारा त्रुटिक्षेत्र देखाई सही वर्ण विन्यास सम्बन्धी अभ्यासमा शिक्षकले जोड नदिँदा समेत त्रुटिको सङ्ख्यामा वृद्धि भएको पाइन्छ । यस क्षेत्रसँग सम्बन्धित त्रुटियुक्त देखिएका शब्दहरू निम्नानुसार छन्:

- आफु

- पढुँ

- फुपु

- भाउजु

- जाउ

- उ

- देउ

- लिम्बु

- बाबु (स्नेहवाची)

- बनाउ

यसरी माथि औँल्याइएका त्रुटिहरूलाई हेर्दा शब्दान्तमा दीर्घ ऊकार लेख्नु पर्ने शब्दहरूमा ह्रस्व उकार लेखेर त्रुटि गरेको पाइयो । क्षेत्रगत हिसाबले प्रायजसो विद्यार्थीहरूले नाम, सर्वनाम र क्रिया वर्गका शब्दहरूमा अधिक त्रुटि गरेको पाइयो ।

#### ३.३.२.४ सारांश

नेपाली भाषा अध्ययन र अध्यापनको क्षेत्रमा वर्ण विन्यास सम्बन्धी अध्ययन एक महत्वपूर्ण क्षेत्र मानिन्छ । यस क्षेत्र अर्न्तगत ह्रस्व र दीर्घ पनि एक प्रमुख क्षेत्र हो । ह्रस्व दीर्घ भन्नाले लेख्य भाषामा प्रयोग गरिने मात्राहरू (इ-ई, उ-ऊ, ि-ी र ु-ू) हुन् । यस्ता विविध प्रकारका मात्राहरूको प्रयोग लेखनका सिलसिलामा शब्दादि, शब्दमध्य र शब्दको अन्त्यमा हुन्छन् । यी मात्राहरूको समुचित प्रयोग गर्न नसकेर नै विद्यार्थीहरूले वर्ण विन्यास सम्बन्धी त्रुटिहरू गर्दछन् ।

ह्रस्व लेखनका क्रममा शब्दादिमा भन्दा शब्दमध्यमा र शब्दान्तमा नाम, सर्वनाम, विशेषण, क्रिया र अव्ययका क्षेत्रमा बढी त्रुटिहरू गरेको पाइन्छ । त्यसै गरी दीर्घ मात्राको प्रयोगमा शब्दान्तको तुलनामा शब्दादि र शब्दमध्यमा अधिक त्रुटि गरेको भेटियो ।

खास गरी ह्रस्व लेख्नु पर्ने स्थानमा दीर्घ र दीर्घ लेख्नु पर्ने स्थानमा ह्रस्व लेखी विद्यार्थीहरूले यस क्षेत्रमा त्रुटिहरू गरको पाइयो । तुलनात्मक रूपमा ठुलो भिन्नता नरहे पनि निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूले यस्ता त्रुटिहरू बढी गरेका छन् । ह्रस्व र दीर्घ प्रयोग सम्बन्धी नियमको पूर्ण जानकारी नहुनु, अभ्यासमूलक शिक्षण सिकाइको अभाव रहेको, पाठ्य पुस्तकहरूमा प्रसस्त उदाहरण र प्रयोगको कमी र विद्यार्थी शिक्षकको वर्ण विन्यास सम्बन्धी कम वास्ताका कारण यस्ता त्रुटिहरू हुने गरेको तथ्य पाइयो ।

## ३.४ श, ष, स सम्बन्धी त्रुटिहरूको विश्लेषण

### ३.४.१ परिचय

नेपाली भाषामा प्रयोग गरिने श, ष, स को प्रयोगका (तथ्य) आधारमा अध्ययन तथा विश्लेषण गर्ने कार्यलाई यस अध्यायमा सीमित गरिएको छ । नेपाली भाषाको वर्णमालामा तिन वटा 'स' को प्रयोग गरिएको छ । बोलचालको नेपाली भाषामा एउटा मात्र 'स' वर्णको

प्रयोग हुने भए पनि वर्ण विन्यासको नियम अनुसार भाषाको लिखित रूपमा श, ष वर्णहरू समेत प्रयोग हुन्छन् । उच्चारण स्थानको आधारमा यिनलाई तालुबाट उच्चारण हुनेलाई तालव्य 'श' वर्त्स्यबाट उच्चारण हुनेलाई वर्त्स्य 'स' र मूर्धाबाट उच्चारण हुनेलाई 'ष' भनिन्छ । यिनीहरूलाई मोटो 'श' पेटफाऱ्यो 'ष' र पातलो 'स' भनिन्छ (शर्मा, २०३६:४२) यसरी विज्ञहरूले वर्णहरूको वर्गीकरण गरेका छन् ।

नेपाली भाषाको वर्णमालामा तिन प्रकारका 'स' वर्णलाई प्रयोगमा ल्याइएको भए तापनि उच्चारण चाँहि प्रायः 'स' नै गरिन्छ । श, ष, स वर्णहरू भाषाका अर्थ भेदक वर्णहरू होइनन् (अधिकारी २०५३:११२) । नेपाली भाषामा लेख्य रूपमा प्रयोग गरिने र गरिँदै आएका तिन प्रकारका 'स' वर्णहरू भए पनि उच्चारणका आधारमा कथ्यमा साखै भिन्नता नहुने र सुनाइमा समेत फरक नसुनिने भएकोले पनि विद्यार्थीहरूले यी वर्णहरू (श, ष, स) को प्रयोगमा धेरै नै त्रुटि गरेको भेटियो । 'स' वर्णको प्रयोगमा उच्चारणगत भिन्नता, अर्थभेदक अवस्था नहुने र कुन प्रसङ्गमा कुन 'स' को प्रयोग विद्यार्थीहरूले कहाँ, कसरी, किन गर्ने भन्ने ज्ञानको अभावमा 'स' वर्णको छनोटमा अलमल परी त्रुटिहरू गर्ने गर्दछन् । यसरी कुन शब्दको सुरु, मध्य र अन्त्यमा कुनचाहिँ 'स' लेख्ने भन्नेकुरामा उनीहरू अन्योलमा परी झुक्कि रहेको अवस्था अध्ययनबाट स्पष्ट हुन आएको छ । नेपाली भाषाको लेखनमा प्रयोग गर्नु पर्ने 'श' वर्णका ठाउँमा विद्यार्थीहरूले 'ष' वा 'स' वर्ण लेखेर त्रुटि गर्दछन् । त्यस्तै गरी 'ष' लेख्नु पर्ने स्थानमा 'श' वा 'स' लेखेर र 'स' लेख्नु पर्ने स्थानमा 'श' वा 'ष' लेखेर धेरैजसो विद्यार्थीहरूले वर्ण विन्यास सम्बन्धी त्रुटिहरू गर्ने गरेको पाइन्छ । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले पनि शिक्षण सिकाइको सुरु अवस्थामा कुन 'स' लाई लिखित रूपमा कुन ठाउँमा प्रयोग गर्ने गर्दछन् र विद्यार्थीहरूले यस क्षेत्रमा के केस्ता प्रकृतिका त्रुटिहरू गर्दछन् भन्ने जस्ता कुराको प्राप्त वस्तुनिष्ठ तथ्यको आधारमा अलग अलग रूपमा औंल्याएर ब्याख्या र विश्लेषण गरिएको छ :

### ३.४.२ 'श' को प्रयोगमा त्रुटि

लेख्य नेपाली भाषामा प्रयोग हुने मोटो 'श' वर्णको स्थानमा विद्यार्थीहरूले 'स' वर्णको प्रयोग गरेर त्रुटि गर्ने गर्दछन् । नेपाली भाषाको लेखनमा प्रयोग हुने 'श' वर्णलाई तालव्य 'श' भनिन्छ । नेपाली भाषामा प्रयोग हुने संस्कृतका तत्सम शब्द र विर्सग (:) प्रयोग हुने स्थानमा प्रायः 'श' वर्णको प्रयोग हुन्छ । त्यस्तै गरी फारसी भाषाबाट नेपालीमा आएका आगन्तुक शब्दहरू जो तालब्य 'श' उच्चारण हुने हन्छन् ती सबै

वर्णहरूमा ‘श’ नै लेखिन्छ । जस्तैः Question (कोइश्चन) र Fashion (फेसन) शब्दको उच्चारणमा ‘श’ लेखिन्छ । नेपाली भाषामा ‘श’ भन्दा अगाडि ‘स’ र ‘ष’ भन्दा अगाडि ‘श’ लेखिन्छ । शब्द भण्डारको बृद्धि गर्ने क्रममा धेरै शब्दहरू तत्सम, तद्भव र आगन्तुकको रूपमा नेपाली भाषामा वर्त्स्य ‘स’ को प्रयोग अधिक स्थानमा हुने भएकोले मोटो ‘श’ को प्रयोगमा विद्यार्थीहरू अलमलमा परी अन्य ‘स’ वर्णको प्रयोग गरी प्रायः वर्ण विन्यास सम्बन्धी त्रुटि गरेको पाइयो । अनुसन्धानका लागि नमुनाका रूपमा लिइएका विद्यार्थीहरू मध्ये निजी विद्यालयका १७ जना र सरकारी विद्यालयका २२ जना विद्यार्थीहरू त्रुटि गरेको भेटियो भने बाँकी २१ जनाले मात्र शुद्ध वर्ण ‘श’ को प्रयोग गर्न सक्षम भएको पाइयो । अध्ययनका क्रममा विद्यार्थीहरूले अशुद्ध वर्ण विन्यासको प्रयोग गरेका केही शब्दावलीहरू निम्न लिखित रहेका छन् :

- सिर
- सिव
- आसय
- सिला
- अवकास
- विस्व
- पाठसाला
- वैसाख
- प्रकास
- पसुपति

यस अध्ययनमा तालव्य ‘श’ को स्थानमा वर्त्स्य ‘स’ को अधिक मात्रामा प्रयोग गरेको देखिन्छ । सुरुमा विद्यार्थीहरूलाई कुन ‘स’ कुन स्थानमा कस्ता प्रकृति र स्रोतका शब्दहरूमा प्रयोग गरिन्छ भन्ने कुराको प्रचुर मात्रामा ज्ञान नभई त्रुटि गरेको देखियो । यसका लागि अभ्यास तथा पुनरावृत्तिमूलक क्रियाकलाप र जानकारी गराउनु पर्दछ । शब्दमूल तथा त्यसबाट उत्पन्न हुने अर्थको बारेमा समेत जानकारी नहुँदा पनि यस्ता प्रकारका त्रुटिहरू हुन पुगेको देखिन्छ । विभिन्न शब्द लेखनका क्रममा त्रुटि गर्ने गरेको

भेटिए पनि धेरैजसो छात्र छात्राहरूले निम्न शब्दहरूको लेखजका हकमा भने 'श' वर्णको प्रयोग त्रुटि नगरी लेखेको पाइयो :

- अंश
- शिक्षक
- शुक्रबार

यो तथ्यका आधारमा माथिका शब्दहरूलाई हेर्दा त्रुटि नभएका शब्दहरूभन्दा त्रुटि भएका शब्दको सङ्ख्या केही बढी छ । अध्ययनबाट कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले मोटो 'श' वर्णको प्रयोगमा अलमलमा परी शब्दादि, शब्दमध्य र शब्दान्तमा समेत पातलो 'स' वर्णको प्रयोग गरी त्रुटि गरेको देखिन्छ । यस अनुसन्धानको आधारमा प्राप्त तथ्यबाट के पुष्टि हुन्छ भने यो तहका छात्र छात्राहरूले लेखनमा प्रयोग गर्नु पर्ने तिन वटै 'स' वर्णको प्रयोग कुन स्थानमा कसरी हुन्छ भन्ने कुराको जानकारी पाउन नसकेको हुनाले त्रुटि गरेको पाइनुका साथै ती त्रुटि निराकरण गर्न गाह्रो भएको देखिन्छ ।

## ३.४.३ 'ष' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषाका तत्सम शब्दहरूमा अधिकांश प्रयोगमा ल्याइने मूर्धन्य 'ष' वर्ण तद्भव र आगन्तुक शब्दहरूमा समेत प्रयोगमा आएको पाइन्छ । नेपालीमा प्रयोग हुने 'स' वर्णको स्थानमा मूर्धन्य 'ष' वर्णको प्रयोग गर्दा विद्यार्थीहरूले अत्यधिक मात्रामा त्रुटि गर्दछन् । खास गरी ठेट नेपाली भाषाका शब्दहरूमा क, ट, ठ, ड, ण वर्णको अगाडितिर, स्वरवर्णको लगत्तै पछाडि 'षट' जोडिएर बनेका शब्दमा 'ष' को प्रयोग गर्नुपर्दछ । अध्ययनबाट प्राप्त तथ्यलाई विश्लेषण गर्दा मूर्धन्य 'ष' वर्ण लेख्नु पर्ने स्थानमा 'श' वा 'स' वर्णको प्रयोग गर्न पुगी विद्यार्थीहरूले त्रुटि गर्न पुगेको पाइयो । यस क्षेत्रमा त्रुटि गर्ने विद्यार्थीहरूको सङ्ख्यालाई हेर्दा अध्ययनका लागि छनौट भएका ६० जना छात्रछात्राहरू मध्ये निजी विद्यालयका १७ जना र सरकारी विद्यालयका २२ जना विद्यार्थीहरूले त्रुटि गरेको पाइयो । त्रुटि नगरी शुद्ध वर्ण विन्यास प्रयोग गर्ने छात्रछात्राको सङ्ख्या २१ भेटियो । प्राप्त तथ्यलाई हेर्दा कहीँ न कहीँ त्रुटि गरेको पाइयो । यस्ता त्रुटिहरू 'ष' वर्ण प्रयोग गर्नुको सट्टा 'श' वा 'स' वर्णको प्रयोग गर्नाले भएको भेटियो । जस्तै:

- पोसण
- विशेसण
- विशेसता
- भूशण
- शिस्य
- विशेश
- रूस्ट
- कृस्ण

माथिका शब्दहरूको लेखन सम्बन्धी तथ्यको अध्ययन गर्दा थोरै मात्र विद्यार्थीहरूले त्रुटिबिना 'ष' को प्रयोग गरेको भेटियो । त्रुटिको अवस्थालाई नियाल्दा प्रायः एउटै प्रकृतिका त्रुटि गरेको देखियो । अनुसन्धानका सिलसिलामा त्रुटि नगरेर शुद्ध रूपमा गरेका केही शब्दहरू पनि पाइएका छन् ।

जो निम्न लिखित हुन् । जस्तैः

- कृषक
- षट्कोण
- उष्ण

माथि तथ्यहरूको मूल्याङ्कनका आधारलाई हेर्दा विद्यार्थीहरू पेटफाऱ्यो 'ष' वर्णको ठाउँमा 'श' वा 'स' वर्ण लेखी धेरै नै त्रुटि गरेको भेटियो । यसका साथै विद्यार्थीहरूले धेरै अभ्यास र प्रयोग गरेका शब्दहरूका तुलनामा कम प्रयोगमा आउने र तत्सम स्रोतका शब्दहरूमा प्रसस्त त्रुटि भेटियो ।

### ३.४.४ 'स' को प्रयोगमा त्रुटि

नेपाली भाषाको लिखित रूपमा 'श', 'ष' र 'स' तिन किसिमका वर्णहरूको प्रयोग गरिने भए पनि नेपाली भाषाका झर्रा (ठेट) शब्दहरू लेख्ने सिलसिलामा चाहिँ वर्त्स्य/पातलो 'स' को प्रयोग अधिक मात्रामा भएको पाइन्छ । कथ्य स्वरूपको नेपाली भाषालाई लेख्य रूप दिने क्रममा धेरैजसो विद्यार्थीहरूले 'स' वर्णको उचित प्रयोगमा त्रुटि

गर्दछन् । त्रुटि गर्ने प्रमुख कारणहरूमध्ये कुन ‘स’ कुन शब्दको कुन स्थानमा प्रयोग गर्नु पर्छ भन्ने सन्दर्भमा विद्यार्थीहरू बढी अलमलमा पर्नेगरेको कुरा नै प्रमाणित भएको छ ।

वर्त्स्य/पातलो ‘स’ वर्णको प्रयोग नेपाली भाषाका तद्भव र आगन्तुक शब्दमा स, सत्, सह, सु, सम् उपसर्ग लागेका शब्दमा र अगाडि स्व, स्वयम् आउने शब्दमा गरिन्छ । प्राप्त तथ्यको अवलोकन तथा मूल्याङ्कनका सिलसिलामा ‘स’ वर्णको प्रयोग कार्यमा निम्नानुसार शब्दहरूको लेखनमा त्रुटि गरेको पाइयो । जस्तै :

- शौम्य
- शहिद
- लाश
- शुशिल
- आश्था
- मष्जिद
- शहर

नेपाली भाषामा प्रयोग गरिने लेख्य रूपका अन्य ‘स’ वर्णको तुलनामा पातलो ‘स’ को लेखनमा अलि कम त्रुटि गरेको पाइयो भने आधाभन्दा बढी शब्दहरूको लेखनमा ‘स’ को प्रयोग त्रुटि बिना नै गरिएको भेटियो । जस्तै :

- सास
- सत्तरी
- सान्तवना
- सयपत्री
- असोज
- बादशाह
- मुसो
- स्कूल

- सम्धी

- सुरक्षा

- सम्बोधन

- दास

- पुस्तक

- पसल

यसरी अनुसन्धानका क्रममा प्रयोगमा आएका शब्दहरूको आदि, मध्य र अन्त्यमा 'स' वर्णको प्रयोग गर्ने सिलसिलामा निजी विद्यालयका ११ जना छात्रछात्राले गल्ती गरेको पाइयो । त्यसै गरी सरकारी विद्यालय तर्फका १४ जना छात्र छात्राहरूले गल्ती गरेको पाइयो । नेपाली भाषामा प्रयोग गरिने तिन किसिमका (श, ष, स) वर्णहरू मध्ये अन्य 'स' वर्णको तुलनामा पातलो 'स' वर्णको प्रयोगमा कम त्रुटि गरेको पाइयो । साथै नेपाली भाषामा 'स' वर्णको प्रयोग अरू भन्दा बढी मात्रामा भएको पाइयो र त्रुटि पनि यसमा कमै मात्र भेटियो ।

### ३.४.५ सारांश

नेपाली भाषाको मौखिक रूपमा 'स' वर्णका उच्चारणगत भेदहरूलाई खासै छुट्टयाउन सकिन्न । लिखित रूपमा भाषा अभिव्यक्ति गर्दा भने तिन प्रकारका 'श', 'ष' र 'स' गरी फरक लेख्य लिपिको विशिष्ट रूपमा प्रयोग गरिन्छ । 'स' वर्णको लेखन र प्रयोगमा विद्यार्थीले केही न केही मात्रामा त्रुटि गरेको भेटियो । मोटो 'श' पेटफाऱ्यो 'ष' र पातलो 'स' मध्ये सबैभन्दा बढी मोटो 'श' वर्णको प्रयोगमा त्रुटि गर्ने गरेको भेटियो । त्यसपछि क्रमशः पेटफाऱ्यो 'ष' र पातलो 'स' को प्रयोगमा कम मात्रामा त्रुटिहरू गरेको पाइयो । 'स' वर्णको उपर्युक्त वर्ण विन्यासका लागि शब्दार्थ तथा शब्दस्रोतको जानकारी गराउँदै अभ्यासमूलक शिक्षण सिकाइ कार्यकलापहरूतर्फ जोड दिइएमा त्रुटि निराकरण गर्न सकिने देखिन्छ ।

## ३.५. य-ए, ब-व, क्ष-छे, ज्ञ-ग्यँ र रि-ऋ सम्बन्धी त्रुटिको विश्लेषण

### ३.५.१ 'य' र 'ए' को प्रयोगमा त्रुटि

कथ्य नेपाली भाषामा 'य' र 'ए' वर्णको उच्चारण गर्दा खासै भिन्नता नभई समान किसिमले उच्चारण गर्दै आएको पाइन्छ । तर यिनीहरूको लेख्य स्वरूप भने भिन्न-भिन्न किसिमले 'य' र 'ए' को ढाँचामा प्रयोग गरिन्छ । नेपाली भाषाको वर्णमाला अनुसार 'य' वर्ण अर्धस्वर वर्ण हो भने 'ए' चाहिँ स्वरवर्ण हो । नेपाली भाषाको लिखित य, यि, यी जस्ता अर्धस्वर वर्णहरूको प्रयोग कमै मात्रामा गरिन्छ भने ए, इ, ई जस्ता स्वर वर्णहरूको अधिक रूपमा प्रयोग गर्ने गरिन्छ । अध्ययनका क्रममा विद्यार्थीहरूले यी वर्णको प्रयोग हुने स्थानमा समुचित छनोट र प्रयोग गर्नमा अलमलमा परी त्रुटि गरेको भेटियो । खास गरी स्वर वर्ण 'ए' प्रयोग गर्नु पर्ने स्थानमा व्यञ्जन वर्ण (अर्धस्वर वर्ण) 'य' र व्यञ्जन वर्ण 'य' लेख्नु पर्ने स्थानमा 'ए' लेखेर त्रुटिहरू गरेको भेटियो । त्यसै गरी लेखनका क्रममा यि-इ, यी-ई वर्णहरूलाई प्रयोग गर्दा विकल्पको रूपमा लेख्ने गर्दा समेत त्रुटि गर्ने गरेको पाइयो । नेपाली भाषाको कथ्य रूपमा त्यति भिन्नता नभएको कारण 'य' र 'ए' वर्णहरूको लिखित स्वरूपको प्रयोगमा अलमलमा पर्न गई कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले बढी त्रुटि गर्न पुगेको पाइयो ।

नेपाली भाषामा रहेका सम्पूर्ण वर्णहरूको उच्चारण गर्ने क्रममा उच्चारण कार्यमा संलग्न विभिन्न उच्चारण अवयवहरूको सक्रियतामा उच्चारित हुन्छन्, जसलाई ध्वनि अवयव पनि भनिन्छ । भाषा विज्ञानको सिद्धान्त अनुरूप स्वर तथा व्यञ्जन वर्णहरूलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ । उच्चारण स्थानको सैद्धान्तिक रूपमा निर्धारण गरिएको भए पनि व्यावहारिक रूपमा उच्चारण गर्ने क्रममा भने उच्चारित ध्वनिलाई त्रुटियुक्त भनी तोकिएको पाइँदैन । जस्तैः इ र ई ध्वनिको उच्चारण सिद्धान्ततः फरक भए पनि व्यावहारिक रूपमा त्यस्तो पाइँदैन । यी दुवैलाई स्वर वर्ण भनिन्छ । लेखनका क्रममा यी वर्णहरूको ह्रस्व र दीर्घ गरी दुई किसिमका लेखिन्छन् र यही आधारमा त्रुटियुक्त र त्रुटिमुक्त भनी यकिन गरिन्छ । 'य' र 'ए' वर्णलाई उच्चारण स्थान र घोषत्वका आधारमा वर्गीकरण गर्दा 'य' वर्ण तालव्य र घोष ध्वनि हो र यसको उच्चारण तालुबाट गरिनछ भने 'ए' वर्ण कण्ठ तालुबाट उच्चारण गरिन्छ र घोष ध्वनि नै हो । यसरी उच्चारण कार्यमा 'ए' र 'य' दुवै वर्ण तालुसँग सम्बन्ध रहेको पाइन्छ । जस्तैः आय, आए

त्यसै गरी उच्चारण गर्दा ए-ऐ, य-ये वर्णका बिचमा फरक देखाउन कठिन हुने हुँदा पनि विद्यार्थीहरूमा त्रुटि देखियो । जस्तैः खाए-खाऐ, पूज्य-पूज्ये जस्ता शब्दहरूमा वैकल्पिक वर्णहरूको छनौट गरेर त्रुटि गरेका थिए । निजी तथा सरकारी दुबै विद्यालयका छात्रछात्राहरूले 'य' र 'ए' वर्णको वैकल्पिक प्रयोग गरेको हुँदा त्रुटिको स्वरूप समान खालको रहेको पाइयो । वर्ण विन्यास सम्बन्धी नियमहरूको ज्ञानको अभाव, विद्यार्थीको तह र स्तर अनुसार अध्ययन अध्यापन नभएको, लेखन अभ्यासको अभाव तथा शिक्षकको समेत वर्ण विन्यास सुधारमा चासो कम रहेको कारणले गर्दा पनि विद्यार्थीहरूमा यस्ता समस्याहरू रहेका थिए ।

प्रस्तुत अध्ययनबाट 'य' र 'ए' वर्णको उचित स्थानमा प्रयोग गर्न नसकेर त्रुटि भएको पाइयो । ती विद्यालयका छात्र छात्राहरूबाट भएका त्रुटिहरूको मात्रामा खासै भिन्नता नपाइएकोले यस क्षेत्रमा जम्मा ६० जना विद्यार्थीहरू मध्ये ४० जनाले बिना कुनै त्रुटि लेखेको पाइयो भने बाँकी २० जनाले त्रुटि गरेको पाइयो ।

### ३.५.१.१ 'य' वर्णको प्रयोगमा त्रुटि

नेपाली भाषाको वर्णमालाको वर्गीकरण अनुसार 'य' व्यञ्जन वर्ण हो तापनि उच्चारण हुने क्रममा यो स्वरवर्ण र व्यञ्जनवर्ण मिश्रण जस्तो हुने भएकोले अर्धस्वर वर्ण हो । तर ए, इ वर्णहरू भने स्वरवर्ण हुन् । नेपाली भाषाको लेखन कार्यमा विद्यार्थीहरूले प्रस्तुत अध्ययनमा 'य' को स्थानमा 'ए' र 'ए' को स्थानमा 'य' लेखी त्रुटि गर्न पुगेका छन् । यी वर्णहरूको प्रयोग गर्ने क्रममा कक्षा ८ मा अध्ययारत विद्यार्थीका लागि नेपाली भाषाका पाठ्य पुस्तकमा खासै नियमहरू नदिइएको, शब्दस्रोत सम्बन्धी जानकारी नदिइएको हुनाले पाठ्य पुस्तकको सामान्यतः अनुलेखन र पूर्व अनुभवबाट लेखन सिपको विकासमा केही टेवा पुगेको पाइयो । तापनि 'य' र 'ए' को उचित प्रयोगमा अलमल परी वैकल्पिक रूपमा एक अर्कालाई प्रयोग गर्दा त्रुटि गरेका हुन् । अध्ययनका लागि छनौट गरिएका विद्यार्थीहरू मध्ये २१ जनाले त्रुटि गरेका छन् भने ३९ जनाले गरेका छैनन् । अनुसन्धानको क्रममा प्रयोग गरिएका शब्दहरूमा निम्नानुसार त्रुटि गरिएका छन् :

- गरिमामए
- वाचनालए
- एसतो

- गाईका (गीत गाउने महिला)

- एन्त्र

- डाएरी

- ई

उपर्युक्त शब्दहरू जस्ता त्रुटिपूर्ण शब्द लेखेको भए पनि अनुसन्धानको समयमा केही शब्दहरू भने त्रुटि नगरी लेखेको पाइयो । ती शब्दहरू निम्नानुसारका छन्:

- विद्यालय

- भरिया

- भारतीय

- जय

- समय

- रामायण

- खयर

- पायल

- यिनी

- यकिन

- यसको

- यदि

अध्ययनबाट प्राप्त तथ्यलाई मूल्याङ्कन गर्दा विद्यार्थीहरूले 'य' वर्णको प्रयोग गर्नु पर्ने स्थानमा 'ए' को प्रयोग गरी त्रुटिपूर्ण किसिमले लेखेका शब्दहरूको सङ्ख्या सहीको तुलनामा न्यून रहेको पाइयो । यस क्षेत्रको त्रुटिको पहिचान गर्ने क्रममा प्रयोग गरिएका सम्पूर्ण शब्दहरूको ३५ प्रतिशत मात्र शब्दहरूको लेखनमा त्रुटि गरेको पाइयो । अध्ययनबाट प्राप्त तथ्य अनुसार 'य' को स्थानमा 'ए' को प्रयोग गरी त्रुटि

गरेकोले सम्पूर्ण सहभागीहरूको त्रुटिको किसिम समान खालको पाइयो भने उनीहरूको प्रयोगमा प्रायः कम मात्रामा आउने शब्दहरूमा बढी त्रुटि गरेको पाइयो ।

### ३.५.१.२ 'ए' वर्णको प्रयोगमा त्रुटि

कथ्य नेपाली भाषामा खासै भिन्नता नभए पनि लेख्य रूपमा प्रयोग गर्ने क्रममा 'य' र 'ए' वर्णको प्रयोगमा एक-अर्कालाई वैकल्पिक रूपमा प्रयोग गर्नु त्रुटिपूर्ण मानिन्छ । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले अन्य वर्ण विन्यास सम्बन्धी छनोटका क्रममा गरेका त्रुटिझैँ 'ए' वर्णको प्रयोगमा समेत त्रुटि गरेको भेटियो । नेपाली भाषाको लेखनका क्रममा अधिकांश विद्यार्थीले यस क्षेत्रमा बढी त्रुटि गरेको पाइयो । खास गरी धेरैजसो सङ्ख्याबोधक शब्दमा प्रयोग हुने 'ए' वर्णको स्थानमा र केही नाम तथा क्रियापदहरूमा समेत वैकल्पिक रूपमा यसको प्रयोग गरेका छन् । अध्ययनबाट प्राप्त तथ्यका आधारमा विद्यार्थीहरूले 'ए' को स्थानमा 'य' र 'य' को स्थानमा 'ए' वर्णको प्रयोग गरी लेखनमा त्रुटि गरेको पाइयो । अनुसन्धानका क्रममा ११ जना विद्यार्थीहरूले यसको सही प्रयोगमा त्रुटि गरेका र ४९ जना विद्यार्थीहरूले त्रुटिबिना नै शुद्ध रूपमा वर्ण विन्यास गरेको पाइयो । अनुसन्धानबाट प्राप्त तथ्यलाई मूल्याङ्कन गर्दा निम्न शब्दहरूमा त्रुटिपूर्ण लेखन गरेको पाइएको छ :

- खायको
- पिएन
- यक्कासी (अचानक)
- यकानब्बे

माथि उल्लेखित शब्दहरूमा विद्यार्थीहरूले 'ए' को सट्टामा 'य' र 'य' को सट्टामा 'ए' लेखेर त्रुटि गरेको भए पनि यसको प्रयोगमा त्रुटि रहित शब्दहरू पनि छन् । ती निम्नानुसार छन्:

- एक
- एकतीस
- खाएर
- मानिएकी

- दिइएको

- लेखिएको

- सकिएको

उपर्युक्त तथ्यको आधारमा छनोट गरिएका शब्दहरू लेखनमा 'य' र 'ए' को प्रयोगमा विद्यार्थीहरूले त्रुटि गरेको भेटिए तापनि 'य' वर्णको तुलनामा 'ए' वर्णको प्रयोगमा रहेको त्रुटिको मात्रा न्यून छ । यसबाट 'ए' वर्णको ठिक वर्ण विन्यास गरी लेखन हुने सम्बन्धमा सन्तोष लिने ठाउँ भेटिन्छ ।

### ३.५.२ 'ब' र 'व/ओ' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषामा हुने 'ब' र 'व'/'ओ' वर्णलाई लिखित रूपमा फरक फरक लेखिने र उच्चारण गर्ने क्रममा समेत छुट्ट्याएर गर्न सकिन्छ तापनि यसलाई केलाएर उच्चारण गरिने बानीको विकास नगर्नाले 'ब' र 'व' को लेखनमा विद्यार्थीहरूले त्रुटि गरेको पाइन्छ । शब्दस्रोतका आधारमा नेपाली भाषामा तत्सम, तद्भव र आगन्तुक शब्दहरू रहेका छन् । झर्रा नेपाली शब्दमा 'ब' र 'व' को प्रयोगमा स्पष्ट रूपमा भिन्नता पाइन्छ भने तत्सम नेपाली शब्दहरूमा चाहिँ अधिकांश रूपमा 'व' लेखिने तर उच्चारण भने 'ब' हुने शब्दहरू पनि छन् । यी दुबै वर्णहरू विचको भिन्नतालाई उच्चारण स्थानका आधारमा पनि पहिचान गर्न सकिन्छ । हुनत 'ब' र व दुवै वर्णहरूको उच्चारण स्थान ओठ हो । तर 'ब' लाई पेट काटिन्छ र उच्चारण गर्दा ओठको प्रमुख भूमिका हुन्छ भने 'व' वर्ण लेखनमा पेट नचिरी लेखिन्छ र उच्चारण गर्दा चाहिँ ओठको प्रमुख र दाँतको सहायक भूमिका हुनुका साथै ओठ गोलो हुन्छ । त्यसै गरी 'व' वर्णलाई (व्यञ्जन वर्ण) नै नलेखेर कहिलेकाहीँ स्वर वर्णको 'ओ' पनि लेखिन्छ । यस वर्णको उच्चारण स्थान ओठ र तालु हो । मौखिक भाषामा 'ओ' (स्वर) वर्णलाई 'व' (व्यञ्जन) भनेर उच्चारण गरिन्छ । यसैलाई लेख्य रूपमा प्रस्तुत गर्दा उच्चारण अनुसार 'व' नै लेखिन्छ । नेपाली भाषाको कथ्य रूपमा 'ओ' वर्णको प्रयोग कमै मात्र गरेको हुनाले 'ओ' र 'व' को लेखन र प्रयोगमा त्रुटि भएको देखिन्छ ।

नेपाली भाषा शिक्षणको क्रममा कक्षा ८ मा अध्ययनरत छात्रछात्राहरूले कथ्य भाषामा 'ब' र 'व' को उच्चारणमा हुने भिन्नता छुट्ट्याउन नसकेको र त्यसैको प्रभाव परेर लिखित अभिव्यक्तिमा पनि त्रुटि रहेको पइयो । अध्ययनबाट सरकारी विद्यालय र निजी विद्यालयहरूमा नेपाली विषयको पठन पाठनमा क्रमबद्ध रूपमा विषय वस्तु नभएको,

उच्चारण र लेखन क्रममा समेत शिक्षक त्यति स्पष्ट नहुँदा प्राथमिक तह देखिनै यसको क्षेत्रमा आवश्यक ध्यान नदिएका कारण र प्रभावकारी शिक्षण सिकाइको अभावले त्रुटि गरेको पाइयो ।

यसरी कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरू 'ब' लेख्नु पर्ने ठाउँमा 'व' र 'व' लेख्नु पर्ने ठाउँमा कहिलेकाहीं 'ब' र कहिलेकाहीं 'ओ' लेखेर त्रुटि गरेको देखियो ।

### ३.५.२.१ 'ब' को प्रयोगमा त्रुटि

नेपाली भाषामा प्रयोग गरिने 'ब' वर्णको प्रयोग गरेर कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले पनि त्रुटि गर्दछन् । यस अध्ययन का क्रममा सो कक्षामा अध्ययन गर्ने सरकारी विद्यालयका १० जना र निजी विद्यालयका ८ जना गरी जम्मा १८ जना छात्र छात्राले त्रुटिपूर्ण लेखन गरेका थिए भने बाँकी ४२ जनाले शुद्ध वर्ण विन्यास प्रयोग गरेको पाइयो। लेखनका क्रममा विद्यार्थी हरूले 'ब' वर्णको प्रयोग गरी लेख्नु पर्ने शब्दमा 'व' वर्णको प्रयोग गर्नाले त्रुटि भएको पाइयो । 'ब' वर्णको शुद्ध रूपमा वर्ण विन्यास गर्न नसकी त्रुटि भएका शब्दहरू तपसिल अनुसार रहेका छन् :

- वखत
- वैंस
- विर्सन्छ
- विकाम
- गरीव
- वुधवार
- वेकाम

'ब' वर्णको प्रयोग सम्बन्धी सोधिएका समस्याहरू धेरैजसो विद्यार्थीहरूले त्रुटि रहित ढङ्गले समाधान गरेको पाइयो । सम्पूर्ण विद्यार्थीहरूले सबै शब्दमा 'ब' वर्णको शुद्ध रूपमा प्रयोग गर्न नसकेको भए तापनि ७०% भन्दा बढिले यसको ठिक ढङ्गले प्रयोग गरेकोले सन्तोष गर्ने ठाउँ भेटिन्छ । अध्ययनका क्रममा प्रयोगमा आएका शब्दहरूमध्ये शुद्ध रूपमा 'ब' वर्णको प्रयोग गरिएका शब्दहरू निम्नानुसार रहेका छन्:-

– ठुलाबा

– बासमती

– बालक

– कबुलियत

– सुब्बा

– बबई

– बेकार

– बदमास

अध्ययनबाट प्राप्त यस नतिजालाई विश्लेषण गर्दा नेपाली भाषाको लेख्य रूपमा पनि कथ्य रूपमा झै 'व' वर्णको तुलनामा 'ब' वर्णको अधिक रूपको प्रयोग भएको देखिन्छ । यसका साथै नेपाली भाषामा प्रयोग हुने संस्कृत स्रोतका तत्सम शब्दका साथै तद्भव र आगन्तुक शब्दहरूमा समेत लेख्य रूपमा 'व' लेखिए पनि कथ्य 'ब' को उच्चारण बढी गरिने भएकोले यस क्षेत्रमा त्रुटि अधिक हुन गएको पाइयो ।

### ३.५.२.२ 'व' को प्रयोगमा त्रुटि

नेपाली भाषाको वर्णमालामा कतिपय यस्ता वर्णहरू पनि छन्, जसलाई कथ्य र लेख्य रूपमा सामान्यतः छुट्टयाउन मुस्किल हुने गर्दछ । कथ्य रूपमा 'व' को स्पष्ट र शुद्ध उच्चारण हुन सक्दैन । उच्चारणको सिलसिलामा 'ब' र 'व' वर्णको ख्याल समेत गरिँदैन र यसैको असर लेख्य रूपमा पनि पर्दछ जसले गर्दा लेख्य रूपमा त्रुटि हुन्छ । संस्कृत भाषाबाट नेपाली भाषामा ल्याइएका तत्सम सब्दहरूलाई एकै प्रकारले लेखिन्छ । यस्ता शब्दहरूको कथ्य र लेख्यमा एउटै स्वरूप 'व' नै प्रयोग हुन्छ । अध्ययनको सिलसिलामा प्राप्त प्रमाणको आधारमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले 'ब' को तुलनामा 'व' वर्णको लेखन कार्यमा अधिक मात्रामा त्रुटि गरेको भेटियो । अध्ययनका क्रममा छनोटमा परेका विद्यार्थीहरूले यस क्षेत्रमा त्रुटिपूर्ण लेखन गरेका शब्दहरू निम्न लिखित रहेका छन्:-

- बिचार

- बर्तमान

- ब्याख्या

- बिष्णु

- बायु

- अबयब

- बाताबरण

- जीबन

- ओकील

- ओर

प्राप्त तथ्यहरूको मूल्याङ्कन गर्दा सोधिएका वर्ण विन्यास सम्बन्धी समस्याहरूको हल गर्ने क्रममा 'व' वर्ण प्रयोग गरी शुद्ध लेखन गर्नु पर्नेमा ४० जना बिद्यार्थीहरूले कतै 'ब' र कतै 'ओ' लेखेर त्रुटि गरेको पाइयो । साथै 'व' को स्थानमा 'व' नै लेखेर शुद्ध हिज्जे प्रयोग गर्ने विद्यार्थीहरूको सङ्ख्या २० पाइयो । लेखनका क्रममा बिद्यार्थीहरूले यस क्षेत्रमा बिना कुनै त्रुटि निम्न लिखित शब्दहरू शुद्ध रूपमा लेखेका छन् :-

- लावा

- वनस्पति

- सेवा

- गुणवान

- गन्तव्य

- वरिपरि

- अनुभव

- शिव

- भावना

माथिको तथ्यलाई अध्ययन गर्दा के परिणम प्राप्त भएको छ भने निमावि तहको अन्तिम  कक्षा (कक्षा-८) मा अध्ययनरत विद्यार्थीहरूका त्रुटिहरू 'ब' र 'व' वर्णको प्रयोग

गर्ने क्रममा ती वर्णहरूलाई एकलाई अर्काको सट्टा वैकल्पिक रूपमा प्रयोग गरी लेख्य रूपमा त्रुटि गरेको पाइयो । यस्ता त्रुटिहरू सरकारी र निजी क्षेत्रका दुबै खाले विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूमा भेटिए । प्राप्त नतिजाका आधारमा विश्लेषण गर्दा विद्यार्थीहरूले 'ब' वर्णको तुलनामा 'व' वर्णको प्रयोग हुने शब्दहरूको लेखनमा वर्ण विन्यास सम्बन्धी त्रुटि बढी गरेका पाइयो ।

### ३.५.३ 'क्ष' र 'छे' को प्रयोगमा त्रुटि

नेपाली भाषामा प्रचलित 'क्ष' र 'छे' दुवै वर्णहरूको उच्चारण गर्ने सिलसिलामा यी भिन्नै मानिन्छन् तर पनि केही मात्रामा समान पनि देखिन्छन् । विद्यार्थीहरूले 'क्ष' र 'छे' को उच्चारण गर्ने क्रममा त्रुटि गर्दछन् । त्यसै गरी लेखनको क्रममा पनि 'क्ष' लेख्नु पर्ने ठाउमा छे, च्छ, छ्य लेख्ने गरेको पनि पाइएको छ । कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरूले यस क्षेत्रमा लेखनको सिलसिलामा के कस्तो त्रुटि किन र कसरी गर्दछन् भन्ने बारेमा तपसिल बमोजिम उल्लेख गरिएको छ ।

### ३.५.३.१ 'क्ष' को प्रयोगमा त्रुटि

नेपाली भाषाको बर्णमालामा रहेको 'क्ष' वर्ण क्+ष्+अ बाट बनेको संयुक्त वर्ण हो । नेपाली भाषामा प्रयोग हुने 'क्ष' वर्ण तत्सम र आगन्तुक शब्दहरूमा 'च्छे' र 'छे' वर्णको प्रयोग हुँदै आएको देखियो । यसै कारणले विद्यार्थीहरूले पनि यसको प्रयोगमा त्रुटि गरेको पाइयो । यसको प्रयोग नेपाली भाषामा प्रशस्त सङ्ख्यामा रहेको छ । तल्ला कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूले शब्दको स्रोत राम्ररी चिन्न नसक्ने भएकाले 'क्ष' को प्रयोगमा त्रुटि गर्दछन् । यस अनुसन्धानका क्रममा छानिएको कक्षा ८ मा समेत यस सम्बन्धी प्रर्याप्त त्रुटिहरू हुने गरेको पाइयो । अध्ययनका लागि छनौट गरिएका विद्यार्थीमध्ये ३५ प्रतिशत जति विद्यार्थीहरूले मात्र शुद्ध रूपमा 'क्ष' को प्रयोग गरेको पाइयो भने बाँकी ६५ प्रतिशत भन्दा बढी विद्यार्थीहरूले त्रुटिपूर्ण वर्ण विन्यासको प्रयोग गरेको भेटियो । अध्ययनका क्रममा त्रुटि भएका शब्द र स्थान प्रायः एकै खालको पाइयो । यस क्षेत्रमा त्रुटिपूर्ण लेखन गरेका शब्दहरू निम्न लिखित रूपमा उल्लेख गरिएको छः

- अच्छेता
- छेमा
- छेत्रफल

- आरछे

- निच्छेप

- समछ्य

- पच्छे

'क्ष' को प्रयोगमा माथि उल्लेख गरे बमोजिम त्रुटिपूर्ण वर्ण विन्यास गरेको भेटियो । मूल्याङ्कनका क्रममा निम्नानुसारका शब्दहरू भने त्रुटि रहित ढङ्गले लेखेको पाइयो:

- परीक्षा

- शिक्षा

- क्षमता

- अक्षर

उपर्युक्त तथ्यहरूलाई अध्ययन गर्दा तत्सम नेपाली शब्दहरूको लेखनमा भएको त्रुटि अन्य स्रोतका शब्दहरूको तुलनामा अधिक रहेको पाइयो ।

### ३.५.३.२ 'छे' को प्रयोग सम्बन्धी त्रुटि

यस अध्ययनमा नेपाली भाषाका शब्दहरू लेख्ने क्रममा 'क्ष' वर्णको तुलनामा 'छे' वर्णको प्रयोग त्रुटि न्यून रहेको पाइयो । स्वतन्त्र लेखन तथा शब्द लेखनका क्रममा कक्षा ८ मा अध्ययनरत नमुना छनौटमा परेका विद्यार्थीहरूले 'छे' वर्णको सट्टा क्ष, क्ष्य वर्णहरूको वैकल्पिक प्रयोग गरी त्रुटि गरेको भेटियो । यस कक्षाको नेपाली भाषाको पाठ्य पुस्तकमा प्रयुक्त शब्दहरूमा पनि 'छे' भन्दा 'क्ष' वर्णको नै बढी प्रयोग भएको पाइयो । अध्ययनका क्रममा विद्यार्थीहरूलाई दिएका शब्द लेखन तथा श्रुति लेखनमा गरेका त्रुटिहरू निम्नानुसार रहेका छन् ।

- क्ष्यास्किनी

- क्षेक

- क्षेपारो

यस क्षेत्रमा विद्यार्थीहरूले नगन्य मात्रामा त्रुटिहरू गरेको पाइयो भने लेखनका लागि दिइएको 'छे' को प्रयोग सम्बन्धी शब्दहरू ८० प्रतिशतभन्दा बढी सङ्ख्यामा बिना कुनै त्रुटि लेखिएका छन्: जस्तै;

- छेउ

- छेडछाड

- छेलो

- पछेउरी

माथिको तथ्यबाट के स्पष्ट हुन्छ भने नेपाली भाषामा प्रचलित 'क्ष', छे र च्छे को एक आपसमा वैकल्पिक रूपमा प्रयोग गर्दा विद्यार्थीहरूले त्रुटिहरू गर्न पुग्दछन् । 'क्ष' वर्णको प्रयोगमा हुने त्रुटि 'छे' वर्णको प्रयोगमा त्रुटिको तुलनामा बढी नै भएको पाइयो ।

### ३.५.४ 'ज्ञ' र 'ग्यँ' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषाको लेखनमा प्रयोग गरिने 'ज्ञ' र ग्य/ग्यँ वर्णहरूको प्रयोग गर्ने क्रममा विद्यार्थीहरू अलमलमा परेर ती दुईको वैकल्पिक रूपमा प्रयोग गर्न पुगेर शुद्ध वर्ण विन्यासमा असफल हुन्छन् । यसको प्रयोग सम्बन्धी अध्ययनका क्रममा सिकारुले 'ज्ञ' लेख्नु पर्ने स्थानमा ग्य/ग्यँ लेखेर र ग्यँ लेख्नु पर्ने स्थानमा 'ज्ञ' लेखेर त्रुटि गरेको पाइयो ।

#### ३.५.४.१ 'ज्ञ' को प्रयोगमा त्रुटि

नेपाली भाषाको लेखनका सिलसिलामा प्रयोग गरिने 'ज्ञ' वर्ण कथ्य नेपाली वर्ण होइन । यसको उच्चारण गर्दा 'ग्यँ' को रूपमा गरिन्छ । नेपाली भाषाका तत्सम शब्दहरूमा 'ज्ञ' वर्णको प्रयोग गरेर लेख्नु पर्दछ । त्यसैगरी तद्भव र केही आगन्तुक शब्दहरूमा भने ग्यँ/ग्याँ को प्रयोग गरिएको पाइन्छ । संस्कृतबाट जस्ताको त्यस्तै रूपमा नेपालीमा प्रयोग हुन आएका तत्सम शब्दहरूमा 'ज्ञ' लेख्नु पर्ने स्थानमा ग्यँ लेखेर विद्यार्थीहरूले त्रुटि गरेको भेटियो । तत्सम शब्दहरूको सुरूमा, मध्यमा र अन्त्यमा प्रयोग गरिने 'ज्ञ' वर्णको सम्बन्धमा नियम अभावका कारणले त्रुटि भएको कुरा कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरूको लेखनबाट प्राप्त तथ्यलाई विश्लेषण गर्दा भेटियो । अध्ययनको तथ्य अनुसार २६ जना विद्यार्थीहरूले शुद्ध रूपमा 'ज्ञ' वर्णको प्रयोग गरेर कुनै त्रुटि नगरी

लेखेका छन् भने बाँकी ३४ जनाले 'ज्ञ' को सट्टा ग्यँ/ग्याँ को प्रयोग गर्दा त्रुटि गर्न पुगेका छन् । त्रुटिपूर्ण लेखन गरेका शब्दहरू निम्नानुसार छन् ।

- अग्याँन
- जिग्याँसा
- ग्याँपनपत्र

अध्ययनको सिलसिलामा 'ज्ञ' को प्रयोगमा त्रुटि नभएर शुद्ध रूपमा लेखिएका शब्दहरू पनि पाइएका छन् । जो निम्न हुन्:

- विज्ञान
- ज्ञात
- प्रतिज्ञा

यस क्षेत्रको प्रयोगबाट प्राप्त तथ्यलाई अध्ययन गर्दा आधाभन्दा बढीले त्रुटिपूर्ण वर्ण विन्यासको प्रयोग गरेको पाइयो । जसको प्रमुख कारण यी वर्णहरूको प्रयोग सम्बन्धी नियम अभाव र शब्दको स्रोत सम्बन्धी ज्ञानको अभाव नै देखिनछ ।

### ३.५.४.२ 'ग्यँ' को प्रयोगमा त्रुटि

नेपाली भाषाको लेखनका क्रममा 'ज्ञ' र 'ग्यँ' वर्णको प्रयोग यस तहमा कमै भएको पाइयो । स्वतन्त्र र शब्द लेखनका क्रममा 'ज्ञ' लेख्नु पर्ने स्थानमा 'ग्यँ' र 'ग्याँ' लेख्नु पर्ने स्थानमा 'ज्ञ' लेखेर कमै त्रुटि गरेको भेटियो । अझ 'ज्ञ' लेख्नु पर्ने ठाउँमा 'ग्यँ' लेखेर त्रुटि गर्ने विद्यार्थी सङ्ख्या ८ जना मात्र पाइयो । यस सम्बन्धी त्रुटियुक्त लेखन भएका शब्द निम्नानुसार छन् । जस्तै;

- ज्ञास्टिक
- ज्ञास

अध्ययनबाट प्राप्त तथ्यलाई हेर्दा यस क्षेत्रमा वर्ण विन्यास सम्बन्धी त्रुटिको न्यूनताका कारण सन्तोष गर्न सकिन ठाउँ भेटिन्छ ।

### ३.५.५ 'ऋ' र 'रि' प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषाको लेखनमा प्रचलित 'ऋ' कथ्य नेपाली वर्ण होइन । यसको उच्चारण रि/री को रूपमा गरिन्छ । नेपाली भाषा तद्भव र आगन्तुक शब्दहरूको लेखनमा 'ऋ' वर्णको प्रयोग हुँदैन । वरू नेपाली भाषाकै तत्सम शब्दहरूमा भने ऋ र रि/री दुबैको प्रयोग हुन्छ । कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरूले 'ऋ' को समुचित प्रयोगका क्रममा अलमल परेर वैकल्पिक रूपमा रि/री प्रयोग गरी त्रुटि गर्ने गरेको पाइयो ।

#### ३.५.५.१ 'ऋ' को प्रयोगमा त्रुटि

'ऋ' वर्णलाई 'रि' वा 'री' को रूपमा उच्चारण गरिन्छ । यस क्षेत्रमा कस्तो बेलिन्छ त्यस्तै लेखेर विद्यार्थीहरूले वर्ण विन्यासका क्रममा त्रुटिहरू गरेको भेटियो । यस सम्बन्धमा उनीहरूको सन्दर्भमा प्रयोगमा कमै मात्र आएको शब्दहरूमा 'ऋ' को सट्टा रि/री को बढी प्रयोग गरेको पाइयो । जस्तै;

- रिचा
- रिन
- रितु

यस क्षेत्रमा त्रुटि गर्ने विद्यार्थी सङ्ख्या आधाभन्दा बढी पाइएको छ ।

#### ३.५.५.२ 'रि' को प्रयोगमा त्रुटि

नेपाली भाषाको लेखनमा 'रि' वर्णको प्रयोग गरेर लेख्नु पर्ने स्थानमा 'ऋ' प्रयोग गर्दा विद्यार्थीहरूले त्रुटि गरेको पाइयो । वर्ण विन्यासको अन्य क्षेत्रका तुलनामा यसमा त्रुटि गर्नेको सङ्ख्या धेरै कम पाइयो । यस क्षेत्रसँग सम्बन्धित त्रुटिपूर्ण वर्ण विन्यास भएका शब्दहरू निम्न छन्:

- ऋति
- ऋस

#### ३.५.५.३ सारांश

नेपाली भाषाको वर्णमालामा रहेका वर्णहरू य-ए, ब-व, क्षे-छे, ज्ञ-ग्यँ र ऋ-रि को प्रयोग गर्ने क्रममा विद्यार्थीहरूको मूल्याङ्कन गर्दा सबै वर्णहरूको ठिक किसिमले प्रयोग गरेको पाइएन । उनीहरूबाट प्रायजसो एकै किसिमका शब्दहरूमा समान प्रकृतिका त्रुटिहरू गरेको भेटियो । अध्ययनका क्रममा सरकारी तथा निजी दुबै खालका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूले त्रुटि गरेको भेटियो तापनि सरकारीको तुलनामा निजी विद्यालयका छात्र छात्राहरूमा गर्ने त्रुटिको मात्रा कम रहेको पाइयो । विद्यार्थीहरूले लेखनका क्रममा त्रुटिहरू गरेका भए पनि समग्रमा भन्नुपर्दा यी क्षेत्रहरूमा त्रुटि गरेको भन्दा त्रुटि नगरेका शब्दहरू बढी नै पाइए । ए-य को प्रयोगमा 'य' वर्णको तुलनामा 'ए' को प्रयोग केही बढी राम्रो रहको छ । त्यसैगरी 'ब' र 'व' को प्रयोगमा व को तुलनामा 'ब' को प्रयोग सन्तोषजनक रहेको देखिन्छ । यी वर्णको प्रयोगको क्रममा भएका त्रुटिहरू भन्दा क्ष-छे, ज्ञ-ग्य, ऋ-रि वर्णको प्रयोगमा त्रुटि अझै न्यून मात्रामा रहेको भेटियो ।

## ३.६. हलन्त-अजन्त, शिरविन्दु-चन्द्रविन्दु तथा पदयोग - पद वियोग सम्बन्धी त्रुटिहरूको विश्लेषण

### ३.६.१ परिचय

नेपाली भाषामा उच्चारण र लेखनका क्रममा अजन्त र हलन्तको पनि प्रयोग गरिन्छ । व्यञ्जन वर्णलाई 'हल्' भनिने हुँदा व्यञ्जनमा अन्त्य भएको शब्दलाई हलन्त भनिन्छ र शब्दका अन्त्यमा स्वर नभएको वर्णको खुट्टो काटिन्छ । 'अच्' भनेको स्वर हो र अन्त्यमा खुट्टो नकाटिने शब्दलाई 'अजन्त' भनिन्छ । (बराल र नेत्र, २०६३:९७) । नेपाली भाषामा प्रचलित कतिपय शब्दहरूको उच्चारणका क्रममा ती शब्दमा आदि, मध्य र अन्त्यमा 'अजन्त' भएको स्थानमा लिखित रूपमा व्यक्त गर्दा सिङ्गै अक्षर लेख्ने अवस्थालाई अजन्तको प्रयोग भएको मानिन्छ । त्यस्तै गरी नेपाली भाषालाई लेख्य रूपमा प्रयोग गर्दा खुट्टो काटेर लेखिनुलाई हलन्तको प्रयोग भएको मानिन्छ । माथि उल्लिखित अजन्त वर्णको उच्चारण पुरा नभई आधा आधा गरिन्छ । नेपाली भाषाको लेख्य रूपमा पनि यसलाई आधा लेख्ने वा खुट्टो काटेर लेखिन्छ । यसकारण यस्ता प्रकारका अक्षरहरू लेख्दा हलन्त चिन्ह ( ् ) लगाइन्छ । यसलाई अर्को शब्दमा भन्दा भाषालाई लेख्य स्वरूप दिँदा सिङ्गो अक्षर लेखेर त्यसै अक्षरको मुनि दाहिनेतिर छड्के धर्को ( ् ) लगाउने कार्यलाई ने हलन्त वा खुट्टो काट्ने भनिन्छ । हलन्त उच्चारण हुने र हल् गरी लेखिने

शब्दहरूलाई नेपाली भाषामा कहीँ कहीँ खुट्टो काट्ने स्थानमा आधा अक्षरको पनि प्रयोग गरेको पाइन्छ । नेपाली भाषामा सबै अक्षरहरू हलन्त हुँदैनन् र यसलाई उच्चारणको आधारमा छुट्ट्याउँदा अक्षरबाट स्वर झिकिएको व्यञ्जन वर्ण मात्र हलन्तको रूपमा आउँछन् ।

भाषाको लेख्य स्वरूपमा कुनै पनि शब्दको सुरु र बिचको अक्षर 'हल्' भएमा धेरैजसो झुण्ड्याएर लेखिन्छ । तर कतिपय त्यस्ता अक्षर पनि छन् जो अगाडि वा बिचमा आए तापनि सबै वर्णसँग झुन्ड्याउन मिल्दैनन् । त्यस्ता अक्षरहरू जहाँ आएपनि प्रायः खुट्टो काट्ने प्रचलन रहेको छ ।

नेपाली भाषाको लेखनका क्रममा खुट्टो काट्ने र खुट्टो नकाट्ने सम्बन्धी त्रुटिहरू विद्यार्थीहरूले धेरैजसो गरेको पाइन्छ । यस्ता त्रुटिहरू उच्चारण गर्ने क्रममा शब्दको मध्य र अन्तमा हलन्त उच्चारण गरिने वर्णहरूलाई पनि लेख्य रूपमा अजन्त नै लेख्ने परम्परा भएको छ । त्यसैगरी कतिपय शब्दको लेखनमा पदमध्य र पदान्तमा हलन्त लेख्नु पर्ने भए पनि लेखनका क्रममा अजन्तको प्रयोग गरेर त्रुटि गर्ने गर्दछन् ।

नेपाली भाषामा प्रयोग गर्नु पर्ने शिरविन्दु ( ं ) र चन्द्रविन्दु ( ँ ) करिब करिब एकै किसिमका जस्ता लाग्दछन् तर पनि यी बीच भिन्नता रहेको छ र प्रयोग गर्ने क्रममा फरक-फरक किसिमले गर्नु पर्दछ । सामान्यतः कतिपय अवस्थामा शब्दहरूको लेखनका क्रममा शिरविन्दु र चन्द्रविन्दु दुबैलाई एक अर्काको वैकल्पिक रूपमा प्रयोग गर्ने गरेको पाइन्छ । शिरविन्दु र चन्द्रविन्दु प्रयोग गर्दा यिनको वैकल्पिक प्रयोगलाई त्रुटिपूर्ण मानिन्छ । शिरविन्दुले पञ्चम वर्ण (ङ, ञ, ण, न, म) लाई बुझाउँछ भने चन्द्रविन्दुले नाँके ध्वनिलाई बुझाउँछ (बराल र नेत्र, २०६३:९७) । कक्षा ८ मा अध्ययनरत सरकारी तथा निजी विद्यालयका छात्र छात्राहरूले कुन ठाउँमा चन्द्रविन्दु र कुन ठाउँमा शिरविन्दुको प्रयोग गर्ने भन्ने नियम थाहा पाएका हुँदैनन् । अतः उनीहरूको शिरविन्दुको प्रयोग गर्नु पर्ने स्थानमा चन्द्रविन्दुको र चन्द्रविन्दुको स्थानमा शिरविन्दुको प्रयोग गरेर त्रुटि गर्दछन् ।

नेपाली भाषाको अभिव्यक्ति गर्ने क्रममा लेखनमा पदयोग र पद वियोगका क्षेत्रमा समेत त्रुटि भएको पाइन्छ । पदयोग भनेको शब्दलाई एउटै डिको (धर्को) मा लेख्नु हो भने पद वियोग भनेको शब्दलाई अलग डिकोमा लेख्नु हो । लेखनका क्रममा पदयोग गरेर

लेख्नु पर्ने स्थानमा पद वियोग गरेर र पद वियोग गरेर लेख्नु पर्ने स्थानमा पदयोग गरेर लेख्दा अर्थमा समत भिन्नता हुन गई अभिव्यक्ति नै अस्पष्ट हुन सक्छ । विद्यार्थीहरूमा निहित नियम र अभ्यासको अभावले गर्दा कुन अवस्थामा पदयोग हुने र कुन अवस्थामा पद वियोग हुने भन्ने निर्क्योल गर्न नसक्दा यस क्षेत्रमा त्रुटिपूर्ण लेखनको प्रयोग गर्न पुग्छन् । कक्षा ७ उत्तीर्ण गरी कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले हलन्त र अजन्त अनि शिरविन्दु र चन्द्रविन्दु तथा पदयोग र पद वियोगको प्रयोगमा के कस्ता त्रुटिहरू गर्दा रहेछन् भन्ने विषयमा अध्ययन गरी आएको तथ्यलाई तल क्रमशः वर्णन गरिएको छ ।

### ३.६.२ हलन्तको प्रयोगमा त्रुटि

नेपाली भाषाको अभिव्यक्ति गर्दा कुनै अक्षरलाई खुट्टो काटेर लेख्ने वा उच्चारण गर्ने प्रक्रियालाई हलन्त भनिन्छ । हल् भनेको वर्णको प्रयोगमा स्वरलाई हटाई व्यञ्जन बनाउनु हो । वर्ण विन्यासका क्षेत्रमा ( ् ) चिन्हले हल् लाई जनाउँछ । यसको प्रयोग प्रायः शब्दान्तमा हुने भए पनि शब्दमध्यमा पनि सामान्यतया प्रयोग हुन्छ । भाषामा हल्को प्रयोग उचित किसिमले गर्न नसक्दा अर्थलाई समेत प्रभाव पार्दछ । फलस्वरूप अभिव्यक्ति गर्न चाहेको मूल कुराको अर्थमा समेत बाधा भई अर्कै अर्थ हुन जान्छ । जस्तै; पढिन् (पढ्ने काम गरिन्), पढिन (पढ्ने काम भएन) । नेपाली भाषाको लेखनमा कतिपय शब्दहरूमा खुट्टो काटेर नै लेख्नु पर्ने हुन्छ तर उच्चारण अनुरूप हलन्तको प्रयोग गर्नु पर्दछ भन्ने बारेमा विद्यार्थीहरूलाई थाहा नहुन सक्छ । यही कारणले तल्लो कक्षाका अधिकांश विद्यार्थीहरूले यस क्षेत्रमा त्रुटिहरू गर्ने गर्दछन् । यस अध्ययनमा दुबै प्रकारका विद्यालयहरूका धेरैजसो छात्रछात्राले त्रुटि गरेको पाइयो । जम्मा ६० जना विद्यार्थीमध्ये ४२ जनाले केही न केही, कहीँ न कहीँ त्रुटि गरेका छन् भने १८ जनाले त्रुटिरहित लेखन गरेको पाइयो । त्रुटियुक्त लेखन गरेका शब्दहरू निम्न लिखित रहेका छन् :

- सङक्षिप्त
- छुटयाउन
- भनिन
- बस्छन
- सुन्नुहोस

- पढोस

- हुन

- होलान

अध्ययनबाट प्राप्त तथ्य अनुसार विद्यार्थीहरूले शब्दको मध्यमा र अन्त्यमा हलन्त लेख्नु पर्ने स्थानमा हलन्त चिन्ह नराखेर त्रुटि गरेको पाइयो । उच्चारणका क्रममा हलन्तको प्रयोगका आधारमा उच्चारण गर्नु पर्ने भन्ने कुरामा समेत विद्यार्थीहरू अलमलमा परी लेखनका क्रममा समेत त्रुटि गरेको पाइयो । श्रुति लेखनका क्रममा यिनीहरूको हलन्तको प्रयोग सम्बन्धी ज्ञानको अभावले गर्दा त्रुटिहरू गरेको बुझिएको छ । यस क्षेत्रमा कुनै न कुनै शब्दको कुनै न कुनै स्थानमा कुनै न कुनै त्रुटि भएको पाइयो ।

### ३.६.३ अजन्तको प्रयोगमा त्रुटि

नेपाली भाषाको प्रयोगमा आउने कतिपय पदवर्ग (नाम, सर्वनाम, अव्यय) हरूको उच्चारणमा हल् प्रयोग भए पनि लेखनका क्रममा खुट्टो काटिँदैन भने क्रियापदका बिचमा र अन्त्यमा उच्चारण अनुसार प्रायः हल् गरिन्छ । जसलाई लिखित भाषाको रूपमा प्रयोग गर्दा पनि खुट्टो काटेर नै लेखिन्छ । त्यसै गरी कतिपय अन्य शब्दहरूमा पनि खुट्टो काटेर लेख्नु पर्ने हुन्छ तर विद्यार्थीहरूले खुट्टो नकाटी लेखेर यस क्षेत्रमा त्रुटि गर्न पुग्दछन् ।

यस अध्ययनबाट प्राप्त तथ्यको आधारमा हेर्दा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूमा समेत यो समस्या रहेको भेटियो । अध्ययनको नतिजाबाट प्राप्त भएअनुसार हलन्त गर्नु पर्ने स्थानमा नगर्नेको तुलनामा यस क्षेत्रमा अजन्तको स्थानमा हलन्त गर्ने विद्यार्थी सङ्ख्या कमै भेटियो । अध्ययनका क्रममा त्रुटिपूर्ण लेखन गरिएका शब्दहरू निम्न लिखित छन् :

- चरन्

- घर्

- कलम्

- दन्दन्

- खाएन्

- जापान्

नेपाली भाषामा केही यस्ता शब्दहरू पनि छन् । जसलाई उच्चारण गर्दा हल् गर्नु पर्ने भए पनि लेखनमा 'अच' कै प्रयोग गरेर लेख्ने गरिन्छ । जसले गर्दा सुरूको अवस्था भाषाको लेख्य रूपमा त्रुटिपूर्ण लेखन हुन्छ । सिकाइका क्रममा त्रुटि हुनु स्वाभाविक हुने भए पनि अभ्यास र पुनरावृत्तिद्वारा त्रुटिलाई न्यून गर्न सकिन्छ । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूबाट भाषा सिकाइको क्रममा अजन्तको प्रयोगका सम्बन्धमा रहेको यस्ता प्रकारका त्रुटिहरूलाई न्यून नै मान्न सकिन्छ । जसबाट कक्षा अनुसारका यी साना त्रुटिहरूलाई हेर्दा सन्तोष गर्ने ठाउँ पाइयो ।

### ३.६.४ शिरविन्दुको प्रयोगमा त्रुटि

नेपाली भाषाको प्रयोगमा आउने कतिपय यस्ता शब्दहरू पनि छन् । जसको प्रयोगमा शिरविन्दुको प्रयोग हुँदै आएको भेटिन्छ । विशेष गरेर यस्ता किसिमका शब्दहरू संस्कृत भाषाबाट नेपालीमा आएका तत्सम शब्दहरूको लेखनमा जस्ताको त्यस्तै शिरविन्दुको प्रयोग भएको पाइन्छ । शिरविन्दुले नेपाली भाषाको वर्णमालामा रहेका पञ्चम वर्ण (ङ, ञ, ण, न, म) लाई बुझाउँछ । नेपाली भाषाका तत्सम शब्दहरूमा शिरविन्दुको प्रयोग नगरिएको अवस्थालाई त्रुटि भएको मानिन्छ । तर तत्सम शब्दमा पनि य, र, ल, ष, स, ह र ज्ञ वर्णभन्दा अगाडि पञ्चम वर्णका लागि शिरविन्दुको प्रयोग गरिन्छ । नेपाली भाषाका तद्भव र आगन्तुक शब्दमा भने शिरविन्दुको प्रयोग नगरी उच्चारण अनुसारके पञ्चम वर्ण प्रयोग गरिन्छ । यसरी तत्सम, तद्भव र आगन्तुक शब्दहरूको लेखन क्रममा उच्चारण अनुसार मात्र नभई शब्दस्रोत र वर्णको प्रयोगका आधारमा शिरविन्दु र पञ्चम वर्ण लेखिने हुँदा यसको प्रयोग सम्बन्धी स्पष्ट धारणा र ज्ञानको अभावका कारण शिरविन्दुको उचित प्रयोग नगरेको भेटियो । अध्ययनका क्रममा यस सम्बन्धी त्रुटिपूर्ण प्रयोग भएका शब्दहरू निम्न लिखित छन् :

- सम्योग
- सङ्ज्ञा
- खायौं
- सम्वत

- अम्श

- अधिकाँस

मूल्याङ्कनका क्रममा प्राप्त तथ्यको विश्लेषण गर्दा प्रस्तुत अध्ययनमा शिरविन्दुको प्रयोगमा कहीँ न कहीँ त्रुटिहरू गरेको भेटियो । लेखनमा गरिएका त्रुटिहरू मध्ये उनीहरूले कतै शिरविन्दुको प्रयोग गर्नु पर्ने ठाउँमा चन्द्रविन्दुको प्रयोग गरेका छन् भने कतै शिरविन्दुको पञ्चम वर्णको प्रयोग गरेका छन् । त्यसै गरी वर्ण लेख्नु पर्ने स्थानमा शिरविन्दुको पनि प्रयोग गरेका छन् । अध्ययनबाट प्राप्त तथ्यलाई मनन गर्दा विद्यार्थीहरूलाई शिरविन्दुको प्रयोग गर्ने वा पञ्चम वर्णको भन्ने सम्बन्धी सुझ र ज्ञानको कमी रहको पाइयो । जसले गर्दा उनीहरूले शिरविन्दु र पञ्चम वर्णलाई वैकल्पिक रूपमा प्रयोग गरेका भेटियो । यस क्षेत्रमा केही शब्दहरू त्रुटि रहित रहेको पइयो । जस्तै;

- संवाद

- संसार

यस अध्ययनमा विद्याथीलाई दिइएका समस्याहरूमध्ये ५१ जनाले त्रुटि गरेको पाइयो भने २९ जनाले शिरविन्दुको प्रयोगमा वर्ण विन्यास सम्बन्धी कुनै पनि त्रुटि नगरेको पाइयो । लेखनका क्रममा विद्यार्थीहरू सामान्य नियमको जानकारी राख्न सक्षम नभएका देखिए । यसको समाधाका लागि अनुलेखन, नियमको जानकारी र अभ्यास तथा पुनरावृत्ति गराउँदा समस्यालाई न्यून गर्न सकिने देखिन्छ ।

### ३.६.५ चन्दविन्दुको प्रयोगमा त्रुटि

नेपाली भाषाको कथ्य रूपमा सुनिने नाके ध्वनिले चन्द्रविन्दु ( ँ) लाई बुझाउछ । भाषाको प्रयोगमा शिरविन्दुको तुलनामा यो अधिक मात्रामा आउछ । यसको प्रयोगमा तल्लो तहदेखि माथिल्लो तहसम्म त्रुटिहरू रहेको पाइन्छ । कक्षा ८ मा अध्ययनरत छात्र छात्राहरू पनि यसबाट अछुतो छैनन् । अध्ययनको क्रममा प्रयोग गरिएका सामग्रीलाई केलाएर हेर्दा विद्यार्थीहरूले यस क्षेत्रमा चन्द्रविन्दुको प्रयोग गर्नुको सट्टा कतै शिरविन्दुको प्रयोग गरेको भेटियो भने कते चाहिँ चन्द्रविन्दुको प्रयोग नै नगरेर त्रुटि गरेको भेटियो । नेपाली भाषाका प्रचलित कति शब्दहरूमा यसको प्रयोग अनिवार्य मानिन्छ । नेपाली व्याकरणअनुसार चन्द्रविन्दुको प्रयोग गर्नु पर्ने कतिपय शब्दहरू पनि छन् जसका आफ्नै

नियमहरू पनि छन् । अध्ययनका क्रममा चन्द्रविन्दुको स्थानमा शिरविन्दुको प्रयोग गर्दा वा चन्द्रविन्दुको प्रयोग नै नगर्दा त्रुटिपूर्ण लेखन भएका शब्दहरू पनि  भेटिएका छन् । जस्तै :

- सँग
- खान्छौं
- हामीसँग
- नया
- आउछ
- दाया
- सकिंदैन
- डांको

यी शब्दहरूको लेखनमा माथि उल्लेख भए झैँ चन्द्रविन्दुको सट्टामा शिरविन्दु प्रयोग गरेर वा चन्द्रविन्दु नै नराखी त्रुटिहरू गरेका छन् । यस क्षेत्रमा धेरैजसो विद्यार्थीहरूको त्रुटि भएको पाइयो । विद्यार्थीहरूमा प्रयोग गरिएको स्वतन्त्र लेखन र श्रुति लेखनका क्रममा यस क्षेत्रमा त्रुटि नगरी लेखिएका केही शब्दहरू पनि पाइएका छन् । तिनीहरू निम्नानुसार छन् :-

- आँखा
- जाँड
- खायौँ

यस्ता समस्याहरू समाधानका लागि यस तहमा अनुलेखन र नियमको जानकारी गराउँदा त्रुटि केही हदसम्म न्यून गर्न सकिन्छ ।

### ३.६.६ पदयोग सम्बन्धी त्रुटि

नेपाली भाषाको प्रयोगमा गरिने/हुने त्रुटि क्षेत्रहरूमध्ये पदयोग सम्बन्धी क्षेत्र पनि एक हो । लेखनका क्रममा शब्दहरूलाई एउटै डिकोमा जोडेर लेख्नुलाई पदयोग भनिन्छ । अध्ययनका लागि  छनौटमा लिइएका विद्यार्थीहरूले पदयोग सम्बन्धी त्रुटिहरू पनि गरेको

पाइयो । यस्ता त्रुटिहरूमा एउटै डिकोमा जोडेर लेख्नु पर्ने उपसर्ग, प्रत्यय, विभक्ति, नामयोगी लागेका शब्दहरू; समास भएका शब्द, संयुक्त क्रिया, अकरण बुझाउने शब्द आदि थिए । जस्तै;

| <u>**लेखिएको**</u> | <u>**लेख्नु पर्ने**</u> |
|---|---|
| - कु कर्म | - कुकर्म |
| - राम सँग | - रामसँग |
| - काठमाडौं बाट | - काठमाडौंबाट |
| - माछा पुच्छे | - माछापुच्छे |
| - खाइ सक्नु पर्छ | - खाइसक्नुपर्छ |
| - न जाऊ | - नजाऊ |
| - न सोध | - नसोध |

प्रस्तुत अध्ययनका लागि छनौटमा लिइएका विद्यार्थीहरू मध्ये ५७ जनाले त्रुटि गरेको पाइयो भने बाँकी २३ जनाले बिनाकुनै त्रुटि पदयोग गरी लेखेको पाइयो ।

### ३.६.७ पद वियोग सम्बन्धी त्रुटि

नेपाली भाषाको लेखनका क्रममा कतिपय शब्दहरूलाई एउटै डिकोमा जोडेर नलेखेर अलग-अलग डिकोमा पनि लेख्नु पर्ने हुन्छ जसलाई पद वियोग भनी चिनिन्छ । अध्ययनका क्रममा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले पनि यस क्षेत्रमा थुप्रै मात्रामा त्रुटिहरू गरेको पाइयो । एउटै डिकोमा लेख्न नमिल्ने कतिपय शब्दहरूलाई एउटै डिकोमा लेख्न नमिल्ने कतिपय शब्दहरूलाई एउटै डिकोमा लेखेर छात्र छात्राले त्रुटि गरेको पाइएको छ । जस्तै;

| <u>**लेखिएको**</u> | <u>**लेख्नु पर्ने**</u> |
|---|---|
| - रामघर गयो | - राम घर गयो |
| - हामीहरूत | - हामीहरू त |
| - जादैछु | - जादै छु |

- भनेकाथिए - भनेका थिए

- रामकोलागि - रामको लागि

- नसञ्चो नबिसञ्चो - न सञ्चो न बिसञ्चो

अध्ययनबाट प्राप्त तथ्यलाई विश्लेषण गर्दा पदयोगका क्षेत्रमा गरिने त्रुटिको तुलनामा यस क्षेत्रमा हुने त्रुटिको मात्रा केही न्यून रहेको पाइयो । लेखन अभ्यास र पद वियोग सम्बन्धी नियमको ज्ञानको अभावमा यस प्रकारका त्रुटिहरू गरेको पाइयो ।

### ३.६.८ सारांश

नेपाली भाषाको क्षेत्रमा प्रयोग गरिने अजन्त र हलन्त सम्बन्धी त्रुटिलाई हेर्दा अजन्तभन्दा हलन्तको प्रयोगमा बढी त्रुटि भएको पाइयो । यस तहमा अध्ययन गर्ने छात्र छात्राहरूमा खुट्टा काटेर लेख्ने र खुट्टा नकाटी लेख्ने सम्बन्धमा नियमको स्पष्ट ज्ञान र धारणा निर्माण भइ नसकेको कारणबाट नै यस प्रकारका त्रुटिहरू भएको पाइन्छ । ज्ञान र लेखन अभ्यासको अभावका कारणबाट नै कतिपय विद्यार्थीहरू हल्गर्नु नपर्ने स्थानमा समेत खुट्टा काटेर लेख्ने र हल् गर्नु पर्ने स्थानमा समेत हल् नगरी लेख्ने गरेकाले त्रुटि भएको हो । त्यसै गरी शिरविन्दु र चन्द्रविन्दुको प्रयोगका क्रममा बढी त्रुटि भएको पाइनुका साथै यस कक्षामा शिरविन्दुको तुलनामा चन्द्रविन्दुको प्रयोग सम्बन्धी शब्दहरू पनि अधिक रहेको भेटियो । पद वियोग - पदयोग सम्बन्धी त्रुटिहरूमा पद वियोगको तुलनामा पदयोगको प्रयोग क्षेत्रमा धेरै त्रुटि रहेको पाइयो ।

## ३.७. अन्य प्रकारका त्रुटिको विश्लेषण

### ३.७.१ परिचय

कक्षा ८ मा अध्ययनरत सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूले वर्ण विन्यास सम्बन्धी क्षेत्रमा गर्ने त्रुटिहरूमा मुख्य रूपमा ह्रश्व दीर्घ सम्बन्धी त्रुटि, श-ष-स को प्रयोग सम्बन्धी त्रुटि, य र ए सम्बन्धी त्रुटि, ब र व सम्बन्धी त्रुटि, क्ष र छे सम्बन्धी त्रुटि, ज्ञ र ग्यँ सम्बन्धी त्रुटि, रि र ऋ सम्बन्धी त्रुटि, अजन्त र हलन्त सम्बन्धी त्रुटि, शिरविन्दु र चन्द्रविन्दु सम्बन्धी त्रुटि, पदयोग र पद वियोग सम्बन्धी त्रुटिहरू हुन । यी बाहेक अन्य केही प्रकारका त्रुटिहरू पनि अध्ययनको सिलसिलामा भेटिएका छन् । यो कुरा अध्ययनबाट प्राप्त तथ्यहरूका आधारमा थाहा भएको हो । यस्ता त्रुटिहरू त्रुटि क्षेत्र पहिचानको अध्ययनका

लागि प्रस्तुत गरिएका विषयबाट प्राप्त शब्दहरूमा मात्र केन्द्रित रहेका छन्, जुन निम्नानुसार छन् ।

### ३.७.२ पुरा वर्णको लोप सम्बन्धी त्रुटि

नेपाली भाषाको प्रयोग गर्ने सन्दर्भमा कतिपय शब्दहरूमा विद्यार्थीहरूले पुरा वर्ण प्रयोग नगरेर (वर्ण छोडी) लेख्ने गरेको देखिन्छ । यसरी शब्द लेखनका क्रममा वर्णहरूको लोप गरी वर्ण विन्यासगत त्रुटि गर्ने गर्छन् । अध्ययनबाट प्राप्त तथ्यको आधारमा आँकलन गर्दा त्रुटिको यस क्षेत्रमा निम्नानुसार त्रुटिहरू गर्ने गरेको भेटिएको छ :

| लेखनका प्रयोग गरेका शब्दहरू | प्रयोग गर्नु पर्ने शुद्ध शब्दहरू |
|---|---|
| - रैछ | रहेछ ('हे'को लोप) |
| - अध्ययन | अध्ययन ('य'को लोप) |
| - खाको | खाएको ('ए' को लोप) |
| - थापाको | थाहापायौ ('हा'को लोप) |
| - सुतेछ | सुतेको छ ('को'को लोप) |
| - काँ हो | कहाँ हो ('हा'को लोप) |
| - अध्ये | अध्याय ('या'को लोप) |

यसरी निमावि तहको तल्लो कक्षामा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषाका प्रत्येक शब्दमा प्रयोग गर्नु पर्ने सबै वर्णहरूलाई प्रयौग गर्न नसकेर केही वर्णको प्रयोग बिना (लोप गरेर) नै शब्द लेखेको पाइयो । कतिपय शब्दहरूमा पाइने पुरा वर्णको लोप सम्बन्धी त्रुटिहरू कथ्य भाषाको प्रभाव लेख्यरूपमा प्रयुक्त भाषामा परेर पनि हुन्छ । सरसर्ती हेर्दा थोरै वर्णहरूको प्रयोगद्वारा शब्दहरू लेखिएको र अर्थ स्पष्ट पार्न खोजिएको भए पनि व्याकरणका दृष्टिले उपयुक्त हुन नसकेर पुरा वर्णको लोप सम्बन्धी त्रुटि भएको छ ।

### ३.७.३ मात्राको बढी प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषाको लेखनका क्रममा कुनै पनि शब्दमा प्रयोग गर्नु पर्ने मात्राको अतिरिक्त अन्य अनावश्यक मात्राको पनि प्रयोग गरेर छात्रछात्राहरूले त्रुटि गरेको पाइयो अनावश्यक स्थानमा आवश्यक मात्राको पनि प्रयोग गर्न सकेमा मात्र भाषिक शुद्धता कायम हुने भए पनि आवश्यक नै बढी मात्राको प्रयोग गर्नाले भाषिक अशुद्धता र् अर्थगत अस्पष्टता कायम हुन गई भन्न खोजेको अर्थ समेत स्पष्ट हुन सक्दैन । अध्ययनबाट प्राप्त तथ्यको आधारमा शब्दहरूमा अनावश्यक रूपमा मात्राको प्रयोग गरेर सरकारी तथा निजी दुबै विद्यालयका विद्यार्थीहरूले त्रुटि गरेको भेटियो । यसरी त्रुटिपूर्ण वर्ण विन्यासको प्रयोग गरिएका शब्दहरू निम्नानुसार रहेका छन् :

| **प्रयोग भएका शब्दहरू** | **प्रयोग हुनु पर्ने शब्दहरू** |
|---|---|
| - प्राधानाध्यापक | प्रधानाध्यापक |
| - माहाविद्यालय | महाविद्यालय |
| - माहाराजा | महाराजा |
| - त्याहाँ | त्यहाँ |
| - तेस्ले | त्यस्ले |
| - समर्पक | सर्म्पक |
| - सामाधान | समाधान |

यस प्रकारले आवश्यकताभन्दा मात्राको बढी प्रयोग गरी यस कक्षाका विद्यार्थीहरूले त्रुटिहरू गरेका छन् ।

### ३.७.४ मात्राको लोप सम्बन्धी त्रुटि

नेपाली भाषालाई शुद्ध र स्पष्ट सँग लेख्नु जरूरी छ । यसको लेखनका क्रममा शब्दहरूमा प्रयोग गरिने मात्राहरूलाई समुचित तरिकाले प्रयोग गर्नु पर्दछ । लेखनका क्रममा राखिनु पर्ने मात्राहरूलाई उपयुक्त ढङ्गले प्रयोग गर्न सकिएन भने भाषिक शुद्धता कायम रहँदैन । यसको अर्थमा समेत अस्पष्टता रहन सकछ र लेखनमा त्रुटि हुन जान्छ । अध्ययनको क्रममा मात्राको बढी प्रयोग सम्बन्धी त्रुटि हुने गरेको पाइए झैं मात्राको लोप सम्बन्धी त्रुटि पनि गरेको पाइयो । त्यस्ता त्रुटिहरू कथ्य भाषामा प्रयोग हुने उच्चारणगत त्रुटिका कारणले गर्दा त्यसको प्रभाव भाषाको लेख्य क्षेत्रमा पनि पर्दछ । यस प्रकारको त्रुटिलाई कम गर्नका लागि विद्यार्थीहरूलाई शब्दको उच्चारण अभ्यास गराउनुका साथै वर्ण विन्यासलाई ख्याल गरी अनुलेखन गर्ने लगाउनु पर्दछ । अध्ययनबाट

प्राप्त प्रमाणलाई केलाएर हेर्दा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले आकार मात्रा (ा) को लोप, इकार र उकार को प्रयोगमा ह्रश्व दीर्घको मात्र शुद्ध प्रयोग उचित तरिकाले गर्न नसकेको भेटियो । यसरी सबै विद्यार्थीहरूले मात्रा र शुद्धतामा ध्यान दिन नसकेर त्रुटिहरू गरेको भेटियो । ती शब्दहरू निम्न लिखित छन् :

| <u>प्रयोग भएका शब्दहरू</u> | <u>प्रयोग हुनु पर्ने शब्दहरू</u> |
|---|---|
| - पानि | पानी |
| - विद्य | विद्या |
| - समचार | समाचार |
| - साधरण | साधाघरण |
| - दिदि | दिदी |
| - ठिक | ठीक |
| - सूविधा | सुविधा |
| - दयालू | दयालु |
| - मानीस | मानिस |
| - सिता (नाम) | सीता |

यस क्षेत्रमा भएका त्रुटिहरूलाई हेर्दा पठनका क्रममा शुद्ध हिज्जेको ख्याल नगरेर पाठ पढ्नु, अनुलेखनको कमी र शिक्षणमा समेत शुद्धाशुद्धिलाई ध्यान नदिएर शिक्षण कार्य गर्नाले समेत त्रुटि गरेको देखिन्छ ।

### ३.७.५ आधावर्णको लोप सम्बन्धी त्रुटि

नेपाली भाषाको लेखनका क्रममा शब्द अनुसार कतिपय स्थानमा आधावर्णको प्रयोग हुने हुन्छ भने कतिपय स्थानमा पूर्ण (सिङ्गो) वर्णको प्रयोग गर्नु पर्ने अपरिहार्य आवश्यकता हुन्छ । यस्तो स्थितिमा आधावर्ण प्रयोग गर्नु त्रुटिपूर्ण कार्य मानिन्छ । लेखनका लागि समय पनि कम लाग्ने हुनाले सिङ्गो वर्ण लेख्नु पर्ने स्थानमा समेत आधा वर्ण लोप गरी बाँकी आधा वर्ण मात्र लेख्ने गरेको पाइयो । खास गरेर विद्यार्थीहरू जस्तो बोल्छन् (अशुद्ध रूपमा) त्यस्तै लेखने बानी बसेको पाइन्छ । अध्ययनबाट प्रप्त तथ्य अनुसार सरकारी तथा निजी विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले यस क्षेत्रमा निम्नानुसारका शब्दहरू प्रयोग गरेका छन् :

| <u>प्रयोग भएका शब्दहरू</u> | <u>प्रयोग हुनु पर्ने शब्दहरू</u> |
|---|---|
| - राज्धानी | राजधानी |
| - उस्को | उसको |
| - धन्वान् | धनवान् |
| - हाम्रो | हाम्रो |
| - सफल्ता | सफलता |
| - फ्वात | फ्वात्त |
| - किन्भने | किनभने |
| - चापेको | च्यापेको |
| - छक | छक्क |

अध्ययनबाट प्राप्त तथ्यलाई विश्लेषण गर्दा कतिपय शब्दहरूको लिखित रूप व्यक्त गर्दा पुरा वर्णको आवश्यक हुने भए पनि विद्यार्थीहरूले पुरा वर्णको नै प्रयोग गरेर आधा वर्णको मात्र प्रयोग गरी लेखेको पाइयो । यस क्षेत्रमा हुने त्रुटिको मात्रा केही न्यून रहेको पाइएको छ । अझ सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूले गर्ने त्रुटि झन् न्यून रहेको पाइएको छ ।

### ३.७.६ एउटा वर्णको सट्टामा अर्को वर्णको प्रयोग सम्बन्धी त्रुटि

भाषाका कथ्य र लेख्य दुई रूप हुन्छन् । यी रूपहरूमध्ये कथ्यभन्दा लेख्य भाषाको माध्यमबाट भन्न खेजेको कुरा बढी स्पष्ट हुनुका साथै भाषाको प्रयोग सम्बन्धी शुद्धता ठम्याउन समेत सजिलो हुन्छ तापनि विद्यार्थी हरूमा उच्चारण सम्बन्धी असरमा परेर लेख्य रूपमा समेत त्रुटि गर्ने गर्दछन् । नेपाली भाषामा प्रयोग हुने वर्णहरू यस्ता छन् जसको उच्चारण दुरूस्त किसिमले गर्नु पर्ने हुन्छ । तर कतिपय वर्णहरूको उच्चारण गर्दा निस्कने ध्वनिबाट फरक फरक वर्ण भए पनि एकै किसिमका वर्ण हुन कि जस्तो भ्रम पर्न सक्छ । यसैको प्रभावले गर्दा एउटा वर्ण लेख्नु पर्ने ठाउँमा अर्को वर्णको वैकल्पिक प्रयोग गरी लेख्ने परेको पाइन्छ । यस प्रकारको त्रुटिको क्षेत्रमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले उपयुक्त

वर्णको प्रयोग गर्न नसकेर त्रुटि गरेको तथ्य अध्ययनबाट पाइएको छ । यस क्षेत्रसँग सम्बन्धित शब्दहरू छन् :

| प्रयोग गरिएका शब्दहरू | प्रयोग गर्नु पर्ने शब्दहरू |
|---|---|
| - घोरा | घोडा |
| - नारी (हात) | नाडी |
| - जान्चौं | जान्छौं |
| - राजगट्टी | राजगद्दी |
| - विदा | विधा |
| - उदारहण | उदाहरण |
| - प्रगतीपठ | प्रगतिपथ |
| - भ्रस्ताचार | भ्रष्टचार |
| - टाडा | टाढा |
| - साक | साग |
| - प्रमान | प्रमाण |
| - बेवस्था | व्यवस्था |

अध्ययनबाट प्राप्त तथ्यलाई केलाएर हेर्दा एउटा वर्णको सट्टामा अर्को वर्णको प्रयोग गरेर लेखनमा त्रुटि गर्नुको मूल कारण भाषाको स्थानीय भेद रहेको पाइयो । यसका साथै गैर नेपाली मातृभाषी विद्यार्थीहरूले अझ विशेष गरेर यस क्षेत्रका थारु मातृभाषी विद्यार्थीहरूले 'त' वर्गीय वर्णहरूलाई 'ट' वर्गीय वर्णको रूपमा उच्चरण गर्ने हुँदा लेखनमा समेत यसको प्रभावमा परेर यस क्षेत्रमा बढी त्रुटि भएको पाइयो । यस कक्षामा एउटा वर्णको सट्टामा अर्को वर्णको प्रयोग गर्ने विद्यार्थीको सङ्ख्या ४०% रहेको छ । शुद्धोच्चारणमा अभ्यासको अभाव र अनुलेखन कम गराउनु नै यस क्षेत्रमा हुने त्रुटिको मुख्य कारण भेटियो ।

### ३.७.७. 'रेफ्' को प्रयोग सम्बन्धी त्रुटि

नेपाली भाषाको कथ्य र लेख्य रूपमा रेफ ( र्  ) को प्रयोग हुन्छ । तर लेखनका क्रममा कतिपय स्थानमा रेफ ( र् ) को समुचित मात्रामा प्रयोग गर्न नसकेर विद्यार्थीहरूले

त्रुटि गरेको पाइयो । प्राप्त तथ्यको आधारमा यस क्षेत्रमा कतिपय विद्यार्थीहरूले रेफको प्रयोग गर्नु पर्नेमा 'र' वर्णको प्रयोग गरेर त्रुटि गरेका छन् तर कतिपय विद्यार्थीहरूले चाहिँ रेफनै प्रयोग गरी लेखेको पाइयो । यस क्षेत्रमा त्रुटिपूर्ण लेखनमा प्रयोग भएका शब्दहरू निम्नानुसार छन् ।

| **प्रयोग गरिएका शब्दहरू** | **प्रयोग गर्नु पर्ने शब्दहरू** |
|---|---|
| - पर्कस | प्रकाश |
| - खुरपेटो | खुर्पेटो |
| - घिरनी | घिर्नी |
| - अरको | अर्को |
| - प्रदरशन | प्रदर्शन |
| - मरमत | मर्मत |
| - सर्खेत | सुर्खेत |
| - करम | कर्म |
| - भ्रखर | भर्खर |
| - सरप | सर्प |

यस अध्ययनबाट प्राप्त तथ्यलाई विश्लेषण गर्दा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले रेफको प्रयोग गर्नु पर्नेमा यसको प्रयोग नगरी 'र' वर्णको प्रयोग गरेको र रेफको फरक स्थानमा प्रयोग गरेको पाइयो । यस्ता प्रकारका त्रुटि गर्ने विद्यार्थीहरूको सङ्ख्या २६ रहेको छ भने बाँकी ३४ जनाले त्रुटि बिना नै शुद्ध वर्ण विन्यासको प्रयोग गरेको देखिन्छ ।

### ३.७.८ सारांश

वर्ण विन्यास सम्बन्धी अन्य त्रुटिका क्षेत्रहरूमध्ये माथि उल्लिखित विषयहरूलाई विश्लेषण गर्दा विद्यार्थीहरूले सबैभन्दा बढी त्रुटि एउटा वर्णको सट्टामा वैकल्पिक रूपमा अर्को वर्णको प्रयोग गरेर भएको देखिन्छ । यसको तुलनामा पुरावर्णको लोप, आधावर्णको लोप र मात्राको बढी प्रयोगका क्षेत्रमा त्रुटि गर्ने विद्यार्थीहरूको सङ्ख्या केही न्यून देखिन्छ । त्यसै गरी रेफ् दिनुपर्ने स्थानमा अर्को वर्णको प्रयोग गरेर, रेफ्को स्थानमा 'र' वर्णको प्रयोग गरेर र फरक ठाउँमा रेफको प्रयोग गरेर त्रुटि गर्ने विद्यार्थीको सङ्ख्या पुरावर्णको लोप, आधा वर्णको लोप, मात्राको बढी प्रयोग गरेर त्रुटि गर्ने विद्यार्थी सङ्ख्याको भन्दा अधिक रहेको पाइयो ।

# अध्याय चार
# तुलनात्मक अध्ययन

## ४.१ परिचय

राष्ट्रको आवश्यकता अनुसार शैक्षिक जनशक्ति तयार गर्नु राज्यको दायित्व हो । शिक्षा मानव जीवनको अपरिहार्य विषय वस्तु हो । यसलाई शिक्षाविदहरूले जीवनको मेरुदण्डको रूपमा परिभाषित गरेको पाइन्छ । मानव जाति पृथ्वीमा मात्र नभएर अन्तरिक्षमा पनि आफ्नो प्रभुत्व जमाउन सफल भएको छ । मानव जातिका जति विजयहरू छन् ती सबै शिक्षाले नै गर्दा भएका हुन् भने पराजय  शिक्षाको कमिले भोग्नु परेको छ । मानव जातिले सफलता प्राप्त गर्न शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हाम्रो देशमा पनि शिक्षाले असीम लामो इतिहास बोकेको छ । शिक्षा क्षेत्रले धेरै बाधा अर्चनहरू  खेप्दै आएको छ । यस्तो स्थितिमा वर्तमान अवस्थामा दुई प्रकारको शिक्षा नीति देखिएको छ । पहिलो अवस्थामा सरकारी विद्यालयहरू छन् ।  ती सरकारी विद्यालयहरूलाई सामुदायिक विद्यालय भनिन्छ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि न्यूनतम प्रवेश शुल्क र परीक्षा शुल्क मात्र लिइने गरिन्छ र भौतिक पूर्वाधार समेत सरकारले बेहोरेको छ भने दलित छात्रछात्रा प्रावि छात्रछात्रा र मावि छात्राहरूको लागि छात्रवृत्ति वितरण गर्न करोडौं लगानी गरेको छ । त्यसै गरी पठ्य पुस्तक र शैक्षिक सामग्रीदेखि लिएर शिक्षकहरूका लागि पेसागत दक्षता अभिवृद्धि गर्न पनि त्यतिकै सरकारी कोष खर्च भएको छ । यसको तुलनामा हेर्ने हो भने दोस्रो अवस्थाका निजी विद्यालयहरूको अवस्था गम्भीर छ । चर्को शुल्क सङ्कीर्ण भौतिक परिवेश तालिम अवसर प्राप्त नगरेका शिक्षक शिक्षिकाहरू । अन्तत : परिणम हेर्दा तिनै निजी विद्यालयहरूको स्थिति राम्रो देखिन्छ । राज्यले लिने एस.एल.सी. बोर्ड परीक्षाको नतिजा निजी विद्यालयमा समावेश हुने छात्रछात्राहरूकै सर्वाधिक रहेको देखिन्छ । एस.एल.सी. बोर्ड परीक्षामा मात्र नभई तल्ला कक्षाहरूमा पनि विद्यार्थी उपस्थिति अनुशासन, अभिभावकको चासो र कक्षागत र तहगत प्रगति पनि सामुदायिक विद्यालयको तुलनामा सन्तोषजनक देखिन्छ । यसै क्रममा शिक्षा क्षेत्रमा समान सहभागिता हुनु पर्दछ भन्ने धारणा अनुरूप २०२८ सालमा देशमा नयाँ शिक्षा लागु भए पछि विद्यालयहरूमा पढ्ने छात्राहरूको सङ्ख्या क्रमश वृद्धि हुँदै आएको छ । “बाबु शिक्षित हुनु एक व्याक्ति मात्र शिक्षित हुनु हो भने आमा शिक्षित हुनु परिवार शिक्षित हुनु हो” भन्ने भनाई अनुसार

छात्राहरूलाई निरन्तर प्राथमिक शिक्षादेखि उच्च तहको शिक्षासम्म नै प्रोत्साहन गर्न सरकारले विभिन्न सुविधाहरू दिने गरेको छ । पहिलो अपेक्षा देशमा प्रजातन्त्र पुनः स्थापना भएपछि दाङ जिल्लाको सन्दर्भमा शिक्षा क्षेत्रमा देखिएको लैङ्गिक विभेदको अन्त्य भएको छ । छोरासरह छोरीलाई पनि शिक्षामा समान अवसर दिनाले उत्साह पनि बढेको पाइन्छ । त्यति हुँदा हुँदै पनि घरको काममा छोराको भन्दा छोरीलाई बढी जिम्मेवारी हुन्छ । छोरा सरह स्वतन्त्र हुदैनन् छोरीहरू । छोरीहरूको तुलनात्मक रूपमा परिवारदेखि बाहिर अन्य समुदाय, वर्ग, सँगीसाथीहरूसँग प्रशस्त सम्पर्क हुँदैन जसका कारण सम्बन्धको माध्यमबाट सिकाइ प्रक्रियामा पनि  कमी आउँछ । यसै सन्दर्भमा दाङका कक्षा ८ मा अध्ययन गर्ने छात्रछात्राहरूको वर्ण विन्यास सम्बन्धी त्रुटिको तुलनात्मक अध्ययन गर्दा ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूमध्ये ३० जना छात्र र ३० जना छात्राहरू बिचको त्रुटिगत स्थिति तलको तालिका अनुसार रहेको छ ।

### ४.१.१ शब्दादि सम्बन्धी त्रुटिको तुलना

नेपाली लेखनका क्रममा ह्रस्वको प्रयोग गर्नु पर्ने ठाउँमा दीर्घ मात्राको प्रयोग गर्दा सामुदायिक र निजी विद्यालयका विद्यार्थीबाट प्रशस्त त्रुटि गरेको पाइयो । ह्रस्व सम्बन्धी त्रुटिका लागि गरिएको अनुसन्धानबाट देखिएका त्रुटिहरूको तुलनात्मक स्थिति निम्न प्रकार छ :

**तालिका नं. १: शब्दादिमा त्रुटि गर्ने विद्यार्थीहरूको स्थिति**

(क) (ख)

| क्र. सं. | शब्दहरू | सामुदायिक विद्यालयका विद्यार्थी | | | | निजी विद्यालयका विद्यार्थी | | | | लेखिएका शब्दहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | विनाकारण | ८ | २७ | २२ | ७३ | ११ | ३७ | १९ | ६३ | वीनाकारण |
| २ | तिमी | ५ | १७ | २५ | ८३ | ८ | २७ | २३ | ७३ | तीमी |
| ३ | त्रिसट्ठी | १२ | ४० | १८ | ६० | १२ | ४० | १८ | ६० | त्रीसट्ठी |
| ४ | सिता (भात) | १० | ३३ | २० | ३७ | १२ | ४० | १८ | ६० | सीता (भात) |
| ५ | त्रिपन्न | ६ | २० | २४ | ८० | १२ | ४० | १८ | ६० | त्रीपन्न |
| ६ | सुत्नु | १२ | ४० | १८ | ६० | ८ | २७ | २२ | ७३ | सूत्नु |
| ७ | कुकाठ | ११ | ३७ | १९ | ६३ | ११ | ३७ | १९ | ६३ | कूकाठ |
| ८ | दुर्व्यवहार | ९ | ३० | २१ | ७० | १३ | ४३ | १७ | ५७ | दूव्यवहार |
| ९ | गुण | १० | ३३ | २० | ६७ | १३ | ४३ | १७ | ५७ | गूण |
| १० | भुसुक्क | ९ | ३० | २१ | ७० | १४ | ४७ | १६ | ५३ | भूसुक्क |
| | औषत | ९२ | ३१% | २०८ | ६९% | ११४ | ३८% | १०६ | ६२% | |

माथिको तालिकाको अध्ययन र विश्लेषण गर्दा यस क्षेत्रमा त्रुटि गर्ने सङ्ख्या सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरूमा उत्तिकै देखियो । तर तुलनात्मक विश्लेषण

गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले औषत ९२ जना र निजी विद्यालयका विद्यार्थीहरूले औषत ११४ जनाले शुद्ध लेखेको पाइयो भने त्रुटिपूर्ण लेखनमा सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरूले क्रमशः २०८ (६९%) र १८६ (६२%) जनाले त्रुटि गरेको पाइयो । यसरी प्रतिशतको आधारमा तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूले ७ प्रतिशत बढीले शुद्ध लेखेका छन् । त्रुटिपूर्ण लेखनको स्थिति ६९% र ६२% त्यसै पनि बढी हो भने त्यसमा पनि सामुदायिक विद्यालयका विद्यार्थीहरूको त्रुटि क्षेत्र तुलनात्मक रूपमा बढी हुनु सम्वेदनशील विषय हो ।

### ४.१.२ शब्दमध्यमा इ/उ को त्रुटिगत तुलना

शब्दका आदिमा जुन रूपले त्रुटि गर्ने प्रवृत्ति छ सोही अनुसार नै शब्दमध्यमा पनि विद्यार्थीहरूले त्रुटि गर्ने गर्दछन् । शब्दको मध्यमा ह्रस्व लेख्नु पर्नेमा दीर्घ लेखिनु त्रुटि हो । यो त्रुटि सामुदायिक विद्यालयका विद्यार्थीहरूमा र निजी विद्यालयका विद्यार्थीहरूमा उस्तै-उस्तै देखियो । शब्दमध्यमा दीर्घ लेखेर त्रुटि हुन आएको स्थिति तुलनात्मक रूपमा यस प्रकार छ :

**तालिका नं. २: शब्दमध्यमा इ/उ त्रुटि गर्ने विद्यार्थीहरूको स्थिति**

| क्र. सं. | शब्दहरू | (क) सामुदायिक विद्यालयका विद्यार्थी | | | | (ख) निजी विद्यालयका विद्यार्थी | | | | लेखिएका शब्दहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | मन्दिर | १४ | ४७ | १६ | ५३ | १५ | ५० | १५ | ५० | मन्दीर |
| २ | मानिस | १५ | ५० | १५ | ५० | १७ | ५७ | १३ | ४३ | मानीस |
| ३ | प्रतिज्ञा | २४ | ८० | ६ | २० | २५ | ८३ | ५ | १७ | प्रतीज्ञा |
| ४ | कविता | २१ | ७० | ९ | ३० | १९ | ६३ | ११ | ३७ | कवीता |
| ५ | गइन | २२ | ७३ | ८ | २७ | २२ | ७३ | ८ | २७ | गईन |
| ६ | मुजुर | १९ | ६३ | ११ | ३७ | १९ | ६३ | ११ | ३७ | मुजूर |
| ७ | हजुर | २० | ६७ | १० | ३३ | २१ | ७० | ९ | ३० | हजूर |
| ८ | लुसुक्क | १७ | ५७ | १३ | ४३ | १८ | ६० | १२ | ४० | लुसुक्क |
| ९ | अवगुण | १८ | ६० | १२ | ४० | २० | ६७ | १० | ३३ | अवगूण |
| १० | बाटुलो | १७ | ५७ | १३ | ४३ | १९ | ६३ | ११ | ३७ | बाटूलो |
| | औषत | १८७ | ६२% | ११३ | ३८% | १९५ | ६५% | १०५ | ३५% | |

माथिका तालिकाको आधारमा ह्रस्व सम्बन्धी त्रुटि हेर्दा शब्दादिको त्रुटिभन्दा कम देखियो । सामुदायिक विद्यालयहरूका २४ जनाले प्रतिज्ञा शब्द शुद्ध गरेर लेखेको पाइयो भने निजी विद्यालयका २५ जना विद्यार्थीले सोही शब्द ठिक लेखेको पाइयो । त्रुटिपूर्ण लेखनमा मन्दिर शब्दमा सामुदायिक विद्यालयका १६ जना (५३%) र निजी विद्यालयका १५ जना (५०%) ले त्रुटि गरेको पाइयो । औषत रूपमा तुलना गर्दा शुद्ध लेखन प्रतिशत क्रमशः ६२%,

६५%, र त्रुटिपूर्ण लेखनमा ३८%, ३५% पाइयो । त्रुटिगत भिन्नतालाई मात्र  तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको त्रुटि ३% ले बढी देखियो ।

### ४.१.३ शब्दान्तमा इ/उ को  त्रुटिगत तुलना

लेखनका क्रममा शब्दादि र शब्दमध्यमा मात्र नभई शब्दान्तमा पनि सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरूले उत्तिकै त्रुटि गरेको पाइयो । शब्दको अन्त्यमा ह्रस्व लेख्नु पर्ने ठाउँमा दीर्घ लेखेर यस  सम्बन्धी त्रुटि गरेको पाइयो । दुबै प्रकृतिका संस्थाका विद्यार्थीहरूले गरेको त्रुटि शुद्ध लेखनको तुलनामा कम भए तापनि अलग अलग विश्लेषण गर्दा शब्दान्तमा ह्रस्व लेख्नु पर्नेमा दीर्घ लेखेर त्रुटि गरेको स्थिति निम्न प्रकार छ :

**तालिका नं. ३: शब्दान्तमा इ/उ मा त्रुटि गर्ने विद्यार्थीहरूको स्थिति**

(क) (ख)

| क्र. सं. | शब्दहरू | सामुदायिक विद्यालय विद्यार्थी | | | | निजी विद्यालयका विद्यार्थी | | | | लेखिएका शब्दहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | भोलि | १० | ३३ | २० | ६७ | १८ | ६० | १२ | ४० | भोली |
| २ | नाति | १४ | ४७ | १६ | ५३ | १४ | ४७ | १६ | ५३ | नाती |
| ३ | पति | १८ | ६० | १२ | ४० | १७ | ५७ | १३ | ४३ | पती |
| ४ | अनि | १६ | ५३ | १४ | ४७ | १८ | ६० | १२ | ४० | अनी |
| ५ | अगाडि | १३ | ४३ | १७ | ५७ | १८ | ६० | १२ | ४० | अगाडी |
| ६ | भिनाजु | १८ | ६० | १२ | ४० | १६ | ५३ | १४ | ४७ | भिनाजू |
| ७ | फुपाजु | १५ | ५० | १५ | ५० | १९ | ६३ | ११ | ३७ | फुपाजू |
| ८ | विर्सनु | २४ | ८० | ६ | २० | २३ | ७७ | ७ | २३ | विर्सनू |
| ९ | रमाउनु | १३ | ४३ | १७ | ५७ | १७ | ५७ | १३ | ४३ | रमाउनू |
| १० | तराजु | १६ | ५३ | १४ | ४७ | १९ | ६३ | ११ | ३७ | तराजू |
| | औषत | १५७ | ५२% | १४३ | ४८% | १७९ | ६०% | १२१ | ४०% | |

माथिका तथ्याङ्क अनुसार विद्यार्थीहरूलाई अलग अलग राखेर, लेख्न लगाएर अध्ययन गरी विश्लेषण गर्दा लेख्न दिएका सवै शब्दहरूमा सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरूले समान रूपमा त्रुटि गरेको पाइएन । अनुभव र अभ्यासका आधारमा त्रुटिगत भिन्नता फरक-फरक छ । औषत रूपमा सामुदायिक विद्यालयका १५७ जनाले शुद्ध र १४३ जनाले त्रुटिपूर्ण लेखेका छन् भने त्यसै गरी निजी विद्यालयका १७९ विद्यार्थीले शुद्ध र सामुदायिक विद्यालयका १२१ जना विद्यार्थीहरूले त्रुटिपूर्ण लेखन गरेको पाइयो भने औषत रूपमा क्रमशः ४८% र ४०% त्रुटि गरी निजी विद्यालयको तुलनामा सामुदायिक विद्यार्थीहरूले त्रुटि गरेको देखियो ।

### ४.१.४ शब्दादिमा ई/ऊ को त्रुटिगत तुलना

वर्ण विन्यासगत त्रुटि हुने अर्को क्षेत्र दीर्घ मात्राको प्रयोग हो । दीर्घ मात्राको सही रूपमा विन्यास नभएमा कतिपय ठाउँमा त्रुटि भई अर्थमा समेत प्रभाव पर्न जाने देखिन्छ । भाषागत अशुद्धतालाई हटाई शुद्ध भाषिक लेखन कथ्य भाषामा मात्रा त्यति ख्याल नगरिए पनि कथ्य सामग्रीलाई लिखित रूपमा व्यक्त गर्न मात्राको विशेष रूपले ध्यान पुऱ्याउनु पर्नेमा सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरूमा त्यस्तो पाइएन । शब्दको आदिमा दीर्घ लेख्नु पर्नेमा ह्रस्व लेखेर त्रुटि गरेको दुबै संस्थाका विद्यार्थीहरूमा पाइया । जुन यस प्रकार छः :

**तालिका नं. ४ शब्दादिमा ई/ऊ मा त्रुटि गर्ने विद्यार्थीहरूको स्थिति**

| क्र. सं. | शब्दहरू | (क) सामुदायिक विद्यालयका विद्यार्थी | | | | (ख) निजी विद्यालयका विद्यार्थी | | | | लेखिएका शब्दहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | यी | १८ | ६० | १२ | ४० | २२ | ७३ | ८ | २७ | यि |
| २ | ती | १९ | ६३ | ११ | ३७ | २० | ६७ | १० | ३३ | ति |
| ३ | जीवनी | १६ | ५३ | १४ | ४७ | १६ | ५३ | १४ | ४७ | जिवनी |
| ४ | टीका | १२ | ४० | १८ | ६० | १५ | ५० | १५ | ५० | टिका |
| ५ | सीता(स्त्री | १३ | ४३ | १७ | ५७ | १६ | ५३ | १४ | ४७ | सिता(स्त्री) |
| ६ | बूढो | १३ | ४३ | १७ | ५७ | १३ | ४३ | १७ | ५७ | बुढो |
| ७ | सूर्य | १२ | ४० | १८ | ६० | १५ | ५० | १५ | ५० | सुर्य |
| ८ | पूज्य | ११ | ३७ | १९ | ६३ | १७ | ५७ | १३ | ४३ | पुज्य |
| ९ | शून्य | १२ | ४० | १८ | ६० | १४ | ५७ | १६ | ५३ | शुन्य |
| १० | मूर्ख | ११ | ३७ | १९ | ६३ | १८ | ६० | १२ | ४० | मुर्ख |
| | औषत | १३७ | ४६% | १६३ | ५४% | १६६ | ५५% | १३४ | ४५% | |

माथिको तालिका ‘क’ र ‘ख’ लाई हेर्दा के स्पष्ट हुन्छ भने शब्दादिमा दीर्घ लेखेर त्रुटि गर्ने दाङ्गाली विद्यार्थीको सख्या अधिक देखिन्छ । त्यसमा पनि सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या बढी देखिन्छ भने ‘क’ र ‘ख’ दुवैको तुलनामा ख अर्थात निजी विद्यालयका विद्यार्थीहरूको त्रुटि क्षेत्र कम देखिन्छ । समान शब्दमा समान त्रुटि नभई त्रुटिको स्थिति फरक-फरक छ । तालिका ‘क’ मा बढी त्रुटि छ । मूर्ख शब्दमा (६३%) देखिन्छ भने तालिका ‘ख’ मा बूढो शब्दमा बढी त्रुटि ५७% देखिन्छ । शुद्धलेखनमा ‘क’ मा ६३% र ‘ख’ ७३% देखिन्छ । औषत रूपमा शुद्ध लेखन क्रमशः ‘क’ ४६% ‘ख‘ ५५% देखिन्छ भने त्रुटिपूर्ण लेखनमा ‘क’ ५४% र ‘ख’ ४५% देखिन्छ । यसरी ‘क’ र ‘ख’ दुबैको तुलनामा ‘क’ को ९ प्रतिशतले बढी त्रुटि देखिन्छ ।

### ४.१.५ शब्दमध्यमा ई/ऊ को  त्रुटिगत तुलना

भाषिक लेखाइका क्रममा शब्दमध्यमा पनि दीर्घ लेख्नु पर्नेमा ह्रस्व लेखेर त्रुटि गरेको पाइयो । तर यो त्रुटि शब्दादिको भन्दा शब्दमध्यमा बढी देखिन्छ । सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यार्थीहरूले एकै शब्दमा धेरै त्रुटि गरेको देखियो । शब्दमध्यमा त्रुटि गरेका शब्दहरू:- जस्तै;

**तालिका नं. ५: शब्दमध्यमा ई/ऊ मा त्रुटि गर्ने विद्यार्थीहरूको स्थिति**

(क) (ख)

| क्र. सं. | शब्दहरू | सामुदायिक विद्यालयका विद्यार्थी | | | | | निजी विद्यालयका विद्यार्थी | | | | लेखिएका शब्दहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | परीक्षा | ११ | ३७ | १९ | ६३ | | १५ | ५० | १५ | ५० | परिक्षा |
| २ | उत्तीर्ण | १३ | ४३ | १७ | ५७ | | १६ | ६३ | १४ | ३७ | उत्तिर्ण |
| ३ | प्राचीन | १३ | ४३ | १७ | ५७ | | १६ | ५३ | १४ | ४७ | प्राचिन |
| ४ | बिहिबार | ११ | ३७ | १९ | ६३ | | १२ | ४० | १८ | ६० | बिहिबार |
| ५ | गम्भीर | ९ | ३० | २१ | ७० | | ११ | ३७ | १९ | ६३ | गम्भिर |
| ६ | समूह | १० | ३३ | २० | ६७ | | १८ | ७३ | १२ | २७ | समुह |
| ७ | सम्पूर्ण | १२ | ४० | १८ | ६० | | १५ | ५० | १५ | ५० | सम्पुर्ण |
| ८ | आफूले | ११ | ३७ | १९ | ६३ | | १५ | ५० | १५ | ५० | आफुले |
| ९ | आभूषण | १२ | ४० | १८ | ६० | | १४ | ४७ | १६ | ५३ | आभुषण |
| १० | नाचून | १० | ३३ | २० | ६७ | | १२ | ४० | १८ | ६० | नाचुन |
| | औषत | ११२ | ३७% | १८८ | ६३% | | १३२ | ४४% | १६८ | ५६% | |

माथिका तालिकाका आधारमा शब्दमध्यमा दीर्घ सम्बन्धी त्रुटिलाई हेर्दा तुलनात्मक रूपमा सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरूले उस्तै त्रुटि गरेको देखिन्छ । तालिका 'क' मा सम्मिलित विद्यार्थीहरूले गम्भीर शब्दमा २१ जनाले त्रुटि गरेको पाइयो भने 'ख' मा १९ जना विद्यार्थीहरूले त्रुटि गरेको पाइयो । उत्तीर्ण/प्राचीन शब्द क समूहका १३ जना विद्यार्थीले र ख समूहका १६ जना विद्यार्थीहरूले शुद्ध लेखेको पाइयो । दुबै प्रकृतिका विद्यार्थीहरूको औषत रूपमा तुलना गर्दा शुद्ध लेखनमा सामुदायिक विद्यालयको ३७% र निजी विद्यालयको ४४% देखियो भने त्रुटिपूर्ण लेखनमा क्रमश: ६३% र ५६% देखियो जुन निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयको त्रुटिको स्थिति ७% ले बढी पाइयो ।

### ४.१.६  शब्द अन्त्यमा ई/ऊ को  त्रुटिगत तुलना

शब्दको अन्त्यमा दीर्घ लेख्नु पर्ने ठाउँमा ह्रस्व लेखिनु शब्दान्तमा हुने दीर्घ सम्बन्धी त्रुटि हो । यस क्षेत्रमा पनि सामुदायिक र निजी गरी दुबै क्षेत्रका विद्यार्थीहरूले त्रुटि गरेका छन् । शब्दमध्यको तुलनामा शब्दान्त्मा भने त्रुटि कम देखियो । जस्तै;

### तालिका नं. ६: शब्द अन्त्यमा ई/ऊ मा त्रुटि गर्ने विद्यार्थीहरूको स्थिति

| क्र. सं. | शब्दहरू | (क) सामुदायिक विद्यालयका विद्यार्थी | | | | (ख) निजी विद्यालयका विद्यार्थी | | | | लेखिएका शब्दहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | पानी | २२ | ७३ | ८ | २७ | २१ | ७० | ९ | ३० | पानि |
| २ | उनी | २१ | ७० | ९ | ३० | २३ | ७७ | ७ | २३ | उनि |
| ३ | काली | १८ | ६० | १२ | ४० | २० | ६७ | १० | ३३ | कालि |
| ४ | बहिनी | २२ | ७३ | ८ | २७ | २३ | ७७ | ७ | २३ | बहिनि |
| ५ | हामी | २६ | ८७ | ४ | १३ | २५ | ८३ | ५ | १७ | हामि |
| ६ | आफू | १८ | ६० | १२ | ४० | २१ | ७० | ९ | ३० | आफु |
| ७ | पँढू | १५ | ५० | १५ | ५० | १७ | ५७ | १३ | ४३ | पढुँ |
| ८ | फुपू | १४ | ४७ | १६ | ५३ | १५ | ५० | १५ | ५० | फुपु |
| ९ | जाऊ | १३ | ४३ | १७ | ५७ | १८ | ६० | १२ | ४० | जाउ |
| १० | भाउजू | १८ | ६० | १२ | ४० | १७ | ५७ | १३ | ४३ | भाउजु |
| | औषत | १८७ | ६२% | ११३ | ३८% | २०० | ६७% | १०० | ३३% | |

उपयुर्क्त तथ्यका आधारमा तुलनात्मक रूपमा विश्लेषण गर्दा शब्दादि, शब्दमध्यमा भन्दा शब्दान्तमा त्रुटिको स्थिति कम पाइयो । त्रुटि नै नभएको होइन तर शब्दको अन्त्यमा बढी दीर्घ लेख्ने बानी, अनुभव र अभ्यास जेपनि हुन सक्छ । अन्य क्षेत्रको तुलनामा निजी र सामुदायिक दुवै अवस्थाका विद्यार्थीको त्रुटि सङ्ख्या/प्रतिशत घटेको पाइयो । त्यति हुँदा हुँदै पनि प्रशस्त अभ्यास गर्नु पर्ने साथै निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूले अझ बढी मिहिनेत गर्नु पर्ने देखिन्छ । औषत उपलब्धिको आँकलन गर्दा शुद्ध लेखनमा सामुदायिक विद्यालयको ६२% र निजी विद्यालयको ६७% रहेको देखिन्छ । यो निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयको उपलब्धि ५% ले कमी छ ।

### ४.१.७ श, ष र स को त्रुटिगत तुलना

श-ष-स को उच्चारणगत शैदान्तिक विश्लेषण त्रुटिगत स्थिति अध्याय तिनमा गरिएको छ । यस क्रममा सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरू बिचको वर्ण विन्यास अर्न्तगत श ष स को त्रुटिगत स्थितिको मात्र तुलनामा गरिएको छ ।

श वर्णको प्रयोग गर्ने ठाउँमा स वर्ण, ष वर्णको प्रयोग गर्ने ठाउँमा श वर्ण र स वर्णको प्रयोग गर्ने ठाउँमा श/ष वर्णको प्रयोग गर्नु त्रुटि हो । यसरी भएको त्रुटिको स्थिति सामुदायिक र निजी गरी दुबै विद्यालयका विद्यार्थीहरूमा धेर-थोर पाइयो । जुन यस प्रकार छ :

### तालिका नं. ७: श, ष र स को प्रयोगमा त्रुटि गर्ने विद्यार्थीको स्थिति

| क्र. सं. | शब्दहरू | (क) सामुदायिक विद्यालयका विद्यार्थी | | | | (ख) निजी विद्यालयका विद्यार्थी | | | | लेखिएका शब्दहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | शिव | ८ | २७ | २२ | ७३ | १० | ३३ | २० | ६७ | सिव |
| २ | पशुपति | ७ | २३ | २३ | ७७ | ९ | ३० | २१ | ७० | पसुपति |
| ३ | अवकाश | १२ | ४० | १८ | ६० | १२ | ४० | १८ | ६० | अवकास |
| ४ | पोषण | ११ | ३७ | १९ | ६३ | ११ | ३७ | १९ | ६३ | पोसण |
| ५ | विशेषण | ८ | २७ | २२ | ७३ | ९ | ३० | २१ | ७० | विशसण |
| ६ | भूषण | ७ | २३ | २३ | ७७ | ११ | ३७ | १९ | ६३ | भूशण |
| ७ | सहर | ८ | २७ | २२ | ७३ | १३ | ४३ | १७ | ५७ | शहर |
| ८ | लास | ७ | २३ | २३ | ७७ | ८ | २७ | २२ | ७३ | लाश |
| ९ | आस्था | १० | ३३ | २० | ६७ | १० | ३३ | २० | ६७ | आश्था |
| औषत | | ७८ | २९% | १९२ | ७१% | ९३ | ३४% | १७७ | ६६% | |

प्रस्तुत तालिकालाई हेर्दा ‘क‘ र ‘ख’ दुवै समूहका विद्यार्थीहरूमा त्रुटिको स्थिति क्रमशः ७१% र ६६% देखियो । कस्तो स्थितिमा श-ष-स वर्णको प्रयोग हुन्छ भन्ने धारणा नहुँदा पनि त्रुटिको अवस्था बढी देखिएको हो । शुद्ध लेखनमा क्रमशः २९% र ३४% मात्र हुनाले दङ्गाली विद्यार्थीहरूको वर्ण विन्यासगत स्थिति कमजोर रहेको देखिन्छ । तुलनात्मक रूपमा विश्लेषण गर्दा यस क्षेत्रमा पनि निजी विद्यालयको तुलनामा  सामुदायिक विद्यालयका विद्यार्थीहरूको स्थिति अरू कमजोर देखियो ।

### ४.१.८ य र ए को त्रुटिगत तुलना

अध्ययनको क्रममा विद्यार्थीहरूले लेखेका उत्तर पुस्तिकाहरूलाई गहिरिएर परीक्षण गर्दा ‘य’ र ‘ए’ को प्रयोगमा विभिन्न किसिमका त्रुटिहरू गरेको भेटियो । ‘य’ र ‘ए’ ले अलग-अलग उच्चारणको प्रतिनिधित्व गर्ने भए तापनि कतिपय स्थितिमा यी वर्णलाई एउटै उच्चारणका दुई लिपि (चिन्ह) ठान्ने प्रवित्तिले वर्ण विन्यासगत त्रुटि हुने गरेको देखिन्छ । यो त्रुटि गर्ने क्रम सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरू बिच पनि पाइयो । जुन तुलनात्मक रूपको स्थिति निम्न प्रकार छ :

### तालिका नं. ८: य र ए को प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरूको स्थिति

| क्र. सं. | शब्दहरू | (क) सामुदायिक विद्यालयका विद्यार्थी | | | | (ख) निजी विद्यालयका विद्यार्थी | | | | लेखिएका शब्दहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | यन्त्र | २४ | ८० | ६ | २० | २४ | ८० | ६ | २० | एन्त्र |
| २ | डायरी | १३ | ४३ | १७ | ५७ | १९ | ६३ | ११ | ३७ | डाएरी |
| ३ | यी | १८ | ६० | १२ | ४० | १८ | ६० | १२ | ४० | ई |
| ४ | गाइका | २२ | ७३ | ८ | २७ | २४ | ८० | ६ | २० | गायीका |
| ५ | खाएको | १९ | ६३ | ११ | ३७ | २२ | ७३ | ८ | २७ | खायको |
| ६ | एकानब्बे | १८ | ६० | १२ | ४० | १९ | ६३ | ११ | ३७ | यकानब्बे |
| ७ | एक्कासी | २३ | ७७ | ७ | २३ | २० | ६७ | १० | ३३ | यक्कासी |
| ८ | थियेन | १६ | ५३ | १७ | ४७ | १८ | ६० | १२ | ४० | थिएन |
| औषत | | १५३ | ५१% | १४७ | ४९% | १६४ | ५५% | १३६ | ४५% | |

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने अर्ध स्वर अर्थात तालव्य को प्रयोग गर्ने ठाउँमा स्वर वर्ण 'ए' को प्रयोग र स्वर वर्ण 'ए' को प्रयोग गर्ने ठाउँमा अर्ध स्वर 'य' वर्णको प्रयोग गर्दा त्रुटि भएको अवस्था देखियो । यो अवस्थामा सामुदायिक र निजी विद्यालय दुबैको स्थिति कमजोर देखिए तापनि औषत प्रतिशतको रूपमा सामुदायिक विद्यालयको ४९% र निजी विद्यालयको ४५% देखियो । दुबैको तुलनात्मक अध्ययन गर्दा निजी विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको त्रुटि स्थिति ४% ले बढी पाइयो ।

### ४.१.९ ब र व को त्रुटिगत तुलना

अध्ययनको क्रममा विद्यार्थीहरूले लेखेका उत्तर पुस्तिकाहरूलाई गहिरिएर परीक्षण गर्दा ब र व को प्रयोगमा विभिन्न किसिमका त्रुटिहरू गरेको भेटियो । सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा यस्तो त्रुटि भेटिएको हो । यो त्रुटि एकातिर विषय वस्तुको क्रम बद्धतामा कमी देखियो भने अर्कातिर वर्ण विन्यासगत त्रुटिले गर्दा उक्त तहमा प्रयोग गरिने भाषा अस्पष्ट देखिदै आएको छ । यसै कारणले गर्दा दुबै प्रकृतिका संस्थाका विद्यार्थीबाट ब का ठाउँमा व र व का ठाउँमा ब लेखेर त्रुटि गरेको स्थिति यस प्रकार छ :

**तालिका नं. ९: ब र व को प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरूको स्थिति**

(क) (ख)

| क्र. सं. | शब्दहरू | सामुदायिक विद्यालयका विद्यार्थी | | | | निजी विद्यालयका विद्यार्थी | | | | लेखिएका शब्दहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | बैंस | १० | ३३ | २० | ६७ | ११ | ३७ | १९ | ६३ | वैस |
| २ | बिर्सन्छ | ९ | ३० | २१ | ७० | १० | ३३ | २० | ६७ | विर्सन्छ |
| ३ | बेकाम | १२ | ४० | १८ | ६० | १३ | ४३ | १७ | ५७ | वेकाम |
| ४ | ठुलाबा | १२ | ४० | १८ | ६० | १६ | ५३ | १४ | ४७ | ठुलावा |
| ५ | बखत | १५ | ५० | १५ | ५० | १२ | ४० | १८ | ६० | वखत |
| ६ | वातावरण | १२ | ४० | १८ | ६० | १० | ३३ | २० | ६७ | बातावरण |
| ७ | विचार | १३ | ४३ | १७ | ५७ | १७ | ५७ | १३ | ४३ | बिचार |
| ८ | वर्तमान | १२ | ४० | १८ | ६० | १२ | ४० | १८ | ६० | बर्तमान |
| ९ | जीवन | १६ | ५३ | १४ | ४७ | २० | ६७ | १० | ३३ | जीबन |
| १० | वकिल | १० | ३३ | २० | ६७ | ११ | ३७ | १९ | ६३ | ओकिल |
| ११ | वर | ९ | ३० | २१ | ७० | १४ | ४७ | १६ | ५३ | ओर |
| | औषत | १३० | ४३% | १७० | ५७% | १४६ | ४९% | १५४ | ५१% | |

प्रस्तुत तालिकाका आधारमा विश्लेषण गर्दा सामुदायिक र संस्थागत विद्यालय दुबैका विद्यार्थीहरूले ब र व को प्रयोगमा त्रुटि गरेको पाइयो । ब र व को

भिन्नतालाई छुट्याई उचित ठाउँमा उचित वर्णको प्रयोग गर्न दिइएको थियो । शब्दमा भएको त्रुटिलाई केलाउँदा भिन्न भिन्न संस्थाका विद्यार्थीहरूले फरक फरक त्रुटि गरेको पाइयो । सामुदायिक विद्यालयका ४३ प्रतिशत  विद्यार्थीले ठिक लेखे भने ५७ प्रतिशत विद्यार्थीले त्रुटि लेखेको पाइयो । त्यसै गरी निजी विद्यालयका ४९ प्रतिशत विद्यार्थीले ठिक लेखी अरू ५१ प्रतिशत विद्यार्थीले मात्र त्रुटि गरेको पाइयो । तुलनात्मक रूपमा विश्लेषण गर्दा सामुदायिक विद्यालयको त्रुटि २ प्रतिशतले बढी देखियो ।

### ४.१.१० छ र क्ष को त्रुटिगत तुलना

उच्चारण गर्दा एकै सुनिए पनि लेख्य कार्यमा फरक फरक लेखिने भएकाले स्पष्ट छुट्याएर लेख्न कठिन पर्दछ । छ र क्ष लाई छुट्याउनका लागि यिनीहरूको बनोटबारे जानकारी राख्न आवश्यक छ । दन्तमूलीय अक्षर भएकाले दाँतको जरा वा गरा गरा भएको भागलाई छोएर उच्चारण हुने ‘क्ष‘ संयुक्त अक्षर हो । क्ष -क्+ष्+अ) को उच्चारण स्थान तालब्य र वर्त्स्य भएकाले यसको उच्चारणले शिक्षार्थीलाई भुक्याई त्रुटि गर्न बाध्य पार्दछ । त्यसरी नै सामुदायिक विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूबाट पनि त्रुटि गरेको देखियो । जुन यस प्रकार छ :

**तालिका नं. १०: छ र क्ष को प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरूको स्थिति**

| क्र. सं. | शब्दहरू | (क) सामुदायिक विद्यालयका विद्यार्थी | | | | (ख) निजी विद्यालयका विद्यार्थी | | | | लेखिएका शब्दहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | शुद्ध लेखन | | त्रुटिपूर्ण लेखन | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | आरक्ष | १० | ३३ | २० | ६७ | १३ | ४३ | १७ | ५७ | आरछे |
| २ | पक्ष | ११ | ३७ | १९ | ६३ | १५ | ५० | १५ | ५० | पच्छे |
| ३ | क्षेत्रफल | ९ | ३० | २१ | ७० | ११ | ३७ | १९ | ६३ | छेत्रफल |
| ४ | निक्षेप | १२ | ४० | १८ | ६० | १४ | ४७ | १६ | ५३ | निच्छेप |
| ५ | छेपारो | २२ | ७३ | ८ | २७ | २२ | ७३ | ८ | २७ | क्षेपारो |
| ६ | छेस्किनी | १० | ३३ | २० | ६७ | १३ | ४३ | १७ | ५७ | क्ष्यस्किनी |
| | औषत | ७४ | ४१% | १०६ | ५९% | ८८ | ४९% | ९२ | ५१% | |

सङ्कलित तथ्याकको विश्लेषण गर्दा उच्चारणगत अवस्था र लेखाइको स्थितिको राम्रो अध्ययन नहुँदा सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरूले क्रमशः ४१ र ४९ प्रतिशत मात्र शुद्ध लेखेको पाइयो भने त्यसै गरी दुबै प्रकारका विद्यालयका विद्यार्थीहरूले त्रुटिपूर्ण लेखनमा क्रमशः ६७% र ५७% त्रुटि लेखेको पाइयो । दुबैको तुलनात्मक विश्लेषण गर्दा निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूले १० प्रतिशतले बढी त्रुटि गरेको पाइयो ।

### ४.१.११. छात्रछात्राहरूका बिच हुने त्रुटिको तुलना

#### तालिका नं. ११: छात्रहरूको वर्ण विन्यासगत स्थिति

| क्र.सं. | | शुद्ध लेखन | | त्रुटि पूर्ण लेखन | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ह्रस्व इकार सम्बन्धी त्रुटि | | | | |
| | क) शब्दादिमा त्रुटि | १० | ३३.३३% | २० | ६६.६६% |
| | ख) शब्द मध्यमा त्रुटि | ११ | ३६.६६% | १९ | ६३.३३% |
| | ग) शब्दामन्तमा त्रुटि | ९ | ३०% | २१ | ७०% |
| २ | ह्रस्व उकार सम्बन्धी त्रुटि | | | | |
| | क) शब्दादीमा त्रुटि | १७ | ५६.६६ | १३ | ४३.३३ |
| | ख) शब्द मध्यमा त्रुटि | १८ | ६०. | १२ | ४० |
| | ग) शब्दामन्तमा त्रुटि | ११ | ३६.६६ | १९ | ६३.३३ |
| ३ | दीर्घ इकार सम्बन्धी त्रुटि | | | | |
| | क) शब्दादीमा त्रुटि | ९ | ३० | २१ | ७० |
| | ख) शब्द मध्यमा त्रुटि | १४ | ४६.६६ | १६ | ५३.३३ |
| | ग) शब्दामन्तमा त्रुटि | १९ | ६३.३३ | ११ | ३६.६६ |
| ४ | दीर्घ उकार सम्बन्धी त्रुटि | | | | |
| | क) शब्दादीमा त्रुटि | ८ | २६.६६ | २२ | ७३.३३ |
| | ख) शब्द मध्यमा त्रुटि | ९ | ३० | २१ | ७० |
| | ग) शब्दामन्तमा त्रुटि | ८ | २६.६६ | २२ | ७३.३३ |
| ५ | श,ष,स सम्बन्धी त्रुटि | | | | |
| | क) 'श' को प्रयोगमा त्रुटि | १० | ३३.३३ | २० | ६६.६६ |
| | ख) 'ष' को प्रयोगमा त्रुटि | १३ | ४३.३३ | १७ | ५६.६६ |
| | ग) 'स' को प्रयोगमा त्रुटि | १६ | ५३.३३ | १४ | ४६.६६ |
| ६ | य,ए,ब,व को प्रयोगमा त्रुटि | | | | |
| | क) य,ए को प्रयोगमा त्रुटि | १५ | ५० | १५ | ५० |
| | ख) ब, व को प्रयोगमा त्रुटि | १२ | ४० | १८ | ६० |
| ७ | क्ष,छे को प्रयोगमा त्रुटि | १० | ३३.३३ | २० | ६६.६६ |
| ८ | ज्ञ, ग्य को प्रयोगमा त्रुटि | १३ | ३३.३३ | १७ | ५६.६६ |
| ९ | ऋ, रि को प्रयोगमा त्रुटि | ११ | ४३.३३ | १९ | ६३.३३ |
| १० | अजन्त,हलन्तमा भएको त्रुटि | १० | ३३.३३ | २० | ६६.६६ |
| ११ | शिरविन्दु,चन्द्रविन्दु प्रयोगमा त्रुटि | ९ | ३० | २१ | ७० |
| १२ | पदयोग, पद वियोगमा त्रुटि | ११ | ३६.३६ | १९ | ६३.३३ |
| | जम्मा | २७३ | ३९.५६ | ४१७ | ६०४३ |

## तालिका नं. १२: छात्राहरूको वर्ण विन्यासगत स्थिति

| क.सं. | | शुद्ध लेखन | | त्रुटि पूर्ण लेखन | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ह्रस्व इकार सम्बन्धी त्रुटि | | | | |
| | क) शब्दादिमा त्रुटि | ११ | ३६.६६ | १९ | ६६.६६% |
| | ख) शब्द मध्यमा त्रुटि | १३ | ४३.३३ | १७ | ६३.३३% |
| | ग) शब्दान्तमा त्रुटि | १० | ३३.३३ | २० | ७०% |
| २ | ह्रस्व उकार सम्बन्धी त्रुटि | | | | |
| | क) शब्दादिमा त्रुटि | १८ | ६० | १२ | ४३.३३ |
| | ख) शब्द मध्यमा त्रुटि | १६ | ५३.३३ | १४ | ४० |
| | ग) शब्दान्तमा त्रुटि | १४ | ४६.६६ | १६ | ६३.३३ |
| ३ | दीर्घ इकार सम्बन्धी त्रुटि | | | | |
| | क) शब्दादिमा त्रुटि | ११ | ३६.६६ | १९ | ७० |
| | ख) शब्द मध्यमा त्रुटि | १६ | ५३.३३ | १४ | ५३.३३ |
| | ग) शब्दान्तमा त्रुटि | १८ | ६० | १२ | ३६.६६ |
| ४ | दीर्घ उकार सम्बन्धी त्रुटि | | | | |
| | क) शब्दादिमा त्रुटि | १० | ३३.३३ | २० | ७३.३३ |
| | ख) शब्द मध्यमा त्रुटि | १२ | ४० | १८ | ७० |
| | ग) शब्दामन्तमा त्रुटि | ११ | ३६.६६ | १९ | ७३.३३ |
| ५ | श,ष,स सम्बन्धी त्रुटि | | | | |
| | क) 'श' को प्रयोगमा त्रुटि | ११ | ३६.६६ | १९ | ६६.६६ |
| | ख) 'ष' को प्रयोगमा त्रुटि | १२ | ४० | १८ | ५६.६६ |
| | ग) 'स' को प्रयोगमा त्रुटि | १८ | ६० | १२ | ४६.६६ |
| ६ | य,ए,ब,व को प्रयोगमा त्रुटि | | | | |
| | क) य,ए को प्रयोगमा त्रुटि | १७ | ५६.६६ | १३ | ५० |
| | ख) ब, व को प्रयोगमा त्रुटि | १४ | ४६.६६ | १६ | ६० |
| ७ | क्ष,छे को प्रयोगमा त्रुटि | १६ | ५३.३३ | १४ | ६६.६६ |
| ८ | ज्ञ, ग्य को प्रयोगमा त्रुटि | १४ | ४६.६६ | १६ | ५६.६६ |
| ९ | ऋ, रि को प्रयोगमा त्रुटि | ९ | ३० | २१ | ६३.३३ |
| १० | अजन्त, हलन्तमा भएको त्रुटि | १२ | ४० | १८ | ६६.६६ |
| ११ | शिरविन्दु,चन्द्रविन्दु प्रयोगमा त्रुटि | १३ | ४३.३३ | १७ | ७० |
| १२ | पदयोग, पद वियोगमा त्रुटि | १५ | ५० | १५ | ६३.३३ |
| | | ३११ | ४५.७ | ३७९ | ५४.९३ |

प्रस्तुत तालिका बिभिन्न तथ्याङ्कहरूको सङ्कलन अध्ययन र विश्लेषणका आधारमा तयार पारिएको हो । छात्रछात्राबिचको वर्ण विन्यासगत त्रुटिको स्थिति अध्ययन गर्दा प्राप्त निष्कर्षलाई तुलनात्मक अध्ययन गरी निचोड निकाल्ने प्रयत्न गरिएको छ :

यसरी छात्रछात्रा बिच तुलनात्मक अध्ययन गर्दा त्रुटिको स्थिति एकै प्रकारको नभई भिन्न भिन्न अवस्थामा पाइयो । छात्रले गरेको त्रुटि छात्राले गरेको छैन, अनि छात्राले गरेको त्रुटि छात्रले ठिक गरेको पनि पाइन्छ तर यति हुदा हुदै पनि शुद्ध लेखनको औषत प्रतिशत हेर्दा छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीको कमी पाइयो । अर्थात् छात्रको औषत शुद्ध लेखन ४५.७% त्रुटिपूर्ण लेखनमा ५६.९३ छ भने छात्रातर्फको शुद्ध लेखन ३९.६५% त्रुटिपूर्ण लेखनमा ६०.४३ देखियो । यसरी दुबैको तुलना गरी निष्कर्षमा पुग्दा छात्रको भन्दा छात्राको त्रुटिगत स्थिति ५.५ प्रतिशतले वढी पाइयो । यसरी छात्राहरूको त्रुटिगत स्थिति कमी हुनुका कारण छोरासरह छोरीहरूलाई अवसर दिन नसक्नु नै तुलनात्मक अध्ययनको निष्कर्ष रहेको छ ।

# अध्याय पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

भाषा मानवीय वस्तु हो । अतः मानवका विचार र अनुभवको अभिव्यक्ति र ग्रहण गर्ने क्रममा यसको प्रयोग गरिन्छ । विचार र अनुभवहरूको अभिव्यक्ति गर्दा यसका कथ्य र लेख्य रूपबाट प्रस्तुत गर्ने गरिन्छ, जहाँ त्रुटिहरू हुन्छन् । नेपाली भाषाको अध्ययनका क्रममा शिक्षणमा हुने त्रुटिहरूको अध्ययन गर्नुको साथै यसका क्षेत्रहरूको पहिचान गर्नु सहज कुरा हो तापनि तिनीहरूको निराकरणका उपायहरू बताउन भने त्यति सहज छैन । भाषा शिक्षणका क्रममा यस्ता प्रकारका त्रुटिहरू हरेक तहमा देखा पर्दछन् । यसै क्रममा तल्लो कक्षामा अध्ययन गर्ने विद्यार्थीको पनि लेखन अभिव्यक्ति क्षेत्रहरूसँग सम्बन्धित वर्ण विन्याकिो अध्ययन गर्दा हरेक त्रुटिहरू एउटा स्थान र पक्षसंग सम्बन्धित नभएर भिन्न-भिन्न क्षेत्रसँग सम्बन्धित देखिन्छन् । हुनत भाषा पाठ्यक्रमको उद्देश्य विद्यार्थीहरूलाई विशुद्ध रूपमा भाषाको प्रयोग गर्न सक्ने बनाउने रहेको छ तापनि वर्ण विन्यास सम्बन्धी क्षेत्रका त्रुटिहरू भने पूर्ण रूपमा निर्मूल गर्न सम्भव देखिन्न तर पनि यस्ता त्रुटिहरूलाई उपयुक्त शिक्षण, अभ्यास तथा नियमको सुझबुझबाट भने कम गर्न सकिन्छ । अध्ययनबाट प्राप्त तथ्यलाई केलाएर हेर्दा त्रुटिका स्थान र प्रकृति भाषाका एउटै पक्षसँग सम्बन्धित रहेको भेटियो । यस्ता त्रुटिहरूलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ ।

(१) ह्रश्व-दीर्घ सम्बन्धी त्रुटिको क्षेत्रलाई केलाएर हेर्दा शब्दादि, शब्दमध्य र शब्दान्तमा त्रुटि व्यापक रूपमा रहेको भटियो । शब्दादिमा दीर्घको प्रयोगमा त्रुटि गर्ने विद्यार्थीको सङ्ख्या करिब ९५ प्रतिशत रहेको छ । अध्ययनमा पाइएको सबैभन्दा बढी त्रुटि प्रतिशत रहने क्षेत्र पनि यही हो । यस क्षेत्रमा सबभन्दा बढी त्रुटि नाम र सर्वनाममा रहेको पाइयो भने विशेषण र क्रियाका क्षेत्रमा सापेक्षित रूपमा कमै रहेको भेटियो । शब्दादिको तुलनामा शब्दमध्यमा त्रुटिको मात्रा केही न्यून रहेको छ भने यो मात्रा शब्दान्तमा अझ कम रहेको छ । यस क्षेत्रमा सबभन्दा बढी त्रुटिहरू नाम, सर्वनाम र विशेषण पदहरूमा रहेका छन् भने क्रियापद र अन्य वर्गका शब्दहरूमा यसको मात्रा केही न्यून रहेको छ । समग्रमा हेर्दा यस क्षेत्रमा त्रुटि गर्ने विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत रहेको छ । यस

अध्ययनका लागि छनौटमा लिइएका विद्यालयहरू (सरकारी र निजी) मा सरकारीभन्दा निजी विद्यालयका विद्यार्थीहरूले केही कम त्रुटि गरेको पाइयो । तापनि उपर्युक्त दुबै प्रकारका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूले त्रुटि गरेको तथ्य भेटिएको छ ।

(२) अध्ययनद्वारा त्रुटिहरू पहिल्याउने क्रममा वर्ण विन्यास सम्बन्धी त्रुटिमा 'श', 'ष' र 'स' मध्ये सबै विद्यार्थीहरूले सबै 'स' लाई लेख्ने क्रममा फरक फरक खालका त्रुटि गरेको भेटियो । 'स' को प्रयोग अन्य वर्ण विन्यासका क्षेत्रको तुलनामा थोरै विद्यार्थीहरूले त्रुटि गरेको पाइयो । अध्ययनका लागि नमुना छनौट गरिएका विद्यार्थीहरूले सबभन्दा बढी त्रुटि मोटो 'श' लेख्दा गरेका छन् भने त्यो भन्दा केही कम त्रुटि पेटफाऱ्यो 'ष' मा गरेका छन् । पातलो 'स' लेखनमा यो सङ्ख्या निकै न्यून रहेको थियो । सङ्ख्यात्मक रूपमा यी माथिका श, ष र स को प्रयोगमा त्रुटि गर्ने विद्यार्थीहरू क्रमशः ५४, ५१ र ३३ रहेको देखिन्छ ।

(३) नेपाली भाषालाई लेख्य रूपमा प्रस्तुत गर्ने सिलसिलामा 'य' र 'ए' वर्णहरूको प्रयोगमा पनि विद्यार्थीहरूले त्रुटि गरेको पाइयो । अध्ययनका लागि छनौटमा लिइएका सरकारी तथा निजी दुबै खालका विद्यालयमा अध्ययनरत प्रायः विद्यार्थीहरूले 'ए' लेख्नु पर्ने ठाउँमा 'य' र 'य' लेख्ने ठाउँमा 'ए' लेखेर त्रुटि गरेका छन् । लेखनका क्रममा 'ए' वर्णको तुलनामा 'य' वर्णको बढी प्रयोग भएको पाइयो । 'य' को प्रयोगमा ३७ प्रतिशत विद्यार्थीले त्रुटि गरेको र 'ए' को प्रयोगमा १८ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेको पाइयो ।

(४) वर्ण विन्यासका त्रुटि क्षेत्रहरूमध्ये 'ब' र 'व' प्रयोग पनि एक प्रमुख क्षेत्र हो । जस्तो बोलिन्छ, त्यस्तै लेख्दा सुनाइको अन्योलता र उच्चारणगत अस्पष्टताले यस क्षेत्रको लेखनमा त्रुटि भएको देखिन्छ । नेपाली भाषाका शब्दस्रोत (तत्सम, तद्भव, आगन्तुक र झर्रा) का बिचको नियम र उच्चारणमा देखिने अन्योल र अस्पष्टता नै त्रुटिका प्रमुख कारण हुन् । तुलनात्मक रूपमा हेर्दा 'ब' को प्रयोगको तुलनामा लेखनमा 'व' को प्रयोगमा अत्यधिक त्रुटि रहेको भेटिएको छ । जो अन्य वर्णको तुलनामा त्रुटिका दृष्टिले सामान्य नै मानिएको छ ।

(५) नेपाली भाषाको लेखनमा प्रचलित 'क्ष' र 'छे' वर्णको प्रयोगमा पनि त्रुटि भएको पाइयो । नेपाली भाषाको उच्चारणमा भएको त्रुटिको प्रभाव लेख्य रूपमा समेत पर्न जाँदा 'क्ष' वर्ण लेख्नु पर्नेमा 'छे' वा च्छे प्रयोग गरेर र 'छे' को सट्टामा 'क्ष' प्रयोग गर्ने गरेका छन् ।

यी दुबै त्रुटिहरूलाई तुलनात्मक रूपमा हेर्दा 'क्ष' वर्णको तुलनामा 'छे' वर्णको प्रयोगमाा त्रुटिको मात्रा कमै रहेको पाइयो । त्यसै गरेर 'ज्ञ' र ग्य/ग्याँ को प्रयोगमा पनि एक अर्कालाई वैकल्पिक रूपमा प्रयोग गर्दा त्रुटि गर्ने गरेको पाइयो । 'ज्ञ' वर्णको प्रयोगमा रहेका त्रुटिको तुलनामा ग्यँ/ग्य वर्णको प्रयोगमा रहेका त्रुटिको मात्रा अति न्यून रहेको छ ।

(६) नेपाली भाषाको लेखनमा प्रचलित 'ऋ' कथ्य रूपमा रि/री कै रूपमा उच्चारण हुने भएकोले लेखनमा ऋ र 'रि' प्रयोगमा अन्योलता रही त्रुटि भएको पाइन्छ । अध्ययनका लागि लिइएका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूमा पनि यो समस्या रहेको पाइयो । प्रयोगमा कम मात्रामा आउने 'ऋ' को प्रयोग गरिनु पर्ने स्थानमा रि/री लेखेर त्रुटि गर्ने गरेको भेटियो । 'ऋ' को प्रयोगको तुलनामा रि/री को प्रयोगमा हुने वर्ण विन्यास सम्बन्धी त्रुटिको मात्रा सन्तोषजनक रहको पाइएको छ ।

(७) अध्ययनबाट प्राप्त तथ्य अनुसार सरकारी तथा निजी दुबै प्रकारका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले हलन्त र अजन्तको प्रयोगमा पनि त्रुटि गरेको पाइयो । विद्यार्थीहरूलाई खुट्टो काटेर लेख्ने वा नकाटेर लेख्ने भन्ने बारेमा प्रस्ट नियमको ज्ञान नहुनु, उच्चारण अनुसारकै लेखन नियम विपरीत मानिनु यस क्षेत्रमा हुने त्रुटिको प्रमुख कारण हो । यस क्षेत्रमा हुने त्रुटिलाई विश्लेषण गर्दा हलन्तको प्रयोगमा त्रुटि गर्नेको सङ्ख्या ५६ पाइयो भने अजन्तको प्रयोगमा त्रुटि गर्नेको सङ्ख्या २५ मात्र रहेको पाइएको छ । यी दुबैको प्रयोगलाई हेर्दा हलन्तको तुलनामा अजन्तको क्षेत्रमा त्रुटि धेरै न्यून रहेको छ ।

(८) विद्यार्थीहरूको शिरविन्दु र चन्द्रविन्दुको प्रयोग सम्बन्धी त्रुटिहरूलाई हेर्दा शिरविन्दुको तुलनामा चन्द्रविन्दुको प्रयोगमा बढी त्रुटि रहेको देखिन्छ । सङ्ख्यात्मक हिसाबले ५१ प्रतिशत विद्यार्थीहरूले यस क्षेत्रमा त्रुटिहरू गरेको भेटियो । यस क्षेत्रमा कतिपय स्थानमा एउटाको सट्टामा अर्काको प्रयोग गर्दा त कहीँ कहीँ शिरविन्दु र चन्द्रविन्दु दुबैको प्रयोग नगरेर त्रुटि गरेको देखिन्छ । कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूमा कुन अवस्थामा शिरविन्दु र कुन अवस्थामा चन्द्रविन्दुको प्रयोग गर्ने भनी स्पष्ट जानकारी नभएको कुरा प्राप्त अध्ययनबाट प्रस्ट हुन आएको छ ।

(९) नेपाली भाषाको लेखनमा पदयोग र पद वियोगका क्षेत्रमा पनि विद्यार्थीहरूले त्रुटिहरू गरेका छन् । यस सम्बन्धी स्पष्ट ज्ञानको कमी र लेखन अभ्यासको अभावले गर्दा अर्थमा बाधा पर्न गरी समेत त्रुटिहरू भएको पाइयो ।

(१०) लेखनकै क्रममा आधा वर्ण हटाएर वा थपेर, सिङ्गो वर्ण नै लोप भएर, मात्राको लोप र बढी प्रयोग गरेर, एउटा वर्णको प्रयोग गर्नु पर्ने ठाउँमा अर्को वर्णको प्रयोग गरेर, रेफको प्रयोग सम्बन्धमा त्रुटिहरू गरेको पाइयो । जसको कारणमा लेखन अभ्यासको कमी, शिक्षकको निर्देशन र सल्लाहको अभाव र स्वयम् विद्यार्थीको लापर्वाही प्रमुख कारण भएको पाइएको छ । यस प्रकारका त्रुटिहरू सरकारी र निजी दुबै खालका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा पाइयो तापनि सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा केही कम रहेको पाइयो ।

प्राप्त तथ्यलाई केलाउँदा दुबै खालका विद्यालयका छात्रछात्राहरूमा त्रुटिहरू देखा पेरका छन् जो प्रकृति र स्थानका हिसाबले धेरैजसो समान रहेका छन् । ह्रस्व-दीर्घ, य-ए, ब-व, ऋ-रि, ज्ञ-ग्यँ, श-ष-स, हलन्त-अजन्त, शिरिविन्दु-चन्द्रविन्दु सम्बन्धी त्रुटि सरकारी विद्यालयका विद्यार्थीहरूको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूमा न्यून रहेको पाइएको छ । यी दुबै खाले विद्यार्थीहरूमा त्रुटि गर्नेमा छात्रको तुलनामा छात्राहरूको सङ्ख्या बढी रहेको देखिन्छ । यी दुबै किसिमका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूमध्ये वर्ण विन्यासका क्षेत्रमा त्रुटि गर्ने विद्यार्थीहरूको सङ्ख्यालाई भाषिक रूपमा हेर्दा नेपाली मातृभाषाी विद्यार्थीहरूले अलि कम मात्रामा त्रुटि गरेको पाइएको छ भने यसको तुलनामा मातृभाषा नेपाली बाहेक विमातृभाषाी विद्यार्थीहरूमा त्रुटिको मात्रा बढी रहेको पाइयो । विशेष गरी विमातृभाषाी विद्यार्थीले रेफ्को प्रयोग फरक स्थानमा गर्ने, रेफ् बढी लगाउने, मात्राको लोप वा बढी प्रयोग गर्ने 'त' वर्गका अक्षरको ठाउँमा 'ट' वर्गका अक्षरहरू प्रयोग गरेको पाइएको छ ।

यसरी हेर्दा नेपाली भाषाको शिक्षणका क्षेत्रमा कक्षा ८ मा अध्ययनरत छात्रछात्राहरूले वर्ण विन्यास सम्बन्धी लेखनका क्रममा त्रुटिहरू गरेका छन् । ह्रस्व-दीर्घको प्रयोग, सग्ला र आधा वर्णहरू बाहेक रेफ्, हलन्त, अजन्त, शिरबिन्दु, चन्द्रविन्दु, मात्रा, वर्णको लोप तथा बढी प्रयोग जस्ता महत्वपूर्ण चिन्हहरूको प्रयोगमा पनि प्रशस्तै मात्रामा

वर्ण विन्यास सम्बन्धी त्रुटिहरू विद्यार्थीहरूले गरेको पाइयो । यी विविध क्षेत्रसँग सम्बन्धित त्रुटिका कारण निम्नानुसार रहेका छन्:

- मातृभाषाको प्रभाव
- विषयवस्तु अनुरूप शिक्षण विधिमा विविधताको अभाव
- लेखनमा विद्यार्थीहरूले हेलचेक्र्याइ गर्नु
- दक्ष र सक्षम शिक्षकको कमी
- पर्याप्त अभ्यासको अभाव
- नेपाली भाषाप्रतिको कम आकर्षण
- शैक्षिक सामग्रीको प्रयोगमा कमी
- सतही पठनको बानी
- व्याकरण नियमको ज्ञान नहुनु
- सिकेका शब्दहरूको पुनः प्रयोगको अभाव
- भाषाको स्थानीय भेदको असर, आदि

अध्ययनका क्रममा कक्षा ८ मा अध्ययनरत सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरू मध्ये छनौटमा लिइएका ८० जना विद्यार्थीका त्रुटिहरूलाई मूल्याङ्कन गर्ने क्रममा जम्मा १०० पूर्णाङ्कको कूल अङ्कभार राखेर हेरिएको थियो ।

## ५.२ सुझाव

भाषा सिकाइका क्रममा त्रुटिहरू हुन्छन् जसलाई स्वाभाविक रूपमा लिनु पर्ने हुन्छ । नेपाली भाषाको सिकाइको क्रममा यसका विविध क्षेत्रहरूमा धेरै प्रकारका त्रुटिहरू भएको पाइन्छ । यस्ता विभिन्न खालका त्रुटिहरूलाई एक पटकमा सिकाउन सकिदैन र प्रयास समेत असम्भव हुन जान्छ । विद्यार्थीहरूमा देखिने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूलाई न्यून गर्नका लागि त्रुटि देखिएका शब्दहरूलाई सर्वप्रथम सही रूपमा उच्चारण गर्न सिकाउनु पर्दछ । वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको कारण पत्ता लगाई तिनीहरूको निराकरणका लागि सैद्धान्तिक ज्ञानको जानकारी दिने र व्यावहारिक रूपमा यथेष्ठ अभ्यास गराउनु पर्दछ । यस क्षेत्रका त्रुटिहरूलाई कम गर्नका लागि लेखनका क्रममा सिर्जनात्मक

तथा स्वतन्त्र लेखन गर्दा समेत विशेष ध्यान दिएर सही हिज्जेको प्रयोगका लागि सतर्क बनाउनु पर्दछ । यसका अतिरिक्त वर्ण विन्यासको प्रयोग, अभ्यास र नियमको थप जानकारी र ज्ञानका लागि पाठ्य पुस्तकमा मात्र निर्भर नरही थप शब्दहरूको शिक्षण र अभ्यास समेत गराउनु पर्दछ । शिक्षणका क्रममा आउने नवीन शब्दहरूको उपयुक्त रूपमा लेखनका लागि ध्यान दिई लेख्ने बानीको विकास गराउनु पर्दछ । यस्ता शब्दहरू शिक्षकले पनि कालोपाटीमा लेखेर सही वर्ण विन्यासको प्रयोगका लागि सतर्कता अपनाई शिक्षण गर्नु पर्दछ । साथै यस्ता शब्दहरू विद्यार्थीहरूलाई पनि लेख्न लगाई शुद्ध अशुद्ध औल्याइ दिने गर्नु पर्दछ । वर्ण विन्यासका क्षेत्रमा बढी त्रुटि हुने शब्दहरू बारम्वार प्रयोग हुने गरी विद्यार्थीहरूका बिच हिज्जे प्रतियोगिता, शब्दावली, मौलिक रचना जस्ता कार्यक्रम समय समयमा गराउनु पर्दछ भने बढी त्रुटि हुने शब्दहरू कसता प्रकृतिका हुन्छन् ? भन्ने जस्ता कुराहरूमा शिक्षण गर्दा गराउदा शिक्षकले विचार पुऱ्याउनु पर्दछ ।

नेपाली भाषाको सिकाइमा छोटो समयमै र उही तहमा र कक्षामा सबै क्षेत्रहरूमा निपुणता हाँसिल गर्न सकिँदैन । यसमा शुद्धता प्राप्त गर्नका लाग सिकाइका सिलसिलामा देखिएका त्रुटिहरूलाई निराकरण गर्दै लग्नु पर्दछ । जब भाषामा त्रुटि रहितको अवस्था आउँछ तब मात्र स्तरीकरण प्राप्त हुन्छ । भाषाको प्रयोग गरी कुनै विषयमा बोल्दा र लेख्दा एक रूपता आई स्थायित्व रहनु नै भाषिक स्तरीकरण हो ।

नेपाली भाषालाई शैक्षिक, प्रशासनिक, विज्ञान, कानुन, सञ्चार आदि क्षेत्रहरूमा प्रयोग गर्दा वर्ण विन्यासका क्षेत्रमा एक रूपता कायम राख्न सक्नु नै यसको स्तरीकरणको अवस्था प्राप्त गर्नु हो । नेपाली भाषा नेपालको राष्ट्रभाषा, सञ्चारको भाषा सरकारी कामकाजको भाषा हो । यसका अलावा थुप्रै भाषा र भाषिका नेपालमा पहिलो (मातृभाषा) भाषाका रूपमा प्रयोग हुन्छन् । अतः पहिलो भाषाका रूपमा नेपाली भाषाको प्रयोग गर्ने र दोस्रो भाषाका रूपमा नेपाली भाषाको प्रयोग गर्ने विद्यार्थीहरूका बिचमा शब्दको उच्चारणगत भिन्नता हुनछ जसको प्रभाव लेख्य भाषामा समेत पर्दछ । सबै खालका विद्यार्थीहरूले भाषाको मानक रूपको लेखनमा लिपिबद्ध प्रयोग गर्न सक्दैनन् । अध्ययनका लागि छनौटमा लिइएका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले पनि भाषाको लेखनमा मानक रूपको प्रयोग गर्न नसक्ने हुँदा वर्ण विन्यास सम्बन्धी त्रुटिहरू स्वाभाविक नै मानिन्छन् । यस कक्षामा अध्ययनरत विद्यार्थीहरूमा देखिने विविध खालका त्रुटिहरूलाई न्यून गर्नका लागि प्रस्तुत सुझाबहरू निम्नानुसार रहेका छन् :

(१) नेपाली भाषाको कथ्य र लेख्य रूपको प्रयोग गर्दा स्तरीय भाषाको प्रयोगमा उचित मात्रामा ध्यान दिइएको पाइँदैन । वर्ण विन्यासको क्षेत्रमा होस् वा भाषिक शुद्धताको क्षेत्रमा भाषाको प्रयोग जसरी गरे पनि हुनछ भन्न खोजेको आशय स्पष्ट भए हुन्छ भन्ने जस्ता धारणा नेपाली भाषाका सबैजसो प्रयोग कर्ताहरूमा रहेको कुरा उनीहरूको भाषाबाट झल्को आउँछ । नेपाली भाषा सम्पर्क भाषा, विचार विनियमको भाषाका साथै राष्ट्रभाषा समेत हो । अतः यसको प्रयोगलाई उपेक्षा नगरी मानक र शुद्ध प्रयोगमा ध्यान दिनु पर्दछ । तालिम प्राप्त दक्ष र सक्षम शिक्षक जसले नेपालीलाई मूल विषय बनाई पढेका छन् तिनीहरूले मात्र यस भाषालाई सही किसिमले अध्ययन गर्न सक्छन् र विद्यार्थीहरूलाई शुद्ध भाषाको प्रयोग गरी बोल्न र लेख्न सक्षम बनाउन सक्छन् । यसका लागि भाषा शिक्षक मात्र जिम्मेवार नभई अन्य शिक्षक र शिक्षित व्यक्ति समेत यस प्रति जिम्मेवार र सचेत रही अध्ययनका क्रममा र अन्य अवस्थाहरूमा समेत सिकाएका कुराहरू व्यवहारमा उतार्नका लागि प्रोत्साहित गर्नु पर्दछ ।

(२) नेपालको पाठ्यक्रममा वर्ण विन्यासका क्षेत्रमा कुन तहमा गएर विद्यार्थीहरूको भाषिक शुद्धता र स्पष्टता कति कायम गर्ने भनी स्पष्ट उद्देश्य तोकिएको छैन । जो यस क्षेत्रका लागि अभिशाप मान्न सकिन्छ । यसको कारण उच्चतहमा पुग्दा समेत विद्यार्थीहरूको कथ्य र लेख्य भाषामा भाषिक शुद्धता रहेको पाइँदैन । अतः पाठ्यक्रममा स्पष्ट उद्देश्यहरू किटान गरी भाषिक शुद्धता र वर्ण विन्यासका क्षेत्रमा हुने त्रुटिलाई निराकरण गरिनु पर्दछ भने अर्कोतिर पाठ्य पुस्तक, शिक्षण विधि तथा प्रचलित प्रविधिहरूमा समेत परिर्वतन र परिमार्जित गर्नु पर्ने आवश्यकता देखिन्छ । परिमार्जित पाठ्यक्रम, पाठ्य पुस्तकद्वारा विद्यार्थीहरूलाई शुद्ध र सरल भाषाको प्रयोगमा सहयोग पुऱ्याउन सक्नु पर्दछ ।

(३) शिक्षण सिकाइमा प्राथमिक तहदेखि नै व्याकरण र भाषाका बिच तादात्म्य सम्बन्ध रहेकोले भाषा शिक्षणको क्रममा व्याकरणको शिक्षणलाई पनि पढाइसँगै प्रभावकारी रूपले लग्नु पर्दछ । कक्षा ८ र त्यसभन्दा तल्ला कक्षाहरूमा समेत वर्ण विन्यास सम्बन्धी जानकारी दिँदै विद्यार्थीहरूको भाषिक शुद्धतालाई प्रभावकारी बनाउदै लग्नु पर्दछ ।

(४) भाषिक शुद्धता र एक रूपता दिनको लागि विद्यार्थीहरूको तह अनुसार पाठ्य सामग्रीहरूसँग व्याकरणिक एकाइको सम्बँध कायम गरी ह्रस्व-दीर्घ, श-ष-स

वर्ण सम्बन्धी शिक्षण गर्दा प्रश्नोत्तर विधि, प्रयोगात्मक विधि र प्रर्दशन विधिबाट शिक्षण गरिनु पर्दछ ।

(५) शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउँदै लेखन पक्षको विकासका लागि स्वतन्त्र तथा निर्देशनात्मक लेखन कार्यकलाप विद्यार्थीहरूलाई गराई त्रुटिलाई औँल्याइदिने र उपयुक्त हिज्जे प्रयोग गरी कापीमा सच्चाई उत्कृष्टताका आधारमा अङ्क समेत प्रदान गर्दै त्रुटि रहित र शुद्ध लेखनका लागि प्रोत्साहित गर्नु पर्दछ ।

(६) शिक्षण सिकाइका क्रममा पाठहरू पढाइ सकेपछि त्यस पाठमा रहेका वर्ण विन्यासका दृष्टिकोणले त्रुटि हुन सक्ने शब्दहरू चयन गरी विद्याथीहरूलाई विभिन्न समूहमा विभाजन गरी समूहगत रूपमा कालोपाटीमा लेख्न लगाउने र अर्को समूहलाई त्यसमा रहेका त्रुटिहरूको पहिचान गर्न र सुधार गर्न लगाउने । शिक्षकले उत्प्रेरणाका साथै पृष्ठपोषण दिने गर्नाले पनि विद्यार्थीमा रहेका त्रुटिहरूलाई कम गर्न केही हदसम्म मद्दत पुग्दछ ।

(७) पाठ्य पुस्तकमा रहेका पाठहरूमध्येबाट वर्ण विन्यासका दृष्टिले त्रुटि हुन सक्ने शब्दहरू प्रयोग भएका अनुच्छेदबाट श्रुति लेखन गराउने र विद्यार्थीहरूका बिच एकआपसमा उत्तर पुस्तिका साटेर हेर्न लगाई शुद्धाशुद्धि यकिन गरेर सुधार्न समेत लगाउने र अन्तमा श्रुति लेखनमा प्रयोग गरिएको सम्बन्धित अनुच्छेद हेरी पुनर्लेखन गर्न लगाउँदा पनि यस क्षेत्रमा हुने त्रुटिलाई कम गराउन सकिन्छ ।

(८) वर्ण विन्यासका क्षेत्रमा हुने त्रुटिका कारणहरू मध्ये उच्चारणगत अशुद्धता पनि प्रमुख हो । अतः उच्चारण र लखनका दृष्टिले त्रुटि हुन सक्ने प्रकृतिका शब्दहरू छनोट गरी शिक्षकले कालोपाटीमा लेखेर विद्यार्थीहरूलाई उच्चारण गर्न लगाउने र विद्यार्थीले नसकेमा शिक्षकले सहयोग गर्ने । सबैले सुन्ने गरी उच्चारण गरे पश्चात् व्यक्तिगत र सामुहिक उच्चारण गर्न लगाई ती शब्दहरू कपीमा शुद्ध रूपमा लेख्न लगाउने । लेख्दा त्रुटि भएमा पुनः अभ्यास गराउने । यसरी विद्यार्थीलाई शुद्धोच्चारण गर्न लगाउँदा र लेखनमा प्रयोग भएका शब्दहरू, वर्ण र मात्रा ध्यान दिएर हेर्ने बानीले पनि त्रुटिमा कमी ल्याउन सकिन्छ ।

(९) शिक्षकले कक्षा शिक्षण पश्चात् पढेका जटिल हिज्जे रेखाङ्कन गर्ने र यस्ता शब्द विद्यार्थीहरूलाई लेख्न लगाउने । यी कार्यहरूको पुनरावृत्ति र अभ्यास गराउँदा त्रुटिमा कमी ल्याउन सकिन्छ ।

(१०) विद्यार्थीहरूलाई उनीहरूको पाठ्य पुस्तकका शब्दहरू बाहेक घर व्यवहारमा प्रयुक्त हुने कतिपय शब्दहरूलाई श्रुति लेखनमा घरबाट लेखेर ल्याउन र घर परिवारमा प्रयोग हुने शब्द र मानक भेदमा तुलना गरी सच्याउन लगाउने जुन कार्यलाई बारम्बार प्रयोगमा ल्याउँदा भाषाको स्थानीय र मानक भेदमा अन्तर पहिचान गरी शुद्ध वर्ण विन्यासको प्रयोगमा अभ्यस्त बनाउन सकिन्छ ।

(११) नेपाली भाषाका शब्द निर्माण प्रक्रियामा प्रचलित इकार र उकार चिन्ह सम्बन्धी विद्यार्थीहरूलाई जानकारी उराउँदै त्यस्ता किसिमका शब्द लेखन कार्यमा उनीहरूलाई संलग्न गराउनु पर्दछ र त्रुटि भएका स्थानमा सच्याएर विद्यार्थीहरूलाई पुनः लेखन गर्न लगाउँदा ह्रस्व-दीर्घ लेखन सम्बन्धी जानकारी हुन्छ । यसबाट ह्रस्व दीर्घ प्रयत्नहरूमा इय र ईय तथा उ र ऊ को प्रयोग गर्न विद्यार्थीहरू सफल हुन्छन् ।

(१२) नेपाली भाषाका ऋ र रि जस्ता कतिपय वर्ण श्रुतिमा उस्तै तर लेखनमा भिन्न प्रयोग गर्नु पर्ने हुन्छ । यस्ता वर्णहरूको प्रयोग भएका २/४ वटा उदाहरण शिक्षकले कालोपाटीमा लेखेर देखाउने त्यसपछि विद्यार्थीहरूलाई अरू थप यस्तै शब्द भन्न र लेख्न लगाएर पनि यस सम्बन्धी त्रुटिलाई घटाउन सकिन्छ ।

(१३) लेखनमा त्रुटि हुन सक्ने सम्भावित वर्णहरू जस्तै; श-ष-स, य-ए, क्ष-छे, ज्ञ-ग्यँ प्रयोग भएका केही शब्दहरू पाठबाट झिकेर १/२ शब्दहरू कालोपाटीमा लेखेर शिक्षकले देखाईदने । कक्षाका विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरी यी वर्णको प्रयोग भएका शब्द कुनै समूहलाई कालोपाटीमा लेख्न लगाएर यस क्षेत्रसँग सम्बन्धित त्रुटिहरूलाई न्यून गर्न सकिन्छ ।

(१४) जुनसुकै तहमा पनि नेपाली विषय अध्यापन गर्नका लागि शिक्षक नेपाली भाषा पढेको हुनु पर्दछ । नेपाली त हो नि जस्तो पढाए पनि भैहाल्छ भन्ने सोचको अन्त्य गर्नु पर्दछ । विद्यार्थीहरूमा निख्खरता प्राप्तिका लागि शिक्षक सदा सचेत रहनु पर्दछ । पाठ्य पुस्तकका अतिरिक्त थप सन्दर्भ तथा विषयवस्तुको अध्ययनको प्रयोग गर्नु गराउनु

पर्दछ । जसले गर्दा भाषिक रूपमा शुद्धता र वर्ण विन्यासगत रूपमा दुरूस्तता ल्याउन सजिलो हुने हुन्छ ।

(१५) नेपाली भाषाको शब्द भण्डार विभिन्न स्रोत र क्षेत्रबाट आएका शब्दहरूद्वारा भरिएको छ । संस्कृत तत्सम र तद्भव शब्दहरूको लेखनमा शब्दस्रोतका साथै उपयुक्त वर्ण विन्यासका लागि शब्दकोश हेर्न र प्रयोग गर्ने अभ्यास गराउनु पर्दछ । कुनै शब्द लेखनका क्रममा वर्ण विन्यास सम्बन्धी अन्योलता देखिएमा शब्दकोश हेर्ने बानी बसालन लगाउनु पर्दछ ।

(१६) भाषा पनि एक विज्ञान हो । यसको शिक्षण कार्य एउटा जटिल प्रक्रिया हो । यस्तो विज्ञान पढाउने शिक्षक योग्य र तालिम प्राप्त हुनु आवश्यक छ । शिक्षकले राम्ररी बुझेमा मात्र अरूलाई बुझाउन सक्दछ । अर्कोतिर शिक्षण एक कला पनि भएकाले जानेको कुरा अरूलाई कसरी सिकाउने र बुझाउने भन्ने सीप विकासको लागि समेत तालिमको अपरिहार्यता टड्कारो देखिन्छ, जसबाट भाषिक शुद्धताको क्षेत्रमा ठोस योगदान हुन्छ ।

(१७) भाषिक शुद्धता र वर्ण विन्यासगत त्रुटिलाई न्यून गर्नका लागि शिक्षण विधिका साथै क्रियाकलापमा समेत विविधता ल्याउनु पर्ने आवश्यक हुन्छ भने शैक्षिक सामग्रीको प्रयोग गर्नु पनि त्यत्तिकै आवश्यक देखिन्छ । त्यसैले श्रुति लेखन, अनुलेखन, स्वतन्त्र लेखन जस्ता कार्यमा निरन्तरताका साथै प्रतिस्पर्धा समेत गराउनु पर्दछ ।

(१८) नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिक्ने विद्यार्थीहरूमा मातृभाषाको प्रभावले गर्दा उच्चारण तथा लेखनका क्रममा बढी त्रुटि हुने गर्दछ । यसकारण नेपाली विमातृभाषी छात्रछात्राहरूले त्रुटि गर्न सक्ने सम्भावित वर्ण विन्यास तथा शुद्धतालाई मध्य नजर गर्दै बढी प्रयोगात्मक अभ्यास गराउनु पर्दछ । यसबाट नेपाली भाषाको कथ्य र लेख्य रूपमा त्रुटिहरूलाई कम गर्न सकिन्छ ।

(१९) व्याकरण कुनै पनि भाषाको कानुन सरह नै हुन्छ । भाषाको क्षेत्रमा शुद्धता ल्याउनका लागि व्याकरणको ज्ञान र प्रयोग अति आवश्यक हुन्छ । अतः नेपाली भाषाको अध्ययनका लागि पनि यसको अपरिहार्यतालाई नकार्न सकिँदैन । त्यसैले नेपाली भाषा शिक्षण गर्दा भाषा र व्याकरणलाई अलग-अलग शिक्षण नगरेर एकीकृत शिक्षण गर्दा समेत सहयोग पुग्दछ ।

(२०) नेपाली शिक्षण विषयवस्तुको शिक्षणका लागिभन्दा भाषाको शिक्षणका लागि हो । तर वर्तमान परिवेशमा शिक्षण गर्दा विषयवस्तुलाई मुख्य र भाषालाई गौण मानेर शिक्षण गर्ने परम्परा पाइन्छ । त्यस कारणले विषयवस्तु र संज्ञानपरक शिक्षणको सट्टा भाषिक सिपमूलक र प्रयोगपरक ढङ्गले शिक्षण गर्नु पर्दछ ।

(२१) वर्ण विन्यास र भाषिक शुद्धता कायम राख्नका लागि यस कक्षा र तहका साथै हरेक कक्षा र तहहरूमा नेपाली भाषाको पाठ्यक्रम, पाठ्य पुस्तक र अन्य पाठ्य सामग्रीहरूको निर्माण गर्दा भाषाको स्तरीयता कायम राख्न सहयोग हुने किसिमले तयार गरिनु पर्दछ ।

(२२) भाषाको स्तरीयता प्राप्त गर्नका लागि कथ्यभन्दा लेख्यमा बढी जोड दिनु पर्दछ ।

(२३) वर्ण विन्यास सम्बन्धी त्रुटिलाई निराकरण गर्नका लागि कक्षाकार्य, गृहकार्य, श्रुति लेखन, अनुलेखन, स्वतन्त्र लेखन मात्र गराएर हुँदैन । यसका लागि कुन वर्ण, मात्रा, चिन्ह कहाँ प्रयोग गरिनु पर्दछ भन्ने जस्ता कुराहरू देखाउँदै विद्यार्थीहरूलाई प्रयोगात्मक अभ्यास गराउनु पर्दछ । लेखन गर्ने क्रममा सुरूमा वर्ण विन्यास अभ्यस्त नहुँदासम्म विद्यार्थीहरूलाई बढी सतर्कता अपनाउन सल्लाह दिनु पर्दछ ।

(२४) वर्ण विन्यासका क्षेत्रमा भएका नयाँ प्रयोग झर्रोवाद, हलन्त प्रयोग सम्बन्धी नवीन प्रयोग तथा प्रचलन सम्बन्धमा शिक्षक पुनर्ताजगी तालिमको व्यवस्था गर्ने साथै कार्यक्षेत्रमा प्रत्यक्ष रूपमा शिक्षण कार्यको अनुगमन, निरीक्षण, सुपरिवेक्षण कार्य गर्नु पर्दछ । पाठ्यक्रम, पाठ्य पुस्तक लगायतका सामग्रीमा रहेका त्रुटिहरूको पुनरावलोकन गरेर अर्को संस्करणमा संशोधन र परिमार्जन गर्ने गर्नु पर्दछ ।

(२५) शिक्षकहरूमा समेत शिक्षणका क्रममा होस् अथवा अन्य क्षेत्रमा वर्ण विन्यासका क्षेत्रमा कुनै समस्या आइपरेमा हचुवाको भरमा हतारमा समस्याको निकास र निष्कर्ष दिनुभन्दा सन्दर्भ प्रयोग गरी जवाफ दिने बानी बसाल्नु पर्दछ । त्यसैगरी भाषाको सुझबुझ तथा शुद्धता र स्तरीयता कायम गर्ने सम्बन्धमा केन्द्रीत रहेर शिक्षक बैठक, छलफल, भेटघाट आदिको प्रवन्ध मिलाउने गर्नाले पनि यी क्षेत्रसँग सम्बन्धित त्रुटिहरूलाई कम गर्न सकिने कुरामा दुईमत रहन्न ।

समग्रमा भन्नु पर्दा यो एक लघु अध्ययन हो । यस अध्ययनको क्षेत्र व्यापक नभई सीमित रहेको छ जसमा निश्चित क्षेत्रका समस्याहरू प्रति केन्द्रित भएर

ती समस्याहरूको खोजी गर्ने क्रममा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषाको लेखनमा गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन गरिएको हो । यसबाट निमावि तहको कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक दृष्टिकोणले वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन एवम् विश्लेषण भएकोले अध्ययनका सिलसिलामा आएका विभिन्न तथ्यहरूले यस क्षेत्रमा भएका कमी कमजोरीहरू देखाएका छन् । हालको शैक्षिक परिणामलाई हेर्दा सरकारी तथा निजी विद्यालयहरूमध्ये निजी विद्यालयकै नतिजा नै उच्च रहेको सन्दर्भमा समेत निजी विद्यालयहरूको यस क्षेत्रमा रहेका त्रुटिहरूलाई पनि त्यति कम रहेको मान्न सकिन्न । यसबाट के स्पष्ट देखिन्छ भने कक्षा ८ मा अध्ययनरत सरकारी तथा निजी विद्यालयका छात्रछात्राहरूको वर्ण विन्यासका क्षेत्रमा सिकाइको अवस्था सन्तोषजनक हुन नसकेको देखिन्छ । अतः यस अध्ययनबाट प्राप्त तथ्यगत कुराहरूलाई मध्यनजर राखेर दिइएको निष्कर्ष तथा सुझाबले वर्ण विन्यासका क्षेत्रमा शिक्षण गर्ने त्रुटिलाई निराकरण गर्न थप सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

## ५.३ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू

अनुसन्धान एक जटिल प्रक्रिया हो । यसले एकै पटकमा सम्पूर्ण पक्षहरूलाई समेट्न सक्दैन । अतः अनुसन्धान कार्य एक पटकमा पूर्ण हुने कार्य नभई यो निरन्तर रूपमा चलि रहने प्रक्रिया हो । प्रस्तुत अनुसन्धानलाई दाङ जिल्लाका चार वटा गाउँ विकास समिति अन्तर्गतका एक एक वटा सरकारी र एक एक वटा निजी विद्यालयहरूमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषाको लेखनमा गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययनमा सीमित गरिएको छ । कुनै पनि तहमा अध्ययनरत देशभरका सम्पूर्ण विद्यार्थीहरूले गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिको किसिम र त्यसको कारण भिन्न भिन्न हुन सक्ने भएकोले विद्यार्थीहरूले गर्ने त्रुटिको अवस्था पहिचान गरी सुझावहरू प्रदान गर्ने कार्य निरन्तर रूपमा गर्न सकेमा यस क्षेत्रमा केही न केही सुधार हुँदै जाने हुन्छ । नेपाली भाषाको लेखनका क्रममा प्रयोग हुने ह्रस्व-दीर्घ, य-ए, ब-व, ऋ-रि, ज्ञ-ग्यँ, श-ष-स, हलन्त-अजन्त, शिरिविन्दु-चन्द्रविन्दु, पदयोग र पद वियोग, आधावर्ण, मात्रा, रेफ्, पुरावर्ण जस्ता वर्ण विन्यास सम्बन्धी लेखनमा हुने त्रुटिहरूका सम्बन्धमा अरू थप अनुसन्धान कार्य हुनु आवश्यकता देखिन्छ । त्यसैले यस क्षेत्रमा भावी अनुसन्धानका लागि सम्भावित अनुसन्धान शीर्षकहरू निम्नानुसार रहेका छन् :

(क) उ.मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषाको लेखनमा गर्ने वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन ।

(ख) कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूले हलन्त - अजन्त, शिरविन्दु - चन्द्रविन्दु, पदयोग र पद वियोग समबन्धी लेखनमा गर्ने त्रुटिहरूको अध्ययन ।

(ग) निमावि तहमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले नेपाली भाषाको लेखनमा गर्ने त्रुटिहरूको अध्ययन ।

(घ) कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूले श-ष-स, य-ए, ब-व, ऋ-रि को लेखनमा गर्ने त्रुटिहरूको अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०५५) **नेपाली भाषा शिक्षण,** काठमाडौं, कुञ्जल प्रकाशन ।

……………………, (२०६२) **समासामयिक नेपाली व्याकरण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डर ।

……………………, (२०४०) **नेपाली वर्णविन्यासमा पाइने त्रुटिहरूको अध्ययन,** काठमाडौंः त्रि. वि. (लघु अनुसन्धान) ।

कर्णेल, उदयचन्द्र, (२०६४), **नेपाली भाषाको वर्णविन्यासमा समस्यापूर्ण रुपमा देखिएका शब्दहरूको अध्ययन,** (शोधपत्र) ।

खनाल, पेशल (२०६०) **शैक्षिक अनुसन्धान,** स्टुडेन्ट पब्लिसर्स एन्ड डिष्ट्रिब्यूटर्स कीर्तिपुर ।

गौतम, रामप्रसाद (२०६१) **भाषिक अनुसन्धान विधि,** दीक्षन्त पुस्तक भण्डार कीर्तिपुर ।

ज्ञवाली, बलराम, (२०५८) **कक्षा पाँच पूरा गरेका विद्यार्थीहरूले गर्ने वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.,कीर्तिपुर ।

डी. पी. भट्टाराई (२०६०) **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

त्रिपाठी, बासुदेव र अन्य, (२०४०) **बृहत् नेपाली शब्दकोश,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

नेपाली भाषा प्रकाशनि समिति (१९९१), **नेपाली कसरी शुद्धलेखने ?,** काठमाडौं ।

न्योपाने, गाणेशप्रसाद, (२०६३) **कैलाली जिल्ला कक्षा १० का विद्यार्थीहरूले गर्ने वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन,** (शोधपत्र) ।

पण्डित, हेमराज (१९६८), **चन्द्रिका,** काठमाडौं : लेखक ।

पन्थी, टीकाराम सम्पा. (२०५७), **नेपाली वर्णविन्यास विषयक अधिगोष्ठी,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान

बन्धु, चूडामणि, (२०३४) **अनुसन्धान प्रबन्धको रूप र शैली,** काठमाडौं : त्रि. वि. वि., पा. वि. केन्द्र ।

.................., (२०६७) **चन्द्रगढी घोषणा पत्र सम्प्रेषण** (वर्ष ६, अङ्क ६, पृ. १५-१९ सम्म) ।

बराल, कृष्णहरि र नेत्र एटम, (२०६१), **अनिवार्य नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, बद्रीविशाल (२०६१) **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी पुस्तक (प्रा. लि.) ।

भट्टराई, रामप्रसाद, (२०४३) **प्रमाण पत्र तहमा अध्ययन गर्ने विद्यार्थीको नेपाली व्याकरणिक कोटिसम्बन्धी त्रुटिविश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि., कीर्तिपुर (लघु अनुसन्धान) ।

भण्डारी, पारसमणि (२०६७) **भाषिक अनुसन्धान विधि,** काठमाडौं : पिनाकल पब्लिकेशन ।

भावुक, नवीन (सम्पादक), (२०६२) **सम्प्रेषण अङ्क २,** नेपाली भाषा शिक्षा विभाग त्रि. वि. कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश, (२०५४) **अनिवार्य नेपाली व्याकरण र रचना,** काठमाडौं : आठराई पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र, (२०४१), **निम्नमाध्यमिक तह पूरा गरेका आवासीय र साधारण विद्यालयम अध्ययनरत विद्यार्थीहरूको नेपाली वाक्यगठनसम्बन्धी त्रुटि पक्षको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि., कीर्तिपुर (लघु अनुसन्धान) ।

लम्साल, रामचन्द्र (२०६२), **नेपाली भाषा र व्यकरण,** काठमाडौं : सनलाइट पब्लिकेसन ।

शर्मा मोहनराज, (२०६१) **शब्दरचना र वर्णविन्यास,** वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू, काठमाडौं : नवीन प्रकाशन ।

शिवाकोटी, बलराम (२०४८) **माध्यमिक तहमा अध्ययन गर्ने शिक्षार्थीहरूले वर्णविन्यासमा गर्ने त्रुटिविश्लेषण एक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि., कीर्तिपुर ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६३), **प्रशकासन सम्पादन शैली,** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

शैली पुस्तिका निर्माण उपसमिति (२०६६), **नेपाली वर्णविन्यास,** गरिमा (पूर्णाङ्क २३३ असोज : ५-१७) ।

सापकोटा, अम्बिका (२०५५) **कक्षा -७ पूरा गरेका विद्यार्थीहरूले वर्णविन्यासमा गर्ने त्रुटि विश्लेषण एक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि., कीर्तिपुर ।

सिग्द्याल, सोमनाथ, (२०४८), **मध्यचन्द्रिका,** साझा प्रकाशन, ललितपुर ।

सुवेदी, देवीप्रसाद (२०४८) **वर्णविन्यास : एक चिनारी,** काठमाडौं : नेपाली भाषा सेवा केन्द्र ।

सुवेदी लालानाथ प्रा. डा. हरिप्रसाद पराजुली (२०५७) **नेपाली वर्णविन्यास** साझा प्रकाशन काठमाडौं ।

# परिशिष्ट - क

## अध्ययनका क्रममा परीक्षणका निमित्त उपयोगमा ल्याइका सामग्रीहरू

**प्रश्नावली -१**

**सामग्री सङ्कलनका क्रममा प्रयोग गरिएका शब्दहरू**

**(क) ह्रस्व दीर्घ सम्बन्धी प्रयोग**

मिति, ठुलो, चिनी, विज्ञान, प्रतिज्ञा, कविता, मानिस, गणित, पछाडि, अनि, पनि, बहिनी, यी, बीस, टीका, तिनीहरू, परीक्षा, तृतीय, समूह, गौरी, पानी साठी, असी ।

**(ख) ह्रस्व इकार र उकार सम्बन्धी प्रयोग**

मिति, विनाकारण, तिमी, त्रिसट्ठी, सिता, उनी, त्रिपन्न, कुरा, किताब, घिउ, किताब, दिन, विमान, हिसाव, मन्दिर, मानिस, प्रतिज्ञा, कविता, गइन्, भनिन, संगिनी, भन्छिन, अमिलो, बिहीवार, बलियो, पिसीनु, सुनि, सकेकी, अनुपस्थिति, शरीर मानिस, भोलि, नाति, पति, दाइ, अगाडि, अनि, वारि, निम्ति, मुनि, सुत्नु, कुकाठ, दुर्व्यवहार, गुण, भुसुक्क, कुन, सुन, उनी, कुविचार, कुपुत्र, मुजुर, हजुर, लुसुक्क, अवगुण, बाटुलो, नमुना, ढुकुर, भिनाजु, फुपाज्यु, बिर्सनु, रमाउनु, तराजु ।

**(ग) दीर्घ ईकार र ऊकार सम्बन्धी प्रयोग**

ती, यी, तीन, बीस, जीवनी, दूध, टीका, सीता, परीक्षा, अतीत, शिरिष, उर्त्तीण, गम्भीर, एक्काईस, पच्चीस, प्राचीन, समकालीन, बिहीवार, पानी, राती, उनी, यिनी, हामी, बहिनी, काली, साईली, ऊ, पूजा, रूख, बूढो, सूर्य, न्यून, मूल्य, पूज्य, सूत्र, शून्य, मूर्ख, समूह, सम्पूर्ण, आभूषण, पियूष, आफूले, प्रदूषण, अनुभूति, बहुमूल्य, कुतूहल, नाँचून, आफू, पढूँ, फुपू, भाउजू, जाऊ, लिम्बू, बाबू, बनाऊ ।

**(घ) 'श' - 'ष' र 'स' वर्ण सम्बन्धी प्रयोग**

शिर, शिव आशय शीला अवकाश विश्व, पाठशाला वैशाख पशुपति अंक शिक्षक शुक्रबार, पोषण, विशेषण, भूषण, शिष्य, विशेष, रूष्ट, कृष्ण, कृषक, षट्कोण, उष्ण, शौम्य,

शहिद, लाश, सुशील, मयिजद, शहर, सास, सत्तरी, सान्त्वना, सयपत्री, असोज, बादशाह, मुसो, स्कूल, सुरक्षा, सम्बोधन, दास, पुस्तक, पसल ।

**(ङ) 'य' र 'ए' वर्ण सम्बन्धी प्रयोग**

गरिमामय, वाचनालय, यस्ता, गायिका, यन्त्र, डायरी, यी, विद्यालय, भरिया, भारतीय, जय, समय, रामायण, खयर, पायल, यिनी, यकिन, यदि, खाएन, पियन, एक्कासी, एकानब्बे, एक, एकतीस, खाएर, दिइएको, लेसिएको, सकिएको ।

**(च) 'ब' र 'व' वर्णको प्रयोग सम्बन्धी**

बखत, बैंस, बिर्सन्छ, बिकाम, बुधबार, बेकाम, ठुलाबा, बासमती, बालक, अखबार, कबुलियत, सुब्बा, बबई, बेकार, बदमास, विचार, वर्तमान, सेवा, व्याख्या, विष्णु, वायु, अवयव, वातावरण, जीवन, ओकील, वर, लावा, वनस्पित, गुणवान, गन्तव्य, वरिपरि, अनुभव, शिव, भावना ।

**(छ) 'क्ष' र 'छे' वर्णको प्रयोग सम्बन्धी**

अक्षता, क्षमा, क्षेत्रफल, आरक्ष, निक्षेप, पक्ष, परीक्षा, शिक्षा, अक्षर, क्षमता, छेस्किनी, छेक, छेपारो, छेउ, छेडछाड, छेलो, पछेउरी ।

**(ज) 'ज्ञ' र 'ग्यँ/ग्याँ' वर्णको प्रयोग सम्बन्धी**

अज्ञान, जिज्ञासा, ज्ञापनपत्र, विज्ञान, ज्ञात, प्रतिज्ञा, ग्यास्टिक, ग्याँस ।

**(झ) 'ऋ' र 'रि' वर्णको प्रयोग सम्बन्धी**

ऋचा, ऋण, ऋतु, रीति, रिस ।

**(ञ) हलन्त र अजन्त सम्बन्धी प्रयोग**

सङ्क्षिप्त, छुट्ट्याउन, भनिन्, बस्छन्, सुन्नुहोस्, हुन्, होलान्, चरन, घर, कलम, दनदन, खाएन, जापान ।

**(ट) शिरविन्दु र चन्द्रविन्दु सम्बन्धी प्रयोग**

संयोग, संज्ञा, खायौं, अंश, संवाद, संसार, सँग, खान्छौँ, हामीसँग, नयाँ, आउँछ, दायाँ, कहाँ, डाँको, सकिँदैन, आखाँ, जाँड ।

**(ठ) पदयोग र पद वियोग सम्बन्धी प्रयोग**

कुकर्म, रामसँग, घरपछाडि, काठमाडौँबाट, माछापुच्छ्रे, खाइसक्नुपर्छ, नजाऊ, नसोध, राम घर गयो, हामीहरू त, जाँदै छु, भनेको थिए, रामको लागि, सन्चो न बिसन्चो ।

**(ड) अन्य प्रकारका त्रुटि सम्बन्धी प्रयोग**

रहेछ, अध्ययन, थाहा कपायौँ, सुतेको छ, कहाँ हो, अध्याय, प्रधानाध्यापक, महाविद्यालय, महाराज, त्यहाँ, त्यसको, सम्पर्क, समाधान, पानी, विद्या, समाचार, साधारण, दिदी, ठीक, सुविधा, दयालु, मानिस, सीता, राजधानी, उसको, धनवान्, हाम्रो, सफलता, फ्वात्त, किनभने, च्यापेको, छक्क, घोडा, नाडी, जान्छौँ, राजगद्दी, विधा, उदाहरण, प्रगतीपथ, भ्रष्टाचार, टाढा, साग, प्रमाण, व्यवस्था, प्रकाश, खुर्पेटो, घिर्नी, अर्को, पदर्शन, मर्मत, सुर्खेत, कर्म, भर्खर, सर्प ।

# परिशिष्ट - ख

## सामग्री सङ्कलनमा प्रयोग गरिएका प्रश्नावली

१. तलि दिएका शीर्षकहरू मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् ।

क) वन्य जन्तु र वातावरणको सम्बन्ध

ख) कानुनको महत्त्व

ग) मेरो जीवनको लक्ष्य

२. तल दिइएको अनुच्छेद पढी आवश्यकता अनुसार लेख्या चिन्ह प्रयोग गरी शुद्धगरी सार्नुहोस् ।

मनुलाई खाना अुवाउन भने किनै गाह्रो पर्दथ्यो कारण उसलाई खुवाउने बेलमा हातमा गाँस लिएर निकैवेर सम्म को खाई को खाई नभने सम्म मुखै खोल्दैन थ्यो ऊ छोराको मुखमा गाँस राखिदिए पछि पनि पूर्णकलालाई सुन्तुष्ति कहाँ हुन्थ्यो र ? कारण मुखमा राखिदिएको गाँस नचपाइदिएर आमालाई दिक्क पार्दथ्यो मनु । कहिलेकाहीँ भने जति नै फकाएर खुवाउन खोजे तापनि खानका निम्ति मुखै नओलि दिएर मानौं आमाको धैर्यको परीक्षा नै लिएको झैं गर्दथ्यो ऊ । (कक्षा ८ 'मनु' कथाबाट साभार)

३. समावेशी शिक्षाको विाष्यमा राम र श्यामका बीच सम्बाद तयार पार्नुहोस् ।

राम :

श्याम :

४. खाली ठाउँमा मिल्दो शुद्ध शब्द भरेर पूरा गर्नुहोस् ।

क) गाई........ (दुधालु/दूधालु छ)

ख) .................(त्रिपन्न, त्रीपन्न) वर्षपछि बुढो रूख ढल्यो ।

ग) अपराधीले ...........(कानुन/कानून) अनुसार सजाय पाउने व्यवस्थाका लागि जनताहरू आन्दोलन......................(गरिरहेका/गरीरहेका) छन् ।

घ) श्रीमतीले ........(पति/पती) ले भनेको नमान्दा भएको झगड..........( अगाडि/अगाडी) बढ्दै जाँदा उनीहरूले दुनियाँ..............हसाइ/हँसाई गहिरो...............(प्रीति/पिति) अवमूल्यन गरे ।

ङ) ................(तीन/तिन) दिनसम्म मगर्ने...................(भुगोल/भूगोल) को भ्रमणमा विद्यार्थीका .........................(चित्कार/चीत्कार) कसैले ........................( नसुनुन्/नसुनून्) ।

च) ....................... (परीक्षा/परिक्षा) को अघिल्लो दिन.................( शारिरिक/शारीरिक) शिक्षाको विषय .................... (क्षेत्रिय/क्षेत्रीय) नभएको कारण रद्द गरियो ।

५. तल दिइएका वाक्यहरू शुद्ध गरी सार्नुहोस् ।

क) सुचनामा के कूरा उल्लेख भएको थियो ?

ख) मैले निबेदन दिएकि छु ।

ग) म कक्षाको पहीलो भयर भएको थें ।

घ) म एक विद्यालयको अनुसासिट र नीयमित छात्र हुँ ।

ङ) तइले पढेको छस ।

(साभार हाम्रो नेपाली किताब कक्षा ८)

# परिशिष्ट - ग

## अध्ययन अनुसन्धानमा सहयोगी विद्यालयहरू

| विद्यालयको नाम | ठेगाना |
|---|---|
| १. श्री हापुर उच्च माध्यमिक विद्यालय | निधुवार दाङ |
| २. ग्रेटबुद्ध इ. नेशनल ऐकडेमी | चरवगिया नारायणपुर दाङ |
| ३. श्री सिद्धरत्ननाथ नमुना उ.मा. वि. | नारायणपुर दाङ |
| ४. श्री माध्यमिक विद्यालय | सौडियार दाङ |
| ५. श्री पशुपति विद्याश्रम | नारायणपुर दाङ |
| ६. श्री शान्तिसुधा आवासीय उ. मा. वि. | घोराही दाङ |